# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक पूर्णाङ्क ११३

मूल्य रु. २५/-, भारतमा भा.रु. २०/-



## कस्तो छ बेलायतको संवैधानिक राजसंस्था ?



# राजाको प्रत्यक्ष शासनको एक वर्ष

## द्वन्द व्यवस्थापनका महत्वपूर्ण विदेशी अनुभवहरु

## माओवादीको नयाँ निर्णयले देखाएको संकेत



"... केही सपना छोराछोरीले पूरा गर्छन्
केही सपना मायोज़ ले...
आफ्ना उपभोक्ताहरूको हर-खुशीका पलहरूमा साथ दिन मायोज़ प्रस्तुत गर्दछ - १२३ मायोज़ डाइमण्ड अफर । १२३ वटा हिराका हारहरू तपाई र तपाईका प्रियजनहरूको लागि सर्वोत्तम उपहार ।
DIAMOND LOCKET
123
mayos
Diamond
अफर
१, २ र ३ नम्बर अंकित कुपनहरू जम्मा गरी मायोज़को पूरा प्याकेट मिलाउनुहोस् र नजिकको पसलबाट पाउनुहोस् १ (एक) प्याकेट मायोज़ तैयारी चाउचाउ सितैमा
साथमा, दर्जनौं किसिमका मनमोहक BREAKIES
Wonderful Mayos Noodles
mayos
चाँडै गर्नुहोस्, यो योजना सीमित अवधिको लागि अधिराज्यभर लागू गरिएको छ ।
हिराका हारहरूका लागि नजिकको डिलर वा हिमालयन स्न्याक्सको मुख्य कार्यालयमा सम्पर्क गर्नुहोस् ।
उपहार सम्बन्धी सम्पूर्ण निर्णयहरू कम्पनीमा निहीत हुने छ ।
Avenues 2003

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष- २२, पूर्णाङ्क- ११३
कार्तिक-मंसिर- २०६०



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**सम्पादक**
हरिगोविन्द लुइँटेल

**सम्पादक मण्डल**
गोविन्द वर्तमान
तुल्सीदास महर्जन
राजेन्द्र महर्जन
विष्णुदेवी श्रेष्ठ

**प्रबन्ध निर्देशक**
स्नेह सायमि

**कार्यालय व्यवस्थापक**
वीरप्रसाद भंसारी

**बजार व्यवस्थापक**
दुर्गा खड्का
जमुनाप्रसाद चौधरी

**व्यापार प्रबन्धक**
श्रीबहादुर खड्का



**अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.**
का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
क - ३/८०, टेकु, काठमाडौं-१२
फोन/फ्याक्स : २६८७९१ /२१९०८५
पो. ब. नं. ७०५०, काठमाडौं
*इमेलहरु* : yuwa@ntc.net.np,
yuwamonthly@yahoo.com

**मूल्य : रू. २५/-**




## प्रत्यक्ष शासनको १ वर्ष

**देश प्रभाकर शमशेरले भनेकै बाटोमा हिंड्दैछ**
राजेन्द्र दाहाल

**'कन्स्ट्रक्टिभ' राजाको 'प्रोएक्टिभ' वर्ष दिन**
खगेन्द्र संग्रौला

**राजनीति र अर्थशास्त्रका तथ्यहरुले के पुष्टि गर्छन् ?**
हरि रोका


**शून्यबाट शून्यसम्मको यात्रा**
कृष्णज्वाला देवकोटा

## कस्तो छ बेलायतको संवैधानिक राजसंस्था ?

बेलायती राजसंस्थाका विशेषताहरुको चिरफार



**• नेपाल सम्बत् अन्तर्राष्ट्रिय रूपमा चलेको सम्बत् पनि हो** - *प्रा. माणिकलाल श्रेष्ठ*





**हाम्रो मूल्यांकन**
● बौद्धिक समुदाय र नागरिक समाजको दायित्व ४

**आवरण कथा**
● 'कन्स्ट्रक्टिभ' राजाको 'प्रोएक्टिभ' वर्ष दिन - *खगेन्द्र संग्रौला* ५
● प्रत्यक्ष शासनको १ वर्ष - राजेन्द्र दाहाल ६
● राजनीति र अर्थशास्त्रका तथ्यहरुले के पुष्टि गर्छन् ? - *हरि रोका* ९
● शून्यबाट शून्यसम्मको यात्रा -*कृष्णज्वाला देवकोटा* १२

**घटना र प्रवृत्ति**
● पाँचदलको आन्दोलनको भाग्य र भविष्य - *नारायण ढकाल* १३
● राप्रपा प्रतिगमनलाई सुदृढ गर्ने दिशामा - अमर गिरी १५
● के सहज छ, शरणार्थीहरुको फिर्तीपछिको जीवन ? - *हिरण्यलाल श्रेष्ठ* १८

**पर्दा / रंगमञ्च**
● वृत्तचित्रमा विचारको प्रश्न १६

**कम्युनिष्ट विश्व**
● पिपुल्स वार र एमसीसीबीच एकीकरण १७

**विश्वग्राम**
● सन्दर्भ बाहिरका मान्छे एडवर्ड सईद - *सी.के. लाल* २०
● फासीवादको चिरफार - *राजेन्द्र महर्जन* २२

**बहस**
● बहसोन्मुख बन्दैछ नेपाली नारीवाद - *सुधा त्रिपाठी* २६

**साहित्य / कविता**
● नाटक - *के. एल. पीडित* २७

**दर्शन**
● बुद्ध दर्शनका विशेषताहरु - *प्रज्ञानरत्न* २८

**संस्कृति**
● मिथक हाम्रो सांस्कृतिक चिन्तनको स्रोत - *डी. आर. पोखरेल* ३०

**किताब**
● यथार्थको काव्यिक प्रस्तुति ३४

**स्वास्थ्य**
● हेपाटाइटिस 'बी' रोगबाट कसरी बच्ने ? - *डा. सन्तोषमान श्रेष्ठ* ३५

**इतिहास**
● नेपाल सम्बत् अन्तर्राष्ट्रिय रुपमा चलेको सम्बत् पनि हो - *प्रा. माणिकलाल श्रेष्ठ* ३६

**अनुसन्धान**
● कस्तो छ बेलायतको संवैधानिक राजसंस्था ? - *श्याम श्रेष्ठ* ३८
● माओवादी द्वन्द्व समाधान : विगतका कमजोरी र भविष्यको बाटो - *डा. विष्णुराज उप्रेती* ४१
● माओवादी पोलिटब्यूरोको निर्णयले देखाएका संकेतहरु ४४
● **पाठकको कुरो** : ४६



आवरण सज्जा : टाइम्स क्रिएशन, पुतलीसडक, फोनः ४४१००५९ । कभर फोटो : श्री ५ ज्ञानेन्द्र । फोटो : मीन बज्राचार्य ।
इन्सेट फोटो : बेलायतकी महारानी एलिजावेथ द्वितीया । कलर सेपरेशनः पोलिइमेज, फोनः ४२५२५७१ । कलाकारहरुः लक्ष्मण भुजेल, जि.डि. सारु, यति ग्राफिक्स, फोन : ४४३०७५२ । मुद्रणः इन्द्रेणी अफसेट प्रेस, फोनः ४७७१४४८ ।

बौद्धिकहरु र नागरिक समाजले नेपालमा बन्नुपर्ने नयाँ संविधानको खाका किन कोर्न नथाल्ने ? र, यसको निम्ति "जनताको संविधान आयोग" अहिलेदेखि नै बनाउन किन नथाल्ने ?

# बौद्धिक समुदाय र नागरिक समाजको दायित्व

**नेपालको** लोकतन्त्र अहिले गम्भीर संकटमा छ । देशमा न निर्वाचित संसद् छ, न चुनिएको स्थानीय निकाय, न त जनताप्रति उत्तरदायी निर्वाचित सरकार । वि.सं. १९८८ मा पहिलो राजनीतिक पार्टी 'प्रचण्ड गोर्खा' स्थापना भएयता नेपाली जनताको सत्तरी वर्षभन्दा लामो राजनीतिक संघर्षबाट हासिल गरिएका सम्पूर्ण लोकतान्त्रिक संस्थाहरू अहिले समाप्तप्रायः पारिएका छन् । संविधानको धारा १२७ एउटा जीवित र सक्रिय छ, बाँकी सम्पूर्ण संविधान निष्प्राण र निष्क्रिय तुल्याइएको छ । देश केवल हुकुम र अध्यादेशबाट चलेको छ । नेपालमा तीसवर्षे निरंकुश पंचायतकालमा पनि लोकतान्त्रिक संस्थाहरूको यति ठूलो अनिकाल भोग्नु परेको थिएन । अब त देशमा नागरिक प्रशासनको अस्तित्वसमेत नामेट हुनलागेको छ । शासन र प्रशासन सबैमा बन्दूक नै सर्वेसर्वा भएको छ ।

इतिहासमा कुनै क्षण अन्धकार हुनु नै खराब कुरा होइन । अन्धकारको बेला उज्यालो खोज्न संघर्ष गर्नेहरू, तम्सनेहरू नहुनु खराब कुरा हो । नेपालमा अहिले त्यही खराब भएको छ । देशमा लोकतन्त्रको यति ठूलो बिचल्ली भएको बेला लोकतन्त्रका लागि सारा जीवन समर्पण गरेका दलहरू निरंकुशतन्त्रका प्रतीकहरूबाट लोकतन्त्रका 'शुभ संकेतहरू' प्राप्त होलान् भनेर आँखा ओछ्याएर बसेका छन् । योभन्दा ठूलो विडम्बना अरू के हुनसक्छ ? नेपालमा लोकतन्त्रवादी भनिएका ठूला राजनीतिक दलहरू अहिलेजस्तो निरीह र दयानिर्भर इतिहासमा कहिल्यै थिएनन् । यो निरीहता नै अहिलेको सबैभन्दा ठूलो चिन्ताको विषय भएको छ ।

प्रतिगमनविरोधी पार्टीका सबै नेता, कार्यकर्ताहरूले निरीहताको यो स्थिति अन्त्य गर्न जबर्जस्त कदम उठाउने बेला आएको छ । कृपा र दयाबाट विश्वमा कतै पनि गुमेको लोकतन्त्र हासिल भएको इतिहास छैन । संघर्ष, संघर्ष र फेरि पनि संघर्षले मात्र गुमेका लोकतान्त्रिक हकहरू प्राप्त हुनसक्छन् । राजदूतहरूले झुक्याए भनेर दोष उनीहरूका थाप्लामा थुपारेर चोखिन खोज्नु संसद्वादी दलहरूको आत्मरति मात्र हो । झुक्किन र बारम्बार थाङ्नामा सुत्न तयार हुनेहरू होउञ्जेल झुक्याउनेहरू जहिले पनि र जहाँ पनि भइरहन्छन् । मूल कुरो संघर्षको लागि दरो पाइला उठाउन तयार भइसकेपछि लक्ष्य प्राप्त नहुञ्जेल हिँडिरहने अठोट लोकतन्त्रका यात्रीहरूमा हुनुपर्‍यो ।

यथार्थमा प्रतिगमनकारीहरू ज्यादै थोरै छन्, प्रतिगमनविरोधीहरू ज्यादै धेरै छन् । सडक र जंगल दुवै ठाउँमा उनीहरू बलवान स्थितिमा छन् । तथापि किन प्रतिगमनकारीहरू नै ज्यादा हावी भएर आइरहेका छन् ? यो प्रश्नमाथि सबैले चिन्तन-मनन गर्नुपर्ने आवश्यकता छ । प्रतिगमनविरोधी सबै जनपक्षीय शक्तिहरू एउटा साझा न्यूनतम एजेण्डामा आधारित भएर मिल्नसक्दा मात्रै प्रतिगमनलाई परास्त गर्न सकिन्छ । लोकतन्त्रका पक्षधर शक्तिहरूबीचको आपसी फूट, वैमनश्य र विश्वासको संकट नै प्रतिगामीहरू बलवान भइराख्नुको मुख्य कारण हो ।

नेपालको अहिलेको परिस्थितिमा लोकतन्त्रपक्षधर जनपक्षीय राजनीतिक दलहरू, खासगरी आन्दोलनरत राजनीतिक दलहरू, नेकपा माओवादी र संयुक्त वाममोर्चा आफ्नै पहलकदमीमा आफैं मिल्ने स्थिति अहिलेसम्म देखिएको छैन । सबैका एजेण्डाहरू अध्ययन गरेर एउटा साझा न्यूनतम अग्रगामी एजेण्डा तयार गरी नागरिक समाज र बौद्धिक समुदायले उनीहरूबीचको मिल्तिका लागि परिस्थिति सिर्जना गरिदिनु र त्यसको लागि सशक्त जनदवाव सिर्जना गर्नु नितान्त जरूरी भइसकेको छ । नागरिक समाज र बौद्धिक समुदाय भनेका समाजका निर्णायक शक्तिहरू होइनन्, राजनीतिक दलहरू नै देशका प्रमुख शक्ति हुन् । तैपनि जब राजनीतिक दलहरू यति निरीह र दिशाविहीन बन्छन्, बौद्धिक समुदाय र नागरिक समाजले उनीहरूलाई सही ट्र्याकमा ल्याउन ज्यादै महत्वपूर्ण भूमिका खेल्न सक्छन् । अहिले नेपालमा त्यही भूमिकाको खाँचो छ ।

अहिले नेपालमा जुन द्वन्द्व छ, त्यसको चुरो कुरा शक्ति बाँडफाँडको प्रश्न हो । आजको एक्काइसौं शताब्दीमा जनताको शक्ति के कति हुनुपर्ने ? राजसंस्थाको शक्ति के कति हुनुपर्ने ? राजसंस्था नै हुनु पर्ने कि नपर्ने ? उपेक्षित र उत्पीडित जाति, भाषाभाषी, मधेशी र दलितहरूको शक्ति के कति हुनुपर्ने ? अल्पसंख्यक धर्म र समुदायको हक र शक्ति के कति हुनुपर्ने ? महिलाहरूको र गरीखाने मजदूर र किसानको हक र शक्ति के कति हुनुपर्ने ? वास्तवमा आजको द्वन्द्वका मूलभूत प्रश्नहरू यिनै हुन् । सारमा प्रश्न गएर सत्ता र शक्तिको न्यायपूर्ण र समतामूलक बाँडफाँडमा अड्केको छ । बौद्धिक समुदायले र नागरिक समाजले नेपालले अहिले झेलिरहेको द्वन्द्वको दिगो समाधानका लागि शक्ति बाँडफाँडको सवालमा एउटा लोकतान्त्रिक खाका खिचन महत्वपूर्ण भूमिका खेल्न सक्छन् । उनीहरूले जनताको सर्वोच्चता, सम्प्रभुता र लोकतन्त्रको पूर्णतालाई केन्द्रबिन्दुमा राखेर सबैलाई मान्य हुनसक्ने वैकल्पिक साझा सहमतिको एजेण्डा तयार पार्न महत्वपूर्ण भूमिका खेल्न सक्छन् । यो भूमिका खेल्ने बेला नेपालमा आइसकेको छ ।

उनीहरूले अब नेपालमा बन्नुपर्ने नयाँ संविधानको खाका किन कोर्न नथाल्ने ? र, यसको निम्ति 'जनताको संविधान आयोग' अहिलेदेखि नै बनाउन किन नथाल्ने ? उनीहरूले नेपालमा अब हुनुपर्ने व्यापक आर्थिक-सामाजिक परिवर्तनको साझा एजेण्डा किन तयार पार्न नथाल्ने ? देशको यतिखेरको आवश्यकता यी आधारभूत सवालहरूमा देशव्यापी सार्थक बहस, छलफल एवं चिन्तन-मनन हो । यो आवश्यकता पूरा गर्न बौद्धिक समुदाय र नागरिक समाजले ठूलो भूमिका खेल्न सक्छन् । वास्तवमा द्वन्द्वको हलो जहाँ गएर अड्केको छ, त्यही आधारभूत सवालमा सार्थक बहस-छलफल हुनसक्यो भने र त्यो छलफल जनव्यापी हुन सक्यो भने अहिलेको गतिरोध र दिशाविहीनता धेरै हदसम्म अन्त्य हुनसक्छ । ❑



# 'कन्सट्रक्टिभ' राजाको 'प्रोएक्टिभ' वर्ष दिन

❑ खगेन्द्र संग्रौला

एक पाक्षिकलाई 'निगाह बक्स' भएको अन्तर्वार्तामा महाराज ज्ञानेन्द्रबाट आफू प्रोएक्टिभ मोनार्क नभई कन्सट्रक्टिभ मोनार्क बन्न यत्नशील रहेको कुरा प्रकट भएको छ । उसो त बहुदलीय प्रजातन्त्रप्रेमी समाजले निर्दलीय 'पञ्चभेला'को संज्ञा दिएको विराटनगर मेलामा मौसूफबाट एक्साइसौं शताब्दीको उदार नरेश बन्ने आकांक्षा पनि अभिव्यक्त भएकै हो । असोज १८ पछि अर्को झन् असजिलो असोज १८ आएर गइसक्यो । यसबीच राजन्को वर्ष दिनको प्रत्यक्ष शासनले जनजनका मनमा राजन्को चिनारीको यथार्थपरक बिम्ब निर्माण गरिसकेको छ । यो बिम्ब रचनात्मक नरेशको बिम्ब नभई क्रियाशील नरेशको बिम्ब हो । यो बिम्ब मौसूफ स्वयंको आशयसित सरासर बाझेको छ । न त रचनात्मक नरेश, न त एक्काइसौं शताब्दीका उदार नरेश । जे कुरा 'रचनात्मक' र 'उदार'को विपरीत हो, मौसूफको बिम्बमा झल्किने अर्थको सोझो सार त्यही नै हो ।

नवनरेशको प्रत्यक्ष शासनको वर्ष दिनलाई 'बुमराङ'को वर्ष दिन भनी बुझ्न सजिलो हुन्छ । अरूलाई ताकिएको तीर फर्केर आफ्नै कन्चटमा ठोकिन आउने क्रियालाई अङ्ग्रेजीमा बुमराङ भनिन्छ । कार्यकारी अधिकार स्वयं ग्रहण गर्दा राजाबाट नागरिक प्रधानमन्त्री देउवालाई 'असक्षम'को अभियोग लगाइयो । बेलामा चुनाव गराउन नसक्नु नै देउवाको कसुर थियो । ६ महिना बित्यो, र राजाबाट नियुक्त 'स्वच्छ छवि'हरूको 'सक्षम' सरकारले चुनाव गराउने दिशामा एउटा सिन्कोसम्म भाँच्न पनि सकेन । र, बेंधो दिमाग र बेंधो जिब्रो भएका देउवा महोदयले भन्ने मौका पाए- को असक्षम ? म कि राजा स्वयं ? यो भयो पहिलो बुमराङ ।

***प्रत्यक्ष शासनको एक वर्ष***

असोज १८ को कदमको औचित्य सिद्ध गर्न गत बाह्र वर्षको नागरिक शासनमाथि कुशासन र भ्रष्टाचारको आरोप लगाइयो । र, यी दुई आरोपको जगमाथि सुशासन र भ्रष्टाचारमुक्तिको नाटक गर्न थालियो । यो नाटक पात्रको आचरणलाई अत्तो थाप्ने आधार बनाएर लोकतान्त्रिक परिपाटीकै जरो उधिन्ने अभियान थियो । जब सम्पत्ति जाँचबुझ आयोगले राजनीतिक दलका नेताहरूको सम्पत्तिमाथि औंला ठड्यायो, त्यसको प्रत्युत्तरमा नेताहरूका औंला दरबारतिर ठडिए । र, एकसाथ अनेक प्रश्नहरू ताँती लागे । भत्ता भोगचलन गर्ने पात्रहरू घटेको याममा दरबारको भत्ताचाहिं किन त्योबिधि बढेको हो ? राजा वीरेन्द्रको त्यत्रो जायजेथा कसबाट ग्रहण गरियो ? उचनीचको विभेद नगरी सबै कानून र मर्यादाको अधीनमा रहने युगमा नागरिक नेताहरूसँगै मौसूफले पनि आफ्नो सम्पत्ति सार्वजनिक गर्ने कृपा गर्ने कष्ट गरिदिए कसो होला ? यसरी राजन् महोदय समक्ष म ताक्छु मुढो, बन्चरो ताक्छ मेरो घुँडो भनेझैं अर्को बुमराङ आइलाग्यो । यो भयो दोस्रो बुमराङ ।



श्री ५ ज्ञानेन्द्र

बाह्र वर्षको कुशासन र भ्रष्टाचार !! यो लोकतन्त्रको आगमनसँगै आफ्नो स्वर्गीय सुख गुमेका पूर्वपञ्च र असोज १८ पछि पूर्वपञ्चको लाममा उँभिएका भोगवादी नवपञ्चहरूको प्रिय तोत्र बन्यो । निर्दलीय परिपाटी राम्रो, बहुदलीय परिपाटी नराम्रो । राजाको प्रत्यक्ष शासन राम्रो, जननिर्वाचित नागरिक शासन नराम्रो । तोत्रजीवीहरूको मनशाय यही थियो । के बाह्र वर्षअघि यस मुलुकको सत्ताराजनीतिमा सुशासन र सदाचार थियो त ? यो भ्रष्टाचारी राज्य-संरचनाको निर्माता को हो ? के गत करिब अढाइ सय वर्षको शासन सदाचारयुक्त सुशासन हो ? वर्षको हिसाबले कुशासन र भ्रष्टाचारको जति अपजस आफ्नो भागमा पर्छ, बहुदलवादी नेताहरूलाई त्यो सकार्न करै लाग्छ । तर बाँकी सवा दुई सय वर्षको कुशासन र भ्रष्टाचारको अपजस नेपालका नानावली अनुहार भएका राजतन्त्रहरूले नसकारे अरू कुन अदृश्य शक्तिले सकारिदेला ? विधिको शासन रूचाउने र शासनमा व्यक्ति विशेषको स्वेच्छाचारलाई नकार्ने सचेत नागरिकहरूका मुखबाट यी प्रश्नहरू गुन्जिए । यो भयो तेस्रो बुमराङ ।

मौसूफबाट शासनभार ग्रहण गरिंदा विदेशी र स्वदेशी साहुहरूका मनमा दलहरूले सकेनन्, अब राजाको प्रत्यक्ष शासनमा शान्ति-सुरक्षाको अवस्था सप्रिएला र लगानीको फल राम्रो होला भन्ने आशा थियो होला । सके तिनलाई त्यस्तो आश्वासन दिई ढुक्क तुल्याइएको हुँदो हो । तर यथार्थ भइदियो त्यसको उल्टो । बाहिरफेरका कुरा किन, राजधानीमा, दरवारको गजुरको छेवैमा प्रहरी र सेनाका उच्च अधिकारीहरूको बध भयो । माओवादीसँग न त संवादको माध्यमले सहमतिमा पुग्ने कार्यमा प्रगति भयो, न त बलले मिचेर त्यसलाई तह लगाउने कार्य नै फलिफाप भयो । असोज १८ को बढाइँमा दीपावली गर्ने स्वदेशी साहुहरूका आशामा तुषारापात भयो र मौन मुद्रामा असोज १८ को स्वागत गर्ने विदेशी साहुहरूका चित्तमा सन्तापको आगो सल्क्यो । यसरी आफन्तहरूका आशा घोर निराशामा फेरियो । यो भयो चौथो बुमराङ ।

सीधा स्वभावका खेताला चन्द दलहरूका काँधमा दरवारिया सत्ताको जुवा नार्न जब विफल भए, उनको ठाउँमा चतुर खेलाडी मानिएका थापालाई खेताला नियुक्त गरियो । थापाको प्रमुख काम दलहरूलाई आफ्नो छायामुनि निर्दलीय सरकारमा भित्र्याउनु थियो । तर गँड्यौलाकै गतिमा भए पनि लोकतान्त्रिक परिपाटीका पक्षमा आन्दोलनरत रहेका दलहरूले आफू खेतालाको पनि खेतालो बन्न न्यायोचित रूपले इन्कार गरे । यो इन्कारीले राजा र दलहरूबीचको दूरी गुणात्मक रूपले बढायो र राजा तथा दलबीचको सम्बन्धको तिक्तताका जरामा थप मलजल हालिदियो । अब नरेशको प्रत्यक्ष शासनको पक्षमा पञ्चरूपी राप्रपासिबाय कोही नहुने भयो । त्यही राप्रपा पनि सिङ्गै हो कि आधा चिरो मात्र हो यो कुरा बुझिनसक्नु छ । यो भयो पाँचौं बुमराङ ।

'स्वच्छ छवि' भएका 'सक्षम' चन्द आए, गए । 'स्वच्छ छवि' भएका 'सक्षम' थापा आज छन्, भोलि हुने छैनन् । जब यी श्रीमान्हरू शासनको दृश्यपटलबाट ओझेल पर्छन्, यिनका नाम विस्मृतिको गर्तमा बिलाउँछन् । कारण कृषिमा होस् वा शासनतन्त्रमा, खेतालाहरू स्मरणीय हुँदैनन् । कृषि वा शासनको सफलता वा विफलताको सबै जस वा अपजस भूपति वा शासनाधिपतिको भागमा पर्ने प्रचलन त छँदैछ । उपेक्षाको अस्त्रले दलहरूलाई तह लगाउने र लौहअस्त्रले माओवादीलाई ठीक पार्ने चेष्टा सफलिभूत नहुने तथ्य भदौ मासको घामझैं छर्लङ्ग छ । अन्ततः मुलुकमा यो विफलताले ल्याउने बर्बादीको अपजसको एकलौटी भागी हुने को होला ?

जसका हातमा शासनको बागडोर छ, उसका कर्मलाई लक्षित गरी सडकमा कटाक्षयुक्त टिप्पणी हुनु कुनै नयाँ कुरा होइन । आज मौसूफप्रति लक्षित कटु टिप्पणीहरूको अजस्र भेल सडकैभरि बगिरहेको छ । यो बुमराङको भयावह उल्कापात हो । विवादरहित भई सम्मानको उच्च आसनमा बसेर साँचो अर्थमा कन्सट्रक्टिभ हुनुपर्ने एक्साइसौं शताब्दीका नरेश सोह्रौं शताब्दीका नरेशझैं प्रोएक्टिभ हुन खोज्दा यस्तो हुँदो रहेछ । देखेर चाल पाइयो ।

महाराजको एक वर्षको शासन अध्यादेश, निषेधाज्ञा र कर्फ्यूको शासन हो । अध्यादेश, निषेधाज्ञा र कर्फ्यू लोकतान्त्रिक शासनका साधन होइनन् । इतिहासमा जनताको अधिकार खोस्ने राजाका रूपमा अंकित हुन नचाहने मौसूफको इच्छा र यी निरंकुश साधनहरूको प्रयोगको बीचमा विकराल खाडल छ । के चतुर चाटुकार र प्रतिबद्ध ताबेदारहरूका कलम तथा वचनले भक्तिभावनाको सहाराले यो खाडल पुरेर भोलिको इतिहासमा जनताका अधिकार नखोस्ने राजाका रूपमा मौसूफको बिम्ब निर्माण गरिदिन सक्लान् ? सन्देह प्रबल छ । ❑

# प्रत्यक्ष शासनको १ वर्ष

❑ राजेन्द्र दाहाल

## देश प्रभाकर शमशेरले भनेकै बाटोमा हिँड्दैछ



"❑ **देशमा छिट्टै परिवर्तन चाहिँ हुन्छ होइन ?**

यसरी त देश जाँदैन । कसैले त एक्सन लिन्छ र लिनैपर्छ । तर मुलुक जनताले नै चलाउनु पर्छ । राजा पनि सक्रिय रूपले आउन सकिबक्सिन्छ; सेना पनि आउन सक्छ कुनै दिन । सबै फेल भएपछि के गर्ने त ? अब राजाले सम्हाल्नुपर्छ ।

❑ **सेनामार्फत् कुनै परिवर्तन हुन सक्छ ?**

सेनाले शक्ति आफ्नो हातमा लिएर राजालाई नेतृत्व गर्न बोलाइयो भने हुनसक्छ । तर त्यसलाई जनताले स्वीकार्नुपर्छ । सम्भावना त किन नहुनु ? पाकिस्तानमा पनि भएकै छ । त्यसका लागि विदेशीको भन्दा नेपालीको सहयोग चाहिन्छ । सेनाले पनि निश्चित समयलाई लिन सक्छ ।"

यो प्रश्नोत्तर, १८ महिनाअघि, देशान्तर साप्ताहिक (१२ फागुन २०५८) मा "सबै फेल भए; अब राजाले लिनुपर्छ" शीर्षकमा छापिएको प्रभाकर शमशेर जबराको अन्तर्वार्ताको अंश हो । यसको ७ महिनापछि '१८ असोज' (२०५९) आयो ।

त्यो अन्तर्वार्तामा प्रभाकरले आफूलाई पाको राजनीतिक विश्लेषकका रूपमा प्रस्तुत गरेका छन् । त्यहाँ उनको विश्लेषण वस्तुगत र तर्कपूर्ण लाग्छ । प्रभाकरले कुनै ज्योतिषीले गर्ने जस्तो भविष्यवाणी गरेको ठान्न मिल्दैन । गाडी, होटल, चुरोट, जलविद्युत् आदिको व्यापार/व्यवसायमा देशको नम्बर १ समूह रहँदै आएको सोल्टी ग्रुपका अध्यक्ष प्रभाकर शमशेर श्री ५ ज्ञानेन्द्रका कयौं वर्षसम्मका व्यापारिक सहकर्मी हुन् भन्ने धेरै नेपालीहरूलाई थाहा भएको कुरा हो ।

प्रायः हरेक कुरालाई हलुका रूपमा लिने र तत्कालिक स्वार्थ र परिवेशका आधारमा मात्र बुझ्ने बानीले गर्दा हुनसक्छ; '१८ असोज' को शाही कदमलाई, अरू त अरू सत्ताका दावेदार रहेका राजनीतिक दलहरूले पनि 'स्वाभाविक' रूपमा लिए । ती दलहरूको कुशासनबाट वाक्कदिक्क भएका सर्वसाधारणले शान्ति र अमनचयन पुनर्स्थापित हुने आसमा राजसक्रियतालाई मौन समर्थन प्रदान गर्नु अनौठो थिएन । भाइभारदार र राजाको सक्रिय नेतृत्वमा सञ्चालित अघिल्लो शासनकालमा लाभान्वित भएकाहरूबाट 'शाही कदम' लाई आफ्नो मनसाय बमोजिम व्याख्या गर्नु त झनै स्वाभाविक थियो । तर दिन बित्दै जाँदा 'शाही कदम' ले शुरूमा कसैले नचिताएको, नसोचेको दिशातर्फ मुलुकलाई डोऱ्याउँदै गयो, अनि बल्ल पार्टी, बुद्धिजीवी आदि सबैले त्यसलाई गहिरिएर नियाल्न थाले ।

माओवादी-सरकार वार्ता प्रक्रियामा शाही सेनालाई ब्यारेकको '५ किमि' वृत्तमा सीमित गर्ने सहमतिमा विवाद पैदा नहुँदासम्म प्रभाकर शमशेरले

प्रकट गरेका दुईमध्ये 'पहिलो सम्भावना' नै १८ असोज २०५९ मा साकार भएको बुझाइ सबैको थियो । सो वार्ताका सहजकर्ता र सरकारी तथा माओवादी पक्षका वार्ताकारहरूले धेरैपटक दोहोऱ्याइसकेका छन्, '५ किमि'को प्रस्ताव, सेनालाई ब्यारेकमा फर्काउनुपर्ने माओवादीको मागको प्रत्युत्तरमा सरकार पक्षबाट राखिएको थियो । र, साथै, त्यसमा 'यति गरेर समस्या समाधान हुन्छ भने ठीकै छ' भन्ने आशयका साथ श्री ५ महाराजाधिराजको सहमति प्राप्त थियो ।

तर, '५ किमि' को सहमति अर्थात् आफ्नै प्रस्ताव कार्यान्वयन गर्न नसकी तत्कालीन चन्द सरकार सत्ताबाट बिदा भयो । अनौपचारिक रूपमा शाही सेनाको तर्फबाट गरिएको तीव्र आपत्तिले गर्दा सो सहमति कार्यान्वयन हुन नसकेको कुरा सम्बद्ध वार्ताकार र सहजकर्ताहरूले सार्वजनिक गरिसकेका छन् । माओवादीसँगको वार्ता भङ्ग भएपछि, सुरक्षासम्बन्धी सबै निकायहरू (प्रहरी, सशस्त्र प्रहरी, गुप्तचर र गृह प्रशासन) शाही सेनाको छातामुनि पर्ने गरी 'युनिफाइड कमाण्ड' गठन गरिएको छ । गृहमन्त्रीको पद रिक्त छोडिएको छ । सुरक्षासम्बन्धी सूचना, विवरण आदि कुराहरू रक्षामन्त्रालयमार्फत् सार्वजनिक हुनथालेका छन् । प्रधानमन्त्रीको अध्यक्षतामा सामान्यतः सधैं सिंहदरबारमा बस्ने सुरक्षा सम्बन्धी निकायका प्रमुखहरूको बैठक पहिलोपटक दुई साताअघि जङ्गी अड्डामा बस्यो ।

जननिर्वाचित सरकारहरूले माओवादीविरुद्ध परिचालन गर्न खोज्दा शाही नेपाली सेनाले धेरै वर्षसम्म केही शर्तहरू दोहोऱ्याइरह्यो । जस्तो: सेना परिचालित हुन सर्वदलीय सहमति हुनुपर्छ, संसदले नै प्रस्ताव पारित गर्नुपर्छ, संकटकाल लगाइनुपर्छ आदि । यसै अनुरूप ०५८ मङ्सिरमा पहिलो पटक सेना परिचालन गर्न सर्वप्रथम देशमा सङ्कटकालीन अवस्थाको घोषणा गरिएको थियो । त्यसपछि पनि, सङ्कटकालको अवधि लम्ब्याउन जननिर्वाचित सरकार र राजनीतिक दलहरूलाई दबाब परिरह्यो । तर, संसद र जननिर्वाचित सरकारहरूको समाप्तिसँगै सेनाको तर्फबाट त्यस किसिमको माग गर्न छोडियो । अहिले पनि अध्यादेशमार्फत् सङ्कटकाल घोषणा गर्न नसकिने अवस्था छैन । तर त्यसको खाँचो नै महसूस हुन छोडेको छ । 'सङ्कटकाल' र 'आम सहमति' बेगर पनि सेना माओवादीविरूद्ध युद्धको मैदानमा उत्रिएकै छ ।

स्वास्थ्योपचारको निम्ति राजा लण्डन पुगेको बेलामा माओवादी-सरकार वार्ता तथा युद्धविराम भङ्ग भयो । यहीबेला अर्थात्, १८ भदौ (२०६०) देखि पाँच वटा पार्टीहरू 'निर्णायक' आन्दोलन गर्ने तयारीमा जुटेका थिए । नेपाल झन् ठूलो रक्तपात र विनाशतर्फ उन्मुख हुनलागेको देखेर हुनसक्छ- बेलायत र अमेरिका तथा भारतका राजदूतहरू राजा र पार्टीहरूबीच सुलह गराउन सक्रिय भए । तिनले लण्डनमा रहेका राजासँग सम्पर्क गरी पार्टीहरूको माग अनुरूप 'सकारात्मक कदम' चाल्ने आश्वासन जुटाए । राजाको त्यही आश्वासन सुनाएर पार्टीहरूलाई आन्दोलन शिथिल पार्न राजी गराए । आफू र ,राजाबीच मध्यस्थ बनिदिएका विश्वकै महाशक्ति राष्ट्रका राजदूतहरूको वचनमा घिचिघिची गरी आन्दोलन चलाइरहेका दलहरूले अविश्वास गर्ने गुञ्जायस नै थिएन । दलहरूले आफ्नो 'निर्णायक' भनेको आन्दोलन राम्ररी शुरू नै नगरी तुहाएर राजाबाट चालिने 'सकारात्मक' कदमको प्रतीक्षा गर्न थाले । यत्तिकैमा भदौ बित्यो । दशैं लाग्यो । अर्को असोज १८ आयो र गयो । राजाको विजया दशमीको सन्देश त कसैले अर्थ्याउनै सकेन । असोज पनि पूरै बित्यो ।

दोरम्बा घटनामा शाही सेनाको तर्फबाट गम्भीर रूपमा मानव अधिकारको उल्लङ्घन भएको भनी राजासँग गुनासो पोखेको बेलायत सरकारका विशेष दूत जेफ्री जेम्स यही बीचमा नेपाल आए । तिनले सर्वप्रथम पार्टीका नेताहरूसँग भेटेर राजाबाट चालिने भावी 'सकारात्मक' पहललाई स्वीकार गर्न आग्रह गरे । नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले प्रेसलाई बताएअनुसार, जेम्सले उनीसँगको भेटमा भनेका थिए, "तपाईंका कुरा बुझें, अब म भोलि श्री ५ सँग भेट्छु, दिल्ली पनि जान्छु, संसद, राजनीतिक प्रक्रियाबिना माओवादी समस्या समाधान हुनसक्दैन ।" राजाको मौनताबाट अधीर हुनथालेका कोइरालालाई आश्वस्त पार्दै त्यहाँ उपस्थित बेलायती राजदूतले भनेका थिए, "कोइराला, धैर्य राख्नुपर्छ, धैर्य राख, हुन्छ ।"

बेलायत, अमेरिका र भारतका समेत राजदूतहरूको भनाइ र आश्वासनप्रति पार्टी नेताहरू यतिसम्म विश्वस्त थिए, 'सकारात्मक पहल' को आसमा तिनले 'राजासँग संयुक्त रूपमा मात्र भेट्ने' भन्ने पुरानो अडान पनि त्यागे । राजाबाट बोलाहट भएको खण्डमा एक्लाएक्लै दरबार जान उनीहरू तयार भएर बसेका थिए ।

तर, माओवादी हिंसासँग जुध्न शाही नेपाली सेना र सरकारलाई सबैभन्दा पहिले उदारतापूर्वक सहयोग गर्न अग्रसर भएको बेलायतका विशेष दूत जेफ्री जेम्सले नै राजालाई भेट्न सकेनन् । उनी निराश भएर रित्तो हात लण्डन फर्किए । यता, राजदूतहरू अप्ठ्यारोमा परेका छन् पार्टीका नेताहरू सामु । यही प्रकरणका कारण बेलायतले आफ्ना राजदूत र नेपालमा बेलायती सहयोग वितरण गर्ने संस्था 'डिफिड' का प्रमुखलाई लण्डन झिकायो । अमेरिकी राजदूत पनि 'नेपालको स्थिति" बारे थप छलफल गर्न वाशिङ्टनतर्फ लागेका छन् । नेपाल र यहाँको सरकारलाई केही मद्दत गर्न सकिन्छ कि भनी संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानले पठाएका विशेष दूतले राजा मात्र हैन, प्रधानमन्त्रीसँग भेट गर्ने अवसर पनि पाइरहेका छैनन् ।

यी र अन्य यस्तै घटनाक्रमहरूले गर्दा, यता आएर मानिसहरू '१८ असोज' लाई फेरि बुझ्ने र अर्थ्याउनेतिर लागेका छन् । धेरैको मनमा उस्तै प्रश्न खेलिरहेका छन्- राजा, पार्टीहरू, भारत, अमेरिका, बेलायत र आम जनमत एकठाउँमा हुँदा पनि मुलुकले राजनीतिक निकासको बाटो रोज्न किन सकिरहेको छैन ? केले छेकिरहेको छ ? '१८ असोज' को कदम प्रभाकर शमशेरले १२ फागुन २०५८ मा प्रकट गरेको पहिलो 'सम्भावना' अन्तर्गतको थियो कि दोस्रो ? अहिले 'मुलुकलाई सैनिकीकरण गरिँदैछ; नागरिक शासन-प्रशासन संयन्त्र पङ्गु भएको छ, 'युनिफाइड कमाण्ड' र सैनिकीकरण एउटै कुरा हुन्/होइनन्' जस्ता तर्क यिनै प्रश्नहरूको जवाफ खोज्ने क्रममा उठ्न थालेका हुन् ।

## पछाडि फर्केर हेर्ने अनिच्छा

१८ असोज २०५९ को शाही कदमले अकर्मण्य तर जननिर्वाचित तत्कालीन सरकारलाई अपदस्थ गर्ने र सम्पूर्ण दलहरूलाई राष्ट्रिय राजनीतिका सवालबाट किनारा लगाउने काम गऱ्यो । तर त्यसबाहेक, राजाको त्यो कदमले यो एक वर्षमा मुलुकको राजनीति, संवैधानिक व्यवस्था, कानूनी शासन संयन्त्र, सुरक्षा र अमनचयन, अर्थतन्त्र, समाज, वैदेशिक सम्बन्ध र मुलुकको साखलाई कतातिर डोऱ्यायो ? कुन क्षेत्रमा के कति उपलब्धि हात लाग्यो ? मुलुक समग्रमा अघि बढ्यो कि पछाडि घचेटियो ? गर्व गर्न लायक उपलब्धि र निन्दायोग्य त्रुटि/असफलता के हुन् ?

आश्चर्य मान्नुपर्छ, नेता, पार्टी, राजावादी, संवैधानिक राजतन्त्रका पक्षधर, बुद्धिजीवी आदि कसैले पनि बितेको वर्षलाई फर्केर हेर्न र वस्तुगत मूल्याङ्कन गर्न चाहेको देखिँदैन । '१८ असोज' को हार्दिक स्वागत गरेर दिपावली तथा पत्रपत्रिकामा श्री ५ प्रति सभक्ति कृतज्ञता व्यक्त गरेर विज्ञापन छपाउनेहरूले पनि त्यो दिनको वार्षिकोत्सव मनाएनन् । त्यसलाई 'प्रतिगमन' संज्ञा दिएर सात महिनादेखि आन्दोलनको रिहर्सल गरिरहेका दलहरू पनि मौन रहे । तिनलाई 'सकारात्मक सङ्केत' को

'१८ असोज' को एउटा सकारात्मक उपलब्धि, त्यसले राजनीतिक दलहरु खासगरी नेपाली काङ्ग्रेस र एमालेलाई दिएको गतिलो 'झट्का' हुनसक्छ ।



*गिरिजाको चियापानमा थापा : विवादास्पद चियापान-भेट*

सन्देशले '१८ असोज' को निन्दा गर्न छेकेको हुनसक्छ । प्रजातन्त्र पुनःस्थापनापछि नै विकसित भएका कारण, प्रजातन्त्रको बलियो खम्बा ठानिँदै आएको कथित चौथो अङ्ग 'प्रेस' लाई बितेको वर्षको वस्तुगत मूल्याङ्कन नगर्न दशैं बिदाले सजिलो पारिदिएको अनुमान गर्न सकिन्छ ।

'१८ असोज' को एउटा सकारात्मक उपलब्धि, त्यसले राजनीतिक दलहरू खासगरी नेपाली काङ्ग्रेस र एमालेलाई दिएको गतिलो 'झट्का' हुनसक्छ । देश, जनता र प्रजातन्त्रका कुरासँगै आपसी सत्ता कलह गर्नबाट कहिल्यै नथाक्ने यी दल एवं तिनका नेताले सत्ताभोगबाट एक वर्ष बाहिरिनुपर्दा "खासा" अनुभव गरिरहेको हुनपर्छ । तिनले मतदातासामु सिर्जना गरेको विकल्पविहीनताको स्थितिलाई राजाको यो एक वर्षको प्रयोगात्मक शासनले ठूलो झट्का दिएको छ । त्यो झट्काबाट नेतृत्वपङ्क्तिले पाठ सिकेन नै भने पनि फरक पर्नेछैन, किनभने तिनका मतदाता अवश्य झस्किएका छन् । तथापि, यो एउटा "खुच्चिङ" भनाइ मात्र हो । राजनीतिक दल भनेका मुलुकका राजनीतिक संस्था हुन् । कुनै पनि संस्थाको निर्माण रातारात सम्भव हुँदैन । दशकौं लामो समय खर्चेर बनेका दल वा संस्थाहरू कमजोर हुँदाको मूल्य अन्ततः मुलुक र समाजले नै चुकाउनुपर्छ । ०१७ देखि ०४६ सालसम्म दल, नेतृत्व वा संस्था निर्माण प्रक्रिया खण्डित भएकै कारण आज मुलुकसँग पर्याप्त मात्रामा परिपक्व राजनीतिक नेतृत्व र संस्थाहरू छैनन्, जसको अभाव चौतर्फी रूपमा सबैलाई खट्किइरहेको छ ।

१८ असोजका अनुपलब्धि अथवा नकारात्मक परिणतिहरू, सकारात्मक उपलब्धिभन्दा कैयौं गुणा बढी छन् । यथार्थमा तुलनायोग्य नै छैनन् भन्न सकिन्छ । उक्त शाही कदमको सबैभन्दा ठूलो नकारात्मक देन चरम सङ्कटको घडीमा देखाउने वा अपेक्षा गर्न मिल्ने विकल्पको समाप्ति हो । राजाको प्रत्यक्ष शासन चलेको एक वर्षले मुलुकलाई न त माओवादी विद्रोहले पैदा गरेको विकराल समस्याबाट मुक्ति दिनसक्यो, न त 'स्वच्छ छवि'को भ्रष्टाचारमुक्त सुशासन । यसले न त गरीबी, बेरोजगारी, महँगीबाट थोरै भएपनि त्राण दिने प्रारम्भिक छाँटकाँट देखायो, न संसद र स्थानीय निकायको चुनाव संपन्न गरेर लोकतन्त्रमा आधारित राजनीतिक स्थिरता पैदा गर्ने काम नै । आफ्नै घोषणाको तुलामा तौलने हो भने जुन कारण देखाएर निर्वाचित सरकारलाई असक्षम ठहऱ्याउँदै नयाँ कामको सूचीसहित राजाको प्रत्यक्ष शासन कायम गरिएको थियो- तीमध्ये कुनै एउटा काम पनि त विगत एक वर्षमा हुन सकेनन् । यस हिसाबले गएको साल देशको निम्ति उत्तिकै खेर गएको साल भएको छ । देउवा सरकार 'असक्षम'नै थियो, त्यसमा दुविधा छैन, तर राजाको प्रत्यक्ष शासनको वर्षदिन पनि कसरी 'सक्षम' सावित भयो त ? स्वयं राजाको प्रत्यक्ष शासन मुलुकवासीलाई हिंसा, हत्या, विनास, गरीबी र अन्यौलबाट त्राण दिन असफल भएपछि तिनले भोलि अन्तिम आशा र आस्था केमा प्रकट गर्ने ? पृष्ठभूमिका बाध्यता र परिस्थिति अनेकन् हुनसक्छन्, तर जब राष्ट्रिय एकताको प्रतीक अथवा राष्ट्रको एक मात्र साझा 'अभिभावक' मानिएको राजसंस्था स्वयं नै विवाद र विभाजनको कारकका रूपमा देखा पर्छ, त्यसप्रतिको आस्था स्वतः ह्रास हुन थाल्छ ।

१५ माघ २०५९ मा नाटकीय ढङ्गबाट भएको युद्धविराम र सरकार-माओवादी वार्ता टुङ्गोमा पुगेर मुलुकले हत्या-हिंसाबाट मुक्ति पाउन सकेको भए '१८ असोज'को औचित्य स्वतः स्थापित हुनेथियो । तर, त्यस्तो 'चमत्कार' हुने वस्तुगत आधार थिएनन् । राजनीतिक दलहरू र तिनले प्रतिनिधित्व गर्ने जनमतलाई किनारामा राखेर बन्दुकधारी विद्रोहीहरूलाई स्थायी रूपमा राजनीतिको मूलधारमा तान्न कदापि सम्भव हुँदैन । त्यसैकारण सरकार-माओवादी वार्ता भङ्ग हुनुको दोष माओवादी र शाही सेनाका क्रियाकलापलाई मात्र दिनु तर्कसङ्गत ठहर्दैन ।

यस अवधिमा शाही सेना माथि सिङ्गो राज्यको निर्भरता अत्यधिक मात्रामा बढाइयो अथवा बढ्यो । तर त्यसबाट मुलुक र जनतालाई कुनै प्रतिफल हात लागेन । सेनाको अधिकार, प्रभाव, बजेट, जनशक्ति र हात-हतियारमा उल्लेख्य बढोत्तरी हुँदाहुँदै पनि देशले हत्या-हिंसा र विनासबाट कुनै राहत पाउन सकेन । अहिले राज्यको सुरक्षाव्यवस्था

**सुरक्षा बललाई जतिसुकै बलियो र व्यापक पारे पनि त्यसले मात्र नागरिकको जीउधन र मुलुकका भौतिक संरचना जोगाउन सक्दैन । अन्यथा सेनाको नियन्त्रणमा रहेको पाकिस्तान सबैभन्दा सुरक्षित र शान्त मुलुक बनिसकेको हुन्थ्यो ।**



केही शहर र सदरमुकाममा सीमित हुन पुगेको छ भने माओवादीको हिंसा गाउँगाउँमा विस्तारित भएको छ । आम नागरिक र राजनीतिक शक्तिहरूलाई साथमा नलिई सेनाले मात्र सबैलाई सुरक्षा दिन सक्छ भन्ने मिथ्या सोचाइका कारण आज शहरबस्ती र राजधानी समेत उत्तिकै असुरक्षित हुँदै गएको छ । सेनाले मात्र सुरक्षा दिन सम्भव हुँदैन भन्ने कुराको स्पष्ट दृष्टान्त राजधानीको खानेपानी आपूर्ति व्यवस्था गर्न शुरू गर्न खोजिएको मेलम्ची आयोजना बनेको छ । सो आयोजनाले सुरक्षाव्यवस्था गरिदिन अघिल्लो वर्ष रू.१२ करोड शाही सेनालाई बुझायो । तथापि सुरक्षाकै कारण देखाएर ठेकेदारहरूले आजसम्म काम शुरू गरेका छैनन् । तिनले यस ढिलाइका निम्ति छुट्टै थप रकम आयोजनासँग माग्ने छन् । आयोजनाले यो वर्षका निम्ति कबूल गरेको रू. ८ करोड बुझाउने समय आइसकेको छ । आफ्ना संरचना जोगाउन विद्युत् प्राधिकरण, दूरसञ्चार संस्थान आदिले सेनालाई यसैगरी रूपैयाँ तिरिरहेका छन्, तर पनि देशका अनेकौं जिल्लाका सदरमुकामहरू बिजुली र टेलिफोनविहीन अवस्थामा पुऱ्याइएका छन् ।

यसबाट फेरि पनि के स्पष्ट हुन्छ भने, सुरक्षा बललाई जतिसुकै बलियो र व्यापक पारे पनि त्यसले मात्र नागरिकको जीउधन र मुलुकका भौतिक संरचना जोगाउन सक्दैन । यदि त्यस्तो सम्भव हुन्थ्यो भने स्थापनापछिको अधिकांश समय सेनाको नियन्त्रणमा रहेको दक्षिण एसियायी मुलुक पाकिस्तान सबैभन्दा सुरक्षित र शान्त मुलुक बनिसकेको हुन्थ्यो ।

शाही सेनाको विस्तार र सुदृढीकरण आफैंमा चिन्ता र विवादको विषय हुन सक्दैन । मुलुकको जनसङ्ख्या, आर्थिक-भौतिक संरचना एवं क्षमता बढ्दै जाँदा त्यसका चुनौतीहरू पनि थपिँदै जाने हुन् । बढेका चुनौती र सुरक्षा-खाँचो अनुरूप सेना-प्रहरीको विस्तार एवं सुदृढीकरण आफैंमा सान्दर्भिक बन्न पुग्छ । विगतमा नेपालमा पनि यस्तै हुँदै आएको हो । तर राजनीतिक र नागरिक वा 'सिविलियन' पक्षलाई दरकिनार गरेर सुरक्षा बललाई मात्र अघि बढाउने, त्यसमा मात्र निर्भर रहन खोज्ने संसारका हरेक मुलुक ठूलो दुर्घटनामा परेका छन्, आर्थिक-सामाजिक विकासमा पछि परेका छन् । यता आएर नेपालका राजनीतिक शक्तिहरू मात्र नभई सरकारका 'सिविलियन' निकायहरूलाई समेत क्रमशः ओझेलमा पार्दै लाने काम भएको छ । मानिसहरूले यसैलाई 'सैनिकीकरण' को संज्ञा दिएर त्यसको विरोधमा आवाज उठाउन थालेका छन् । स्थापित राजनीतिक र 'सिविलियन' संस्था एवं प्रक्रिया ओझेलमा पर्नु अथवा ध्वस्त हुनु मुलुकको निम्ति अत्यन्तै ठूलो क्षति हो । त्यस्तो प्रक्रिया र संस्था पुनर्स्थापित नभई देश र समाज कहिल्यै सामान्य अवस्थामा फर्कन सम्भव हुँदैन । तिनलाई पुनर्स्थापित गर्न मुलुकले ठूलो धनराशी र समय मात्र होइन, थप बलिदान समेत गर्नुपर्ने हुनसक्छ, जसको हिसाब करोड वा अर्बमा गर्न सम्भव हुँदैन ।

'विदेशी हस्तक्षेप'प्रति अलि बढी नै संवेदनशील रहने नेपालीहरू यता आएर विदेशी राजदूतहरूले सुरक्षा निकाय, सरकार र राजनीतिक दलहरूलाई 'यसो गर्नुपर्छ, त्यसो गर्नु हुँदैन' भनी दिएको उपदेश सुन्न अभ्यस्त हुन थालेका छन् । यथार्थमा विगत एकवर्ष यताको जस्तो वैदेशिक हस्तक्षेप, कमसेकम आजको पुस्ताका नेपालीहरूले यसअघि कहिल्यै अनुभव गरेका थिएनन् ।

समग्रमा भन्नुपर्दा १८ असोज २०५९ को शाही कदमपछिका एक वर्षमा राज्य सञ्चालनमा लोकतान्त्रिक संस्थाहरू र परंपराहरू शून्यप्रायः हुँदै गएका छन्, सैन्य र गैर-जिम्मेवार एवं गैर-राजनीतिक तथा गैर-संवैधानिक शक्तिहरू हावी हुँदै गएका छन्, जसले गर्दा राजसंस्थासहित मुलुकका 'सिविलियन' निकाय एवं शक्तिहरूको भूमिका र प्रभाव ओझेलमा पर्दै गएको छ । २००७ सालपछि नेपालका लोकतान्त्रिक संस्थाहरू, राजनीतिक शक्ति र नागरिक शासनका निकायहरू अहिले जस्तो निरीह अवस्थामा कहिल्यै पुऱ्याइएका थिएनन् । पञ्चायतकालमा पनि स्थानीय निकायहरूको चुनाव हुन्थ्यो अथवा मनोनीत गर्ने निश्चित प्रक्रिया, मापदण्ड र संस्थाहरू किटान गरिएका हुन्थे । त्यतिबेलाका कमल थापाहरूले अहिले जस्तो स्वेच्छाचार गर्न पाएका थिएनन् । पार्टीहरू प्रतिबन्धित थिए, तर तिनले 'केही भन्लान्' भन्ने डर थियो । अर्थात् अप्रत्यक्षतः तिनको आवाजको कदर हुन्थ्यो । शासन प्रत्यक्षतः आफ्नो नियन्त्रणमा राखेर पनि राजसंस्था र राजाहरूले आफूलाई 'विवादको केन्द्रविन्दु' हुनबाट जोगाएका थिए । तर आज यो सबै उल्टिएको छ । १८ असोज २०५९ पछि नै यो सबैथोक भएको छ । ❑



# राजनीति र अर्थशास्त्रका तथ्यहरुले के पुष्टि गर्छन् ?

**सेप्टेम्बर ११** को घटनापछि विश्वव्यापी रूपमा आतंकवाद निर्मूल पार्ने घोषणासहित अन्तर्राष्ट्रिय रूपमा आतंक फैलाउन उत्रिएको अमेरिका र त्यसका सहयोगी राष्ट्रहरूको सहयोग र सद्भावले राजाको एकतन्त्रीय शासन शुरू भयो । नयाँखाले विश्व सैनिकीकरणको एउटा अभ्यासस्वरूप देशमा अहिले अघोषित सैनिक शासनको एक वर्ष व्यतीत भएको छ ।

आधुनिक राज्यको परिभाषाअनुसार राज्य संचालनका निम्ति जननिर्वाचित लोकतान्त्रिक संस्थाहरू हुनु अनिवार्य ठानिन्छ । देउवाले निर्वाचन गराउन 'असक्षम' भनेर शासन हातमा लिएका राजाबाट यो वर्षभरिमा निर्वाचन गराउने कुनै प्रक्रियाको थालनीसमेत हुनसकेन । तसर्थ, जनताको दिल-दिमागमा प्रश्न उठेको छ- छ महिनामा संसदको चुनाव गराउन नसक्दा देउवा 'असक्षम' सावित भएका हुन् भने वर्ष दिनमा समेत चुनाव गराउन नसक्दा राजा असक्षम सावित भएका हुन् कि होइनन् ?

स्थानीय निकायहरू भंग गरिएपछि राज्यको उपस्थिति गाउँहरूमा शून्य हुनपुग्यो । लोकतान्त्रिक अभ्यासअनुरूप विकासको संयोजन गर्ने भनिएका लाइन एजेन्सीहरू विफल सिद्ध भए । जनता र राज्यबीचका सम्बन्धहरू प्रायः समाप्त भएर गएका छन् । त्यसभन्दा बाहेक कानूनी राजका हिसाबले प्रहरी प्रशासन सम्पूर्ण गाउँबाट समाप्त भएर शहरी केन्द्रहरूका सीमित हुनपुगेको छ । शान्ति, सुव्यवस्था र अमनचैनको कहींकतै नामनिसाना छैन । अदालतहरू पंगु भएका छन् । जिल्लाका सबै सदरमुकामहरूमा कानूनी राजका नाममा सेनाका मेजरको नेतृत्वमा प्रशासनयन्त्रलाई संयोजन गरिएको छ । त्यहाँ नागरिक प्रशासन अब देख्न पाइँदैन ।

निर्वाचन आयोगलगायत अन्य संवैधानिक अंगहरू शिथिलप्रायः देखिएका छन् । संवैधानिक अंगका खालि पदहरूमा पदपूर्तिका लागि संवैधानिक परिषद्ले संविधानतः गरेको सिफारिसलाई राजाले सीधै लत्याइदिएपछि ती संवैधानिक अंगहरू अपांग भएका छन् । तिनका आधारहरू खुम्चिएर सदरमुकाम हुँदै केन्द्र अर्थात् राजधानीमा सीमित हुनपुगेका छन् । स्वास्थ्य संगठनहरू, शैक्षिक संस्थाहरू र अन्य सामाजिक संघ-संस्थाहरू विद्रोहीहरूको निगाहमा मात्र बाँच्नसक्ने भएका छन् । देशमा केही वर्षअघिमात्र स्थापित भएको मानवअधिकार आयोगको अधिकार क्षेत्र अपहरित भएको छ ।

प्रहरी, सेना तथा सुरक्षाकर्मीहरूले कोही मानिस पक्रन, थुन्न वा मार्नका लागि कुनै पनि खाले कानूनी प्रक्रिया पूरा गर्नुपर्ने अवस्था छैन । विकसित वा अर्धविकसित मुलुकहरूमा सरकार समर्थित 'भिजिलान्ते'हरूको भूमिका नेपालमा विगत एक वर्षमा सरकार नियन्त्रित सुरक्षा निकायले नै गर्ने गरेको छ र त्यसको केही पनि सुनुवाई नहुने कुरा पनि उदाङ्गिएको छ ।

प्रत्यक्ष शासनको एक वर्षमा देशमा वैदेशिक संघ-संस्थाहरूको र कूटनीतिक नियोगहरूको चलखेल अत्यन्त तीव्र गतिमा बढेको छ । देशका प्रत्येक विषयहरूमा, अत्यन्त संवेदनशील विषयहरूमा समेत उनीहरूको प्रत्यक्ष हस्तक्षेप बढेको छ । उनीहरू आर्थिक, सामाजिक तथा सांस्कृतिकमात्र नभएर साना ठूला राजनैतिक विषयहरूमा समेत पार्टी र सरकारहरूलाई 'यो कुरा नै गर' भनेर दवाव दिने हदसम्मको निर्णायक हुन पुगेका छन् । साँच्चै भन्ने हो भने जिल्ला सदरमुकाम र केन्द्रमा मात्र सीमित रहेको राज्यको अस्तित्वमा पनि निर्णायक प्रभाव जमाउने शक्ति भनेको बाह्यशक्ति हो कि भन्ने भान पर्न थालेको छ । नेपालमा गत एक सालमा जति उदांगो विदेशी चलखेल भयो, त्यति विगत १२ वर्षमा कहिल्यै भएको थिएन ।

उदार पूँजीवादी संसदीय व्यवस्थाले विगत १२ वर्षमा स्थापना गरेका सानातिना आर्थिक,



## राजाको प्रत्यक्ष शासनको एक वर्ष

सामाजिक र राजनीतिक संरचनाहरू सम्पूर्ण रूपमा यो एक वर्षको अवधिमा नष्ट पारिएका छन् । कानून बनाउन, बजेट र करको प्रस्ताव अनुमोदन गर्न निर्वाचित संसद् छैन । विकास-निर्माण योजना र आर्थिक-सामाजिक काम गर्न निर्वाचित स्थानीय निकाय छैन । चुनाव गराउन निर्वाचन आयुक्त छैनन् । सिंहदरवारमा निर्वाचित र जनउत्तरदायी सरकार छैन । संविधानका कुनै अरू धारा सक्रिय र बाँकी छैनन् ।

यो देशमा अहिले छन् त राजा छन्, धारा १२७ छ र त्योअन्तर्गत गठन भएको मनोनित कठपुतली सरकार छ । देशको शासन केवल हुकुम र अध्यादेशका भरमा चलेको छ । निरंकुश पंचायतकालमा समेत देशको शासन यसरी नांगो एकतन्त्रात्मक ढंगबाट चलेको थिएन । विगतको १२ वर्षमा संसदीय राजनीतिक शक्तिहरूले खडा गरेका संस्थागत लोकतान्त्रिक संरचनाहरूले समेत राष्ट्रका ज्वलन्त समस्याहरूलाई सम्बोधन गर्न नसकेको अवस्थामा एक्काइसौं शताब्दीको जागा जनताका सम्पूर्ण असन्तुष्टिहरूलाई सोह्रौं शताब्दीको एकतन्त्रीय संरचनामार्फत् नियन्त्रण गर्न खोज्ने प्रवृत्तिले अझ बढी जनअसन्तोषको फैलावट भएको छ ।

विगत १२ वर्षमा सत्तारूढ दलहरूको कुशासन, भ्रष्टाचार र जनविरोधी संकीर्ण स्वार्थकेन्द्रित चरित्रले गर्दा आजित भएका जनताले राजाले पोहोर शासन हातमा लिंदा केही गतिलो काम त्यहाँबाट पो हुन्छ कि भनेर थोरै आस नगरेका होइनन् । तर एक वर्षभरि भएका गतिविधि हेरेर जनतामा त्यो आशा मरेको छ । किनकि राजाले आफूले घोषणा गरेका ५ काममध्ये कुनै काम पनि फत्ते गरेर देखाउन सकेनन् । स्वच्छ छविको सरकार भनिएको थियो तर त्यस्तो सरकारमा पनि फेरि विगतमै गन्हाएका छविहरू परे । दरवारको पारिश्रमिक साढे पाँच गुना बढाइएपछि दरवारकै छवि स्वच्छ बाँकी रहन सकेन । सुशासन भनिएको थियो तर विगत एक वर्षमा जनतालाई कतै यो देशमा शासन छ भन्ने नै अनुभूति हुनसकेन ।

जनताको राजाप्रतिको सबैभन्दा ठूलो अपेक्षा दिगो शान्तिको थियो । कमसेकम राजाले त माओवादीसितको वार्ता सफल पार्न सक्छन् भन्ने आस थियो, किनकि निर्वाचित सरकारको हातमा नभएर राजाको हातमा सेना थियो । जनताले आशा गरेअनुरूप राजाबाट काम हुन सकेको भए जनता राजाप्रति कृतज्ञ पनि हुनु स्वाभाविक हुन्थ्यो । तर राजाको हातको मनोनित सरकारले पनि माओवादीसित कुनै फलदायी वार्ता गर्न सकेन । सरकार निर्णायक वार्ता गर्न खोज्ने, सेना वार्ता भाँड्न खोज्ने घटनासमेत दोरम्बा काण्डबाट प्रष्टै देखियो । दोरम्बा काण्ड र ५ किलोमिटरवाला विवादले हाम्रो देशको सेना अब कसैको मातहतमा छैन कि, यो स्वतन्त्र राजनीतिक निकाय पो हुन खोजेको हो कि भन्ने प्रश्नसमेत पैदा गऱ्यो ।

राजाको प्रत्यक्ष शासनकालमा अहिले देशमा शान्ति सुरक्षाको स्थिति यति बिग्रिएको छ कि बिहान घरबाट हिंडेको मान्छे बेलुकी सग्लो घर फर्कन्छ भनेर कोही ढुक्क हुन सकेका छैनन् । अरू त अरू राजधानीमै मानिसहरू सुरक्षाको अनुभूति गर्न सकिरहेका छैनन् । संसदीय दलहरूसित राजाको वैमनस्य र दूरी गत एक वर्षमा पनि बेपत्तै बढेको छ, माओवादीसित पनि । यो द्वन्द्व र दूरीले दिगो शान्तिलाई धेरै पर धकेलिदिएको छ । नेपाली जनताहरू यति असुरक्षित र आतंकित यसअघि कहिल्यै हुनुपरेको थिएन ।

राजनैतिक रूपमा देखिएका यी असफलताहरू त्यहाँमात्र सीमित भएनन् । ती असफलताहरूको प्रत्यक्ष छाप मुलुकको विकास, निर्माण र लगानीमा पनि देखापरिरहेका छन् । देशबाट पूँजी र वित्तीय संस्थाहरू दुवै बाहिर पलायन भइरहेका छन् । विदेशबाट पठाइएको रेमिटेन्सको लगानीका लागि उपयुक्त वातावरण छैन । भर्खरै सम्पन्न भएको गैरआवासीय नेपाली सम्मेलन कुंभमेलामा रूपान्तरित भएको थियो । किनकि देशमा शान्तिसुरक्षा र राजनीतिक स्थिरता नहुञ्जेल खर्बौं रूपियाँ लगानी गर्न सक्षम गैरआवासीय नेपालीहरू कौडी पनि लगानी गर्न तयार हुने छैनन् ।

जहाँसम्म आर्थिक विकासको प्रश्न छ, त्यो जनउत्तरदायी र पारदर्शी स्थानीय तथा राष्ट्रिय संरचनाको अभावमा संभावना नै थिएन । आवधिक निर्वाचनमा विश्वास लिएर पूर्व निर्वाचित हुने प्रक्रिया हुँदा त जनउत्तरदायित्वलाई अस्वीकार गर्ने परिस्थिति भएको मुलुकमा जनउत्तरदायित्वविहीन अपारदर्शी कर्मचारीतन्त्रको भरमा विकास निर्माणका कार्यहरू हुनु संभव नै थिएन । त्यसमाथि पनि विकासका सम्पूर्ण प्रक्रियाहरूलाई बन्द गरेर माओवादी जनयुद्ध दबाउन विकास खर्चबाट सैन्य खर्चमा बजेटको रूपान्तरण गर्नका लागि स्थानीय तथा केन्द्रीय जनप्रतिनिधिहरूको निकाय भंग गर्नुपरेको कुरालाई यहाँनिर बुझ्नुपर्ने हुन्छ । यसरी राजनीतिक विकासक्रमको यो क्रमगतिमा राजाको प्रत्यक्ष शासनकालमा, त्यसमाथि पनि सम्पूर्ण संयन्त्रलाई निर्जीव तुल्याइएको अवस्थामा के-कस्ता आर्थिक गतिविधि भए होलान् भन्ने विषय सबैको चासोको विषय बन्न सक्नुपर्छ, बनेको हुनसक्छ ।

नेपाल राष्ट्र बैंकले हालै प्रकाशित गरेको (भाद्र २०६०) देशको वर्तमान आर्थिक स्थिति नामक बुलेटिन केलाएर हेर्दा निम्न कुराहरू छर्लङ्ग हुन्छन् :

## देशको वर्तमान आर्थिक स्थिति

| सरकारको नियमित खर्च इ.सं. | २००१/०२ | % | २००२/०३ | % |
|---|---|---|---|---|
| नियमित खर्च | ४८६३८.६ | १३ | ५४७५८.७ | १२.६ |
| विकास खर्च | २२८२९.१ | -१४.० | १८१३३.८ | -२०.६ |
| (क) घरेलु श्रोत तथा ऋण | २१९९८.५ | -१५.२ | १७१७१.३ | -२१.९ |
| (ख) विदेशी नगद सहयोग | ८३०.६ | ३८.८ | ९६२.५ | १५.९ |

*( रकमहरू रू. १० लाखमा )*


माथिको आँकडाबाट के स्पष्ट हुन्छ भने नियमित खर्च एक वर्षअगाडिको तुलनामा १३ प्रतिशतले वृद्धि भएको छ । तर विकास खर्च पोहोर साल १४ प्रतिशतले घटेको थियो भने यो वर्ष २१ प्रतिशतले घटेको छ । विकास खर्चका लागि आन्तरिक स्रोत पोहोर साल १५ प्रतिशतले घटेको थियो भने यो वर्ष ऋणात्मक रूपमा बढेर २२ प्रतिशत पुगेको छ । फलस्वरूप विदेशी सहायता वा परनिर्भरता यो वर्ष १६ प्रतिशतले बढ्न पुगेको छ ।

यसको तात्पर्य के हो भने नेपालमा राज्यसित राजस्व, ऋण र बाह्य अनुदानबाट आउने जुन पैसा छ, त्यो विगत वर्षभन्दा पोहोर झन् बढ्दो रूपमा प्रशासन, सैनिक र प्रहरी खर्चमा जान थालेको छ । विकास-निर्माणमा त्यो पैसा कममात्र जाने भएको छ । प्रशासन र सेना-प्रहरीमा जाने खर्च बढ्नु भनेको अनुत्पादक खर्च बढ्नु हो ।



*तयारीमा : शाही नेपाली सेना*





**प्रतिगमनका माध्यमहरू : लोकेन्द्रबहादुर चन्द र प्रधानमन्त्री सूर्यबहादुर थापा**

विकास-निर्माणमा खर्च घट्नु भनेको उत्पादनशील काममा पैसा कम खर्च हुनथाल्नु हो ।

खाद्यान्न र पेयपदार्थको भाउ पोहोर सालको तुलनामा झण्डै दोब्बरले वृद्धि भएको छ । पोहोर साल उपभोग्य सामग्री मूल्य (Consumer price Index) ३.५ प्रतिशतले बढेको थियो भने यसबेला ६.१ पुगेको छ । खासगरी धानको भाउ घट्न पुगेको छ । पोहोर साल यो ९.५ प्रतिशतले बढेको थियो भने अहिले ९.३ प्रतिशतमात्रै छ । यसको अर्थ धान उत्पादन गर्ने किसान मर्का बेहोर्न बाध्य हुनपुगेको छ । दालको भाउ स्वात्तै घटेको छ । पोहोर साल यो ३.७ प्रतिशत थियो भने अहिले -०.६ प्रतिशत भएको छ । तर खाद्यान्नबाहेक अन्य उपभोग्य वस्तु मूलतः विदेशबाट आयात गरिने वस्तुको मूल्य ह्वात्त बढेको छ ।

शहरहरूमा समेत सरकारले नियन्त्रणमा राखेका वस्तुहरूको मूल्यमा अत्याधिक वृद्धि भएको छ । पोहोर साल यो -३.९ थियो भने यो वर्ष ११.२ प्रतिशतले वृद्धि भएको छ । यो मूल्यवृद्धि पहाडी क्षेत्रमा झन् धेरै उकालिएको छ र पोहोर साल त्यस क्षेत्रमा मूल्यवृद्धि १.८ प्रतिशत थियो भने अहिले ७.८ प्रतिशतले उच्च हुनपुगेको छ ।

यसरी हेर्दा किसानहरू गत सालयता सबैभन्दा धेरै मर्कामा परेका छन् । आयातीत वस्तुको महंगी अत्याधिक बढेको छ । यसको अर्थ अधिकांश गरीवहरू पोहोर सालको तुलनामा यसपाली अझ धेरै गरीव बन्न पुगेका छन् । माथि उल्लेखित आँकडालाई प्रस्तुत गर्दा थाहा पाइएको कुरा के हो भने घरेलु आयस्रोत भसक्कै घटेको छ । तथापि, मुलुकबाहिरबाट आउने आम्दानी हुण्डी अर्थात् रेमिटेन्सले मात्र बाँचिरहेको छ । पोहोर सालको तुलनामा यो वर्ष विदेशबाट पठाइने रकममा २८ प्रतिशतले वृद्धि भएको छ । यसको अर्थ मुलुकबाट युवा जनशक्ति बाहिरिने क्रममा वृद्धि भएको छ र गाउँहरू रित्तिँदै गएका छन् भन्ने अनुमान गर्नसकिन्छ । तर प्रत्यक्ष लगानी पोहोर सालको -५०.४ प्रतिशतले घट्न पुगेको छ । सामान्यतया देशमा रोजगारी दिलाउने उद्योगहरूमाथिको लगानी गत वर्षको तुलनामा ०.०९ प्रतिशतले मात्र वृद्धि हुनु भनेको कुनै पनि स्वतन्त्र विकासशील मुलुकका लागि लाजको विषय हो ।

यसरी अघिल्लो वर्षको तुलनामा राजाले प्रत्यक्ष शासन गरेको यो वर्ष आर्थिक हिसाबले पनि अत्यन्त गएगुज्रेको समयको रूपमा लिन सकिन्छ । वर्षभरिमा ७ महिना शान्ति बहाल हुँदा पनि राजाको शासन विकास-निर्माण, मूल्य नियन्त्रण, उद्योगधन्दामा लगानीका लागि कतै उपयोगी हुनसकेको देखिएन । अनुमान के लगाउन सकिन्छ भने सम्पूर्ण विकास खर्च सैन्य सामर्थ्य बढाउन र नजानिँदो किसिमले भ्रष्टाचार गर्नमा व्यतीत भएको छ ।

राजाको प्रत्यक्ष शासनको पहिलो आठ महिना लोकेन्द्रबहादुर चन्दले भोग गरे, अर्थात् उनको प्रशासनयन्त्रले । र, पछिल्लो काल सूर्यबहादुर थापाले । भनिरहनु परोइन, यी दुवै व्यक्तिहरू पूर्व पञ्चायतका धरोहर, एकदलीय सक्रिय राजतन्त्रका प्रबल पक्षधरहरू हुन् । र, उनीहरूको प्रयत्नमात्र होइन, उनीहरूको चयन अरू केही नभएर पूर्व पञ्चायतको निरन्तरताको अभ्यासमात्र हो । हाल आएर सूर्यबहादुर थापाको सरकारले निर्वाचनको सट्टा स्थानीय निकायहरूमा गर्न थालेको मनोनयनका प्रक्रियाहरूलाई हेर्दा यो कार्यले 'गाउँफर्क अभियान'लाई पनि बिर्साएको अनुभूत जो कोहीले गर्नसक्छ ।

विगतमा शान्तिको बहाली र सुशासनका निमित्त सुपात्र चयन गर्दा विदेशी दातृराष्ट्रहरूका नजरमा, खासगरी बेलायत र संयुक्त राज्य अमेरिकाको नजरमा राजा र उनका भारदारी सेना असल ठहरिएका थिए । तर हाल आएर उनीहरूमा पनि चेत फिर्न थालेको आभास पाइन्छ । दलहरू पनि अत्यन्त ठूलो विश्वासका साथ राजाबाट गरिएका गल्तीहरू सच्याइने कुरामा ढुक्क थिए । तिनीहरूको पनि बिस्तारै आफ्नो चेत खुल्दैगएको पाइन्छ । त्यसैगरी दुई ध्रुवमा बाँडिंदा निर्णायक युद्धमा आफ्नो जीत हुन्छ वा सजिलोसँग दरवारिया शक्तिलाई फकाएर आफूले मागेको चीज पाइन्छ भनी ढुक्क बसेका माओवादीको पनि चेत खुल्न थालेको हो कि भन्ने आभास पाइन थालेको छ । यस अर्थमा आगामी दिन शान्तिपूर्ण जन-आन्दोलनका दिन बन्न सक्छन् । देशमा उम्रिएका 'भर्टिकल' र 'होराइजेन्टल' समस्याहरूको निराकरण सक्रिय राजतन्त्रबाट होइन, लोकतान्त्रिक प्रक्रियाबाट तथा लोकतान्त्रिक अभ्यासबाट मात्र संभव हुनसक्छ भन्ने तथ्यहरूले पुष्टि गरेका छन् । तर पनि यी सबै अभ्यास लोकतान्त्रिक अभ्यासमा लागेका शक्तिहरूको योग्यता, क्षमता र संयोजन गर्ने कार्यशैलीले मात्र निर्धारण गर्न सक्छन् । ❑





# शून्यबाट शून्यसम्मको यात्रा

❑ कृष्णज्वाला देवकोटा

**शून्यमा** जतिवटा शून्य थपे पनि त्यसको योगफल शून्य नै हुन्छ । थापा सरकारको पाँच महिने कार्यकाललाई त्यसको बलियो उदाहरण मान्न सकिन्छ । तत्कालीन प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द माओवादीसँगको वार्ता प्रक्रियामा दरबारिया दबाब र सडकका राजनीतिक दलहरूको आन्दोलन थेग्न असफल भएपछि आन्दोलन र वार्ता दुवैलाई दिग्भ्रमित पार्न असोजतन्त्रको नयाँ सारथीका रूपमा २१ जेठ, ०६० मा प्रधानमन्त्री नियुक्त सूर्यबहादुर थापाले राष्ट्रिय संकटलाई थप जटिल र गम्भीर तुल्याइदिनु भएको छ ।

संसद्‌वादी राजनीतिक दलहरूलाई समेटेर सर्वदलीय स्वरूपको सरकार गठन गर्ने र माओवादीसँगको शान्तिवार्ता प्रक्रियालाई निरन्तरता दिई त्यसलाई रचनात्मक निष्कर्षसम्म पुऱ्याउने 'कार्यभार' र त्यसका लागि कार्यकारिणी अधिकारसम्पन्नताको पाखण्डसहित प्रधानमन्त्री बनाइनुभएका थापा यी पाँच महिनामा ती सबै मोर्चामा पूर्णतः असफल हुनुभएको छ । 'कार्यकारिणी अधिकारसम्पन्न' प्रधानमन्त्री सम्वैधानिक परिषद्‌को सिफारिसमा लालमोहर लगाउनसमेत असफल हुनु र सम्वैधानिक पदाधिकारीको पदपूर्ति हुन नसक्नु, अझ प्रधानमन्त्री आफैंले त्यसको जिम्मेवारी लिएर दरबारलाई चोख्याउन बाध्य हुनु मनोरंजक होइन, त्रासद अनुभव हो । थापाको कार्यकालका कुल चारवटा 'उपलब्धि' छन्– वार्ता प्रक्रियाको दुःखान्त पराक्षेप, 'यूनिफाइड कमाण्ड'को नाममा तीव्र सैनिकीकरण, स्थानीय निकायको पंचायतीकरण र विदेशी हस्तक्षेपमा कल्पनातीत बढोत्तरी ।

भद्द हेर्दा वार्ता र युद्धविराम भंग गर्ने निर्णय माओवादीले पहिले गऱ्यो । तर, त्यसको पटकथा मूल रूपमा थापा सरकारबाटै लेखिएको हो । दोस्रो चरणको वार्तामा भएको सहमति कार्यान्वयन गर्न अस्वीकार गरेर थापा सरकारले समग्र संवाद प्रक्रियाकै अर्थ र औचित्यमाथि प्रश्नचिन्ह लगाइदियो । ३२ साउन, ०६० को दोरम्बा-प्रकरण युद्धविरामको क्रूर, निकृष्ट र थोक उल्लंघन थियो । त्यसले माओवादीलाई उत्तेजनाको उत्कर्षमा पुऱ्यायो । आवेग र उत्तेजनाको यही वातावरणमा भएको तेस्रो चरणको हापुरे-वार्तामा सरकारद्वारा प्रस्तुत प्रतिगामी अवधारणापत्रले माओवादीको राजनीतिक धैर्यलाई पनि समाप्त पारिदियो ।

यद्यपि वार्ता प्रक्रियाको दुःखान्त पटाक्षेपका लागि माओवादी र राजनीतिक दलहरूले पनि 'महत्वपूर्ण' भूमिका निर्वाह गरेका छन्, तर संवादको प्रक्रियामा मूल जिम्मेवारी र भूमिका राज्यकै हुन्छ । राष्ट्रव्यापी सशस्त्र विद्रोह संचालन गरिरहेको एउटा पार्टी बन्दूक बिसाएर शान्तिवार्तामा सहभागी हुनु आफैंमा सकारात्मक परिस्थिति हो । त्यो परिस्थितिलाई अवसरमा परिणत गर्न राज्यले व्यावहारिक-वैचारिक उदारता देखाउनुपर्थ्यो । तर, उसका यावत् गतिविधिहरू माओवादीलाई विश्वस्त तुल्याउनभन्दा पनि भड्काउनतिर केन्द्रित देखिए । यसरी एउटा सम्भावनाको हत्या भयो ।

शान्तिवार्ताको औपचारिक पटाक्षेपपछि पनि सरकारले अतिवादी रवैया देखायो । माओवादीहरूलाई तुरुन्त आतंककारी घोषणा गर्नु, निकट भविष्यमा वार्ताका सबै सम्भावनालाई समाप्त पार्ने चालबाजी थियो । युद्धकै बीचमा वार्ता हुनसक्थ्यो, तर 'आतंककारी' भनिसकेपछि त्यो सम्भावना टुङ्गियो । यसरी थापा सरकारले बन्द गर्नुपर्ने ढोकाहरू खोल्दै गयो र खोल्नुपर्ने ढोकाहरू बन्द गर्दै गयो ।

थापा सरकारको दोस्रो उपहार हो- 'युनिफाइड कमाण्ड' । सुरक्षा संयन्त्रको लगाम सेनाको हातमा सुम्पेर उसले नागरिक प्रशासनलाई पूर्णतः विस्थापन गरेको छ । मुलुक जनप्रतिनिधिमूलक निकायविहीन भएको, प्रजातान्त्रिक संस्थाहरूलाई पूर्णतः भूमिकाहीन तुल्याइएको र सम्वैधानिक निकायहरू महिनौंदेखि पदाधिकारीविहीन भएको अवस्थामा सेनालाई निर्णयाधिकारी तुल्याएर थापा सरकारले महादुर्घटनाको बीजारोपण गरेको छ । 'युनिफाइड कमाण्ड'को नाममा सेनालाई दिइएको नयाँ भूमिका र अख्तियार शान्तिसुरक्षामै मात्र सीमित रहनेछैन । विकास र नीति-निर्माणमा समेत अब सेनाको भूमिका निर्णायक हुनेछ । त्यसले सेनाको महत्वाकांक्षालाई अतिको हदसम्म नबढाउला भन्न सकिन्न । माओवादीलाई तह लगाउने नाममा थापाले तीव्र तुल्याएको सैनिकीकरणले राष्ट्रलाई एकदिन सैनिक दुर्घटनाको सीमासम्म पुऱ्याउनसक्छ ।

स्थानीय निकायको पंचायतीकरण थापा सरकारको तेस्रो 'उपलब्धि' हो । एकाध अपवादबाहेक कुनै जनाधार नभएका र बदनाम पृष्ठभूमिका असोजतन्त्रवादीहरूलाई 'गाउँ फर्क' शैलीमा स्थानीय निकायको जिम्मा लगाएर सरकारले नागरिक सत्ताको खिल्ली उडाएको छ । अहिले स्थानीय निकायमा मनोनीत व्यक्तिहरू कसैप्रति जिम्मेवार छैनन् । उनीहरू जनताका प्रतिनिधि नभएकाले नागरिकप्रति उनीहरूको प्रत्यक्ष जिम्मेवारी छैन । उनीहरू कर्मचारी पनि नभएकाले राज्यसंयन्त्रप्रति पनि उनीहरूको कुनै दायित्व छैन । थापाले उनीहरूलाई सुरक्षासंयन्त्रसँग सम्बन्ध राख्न र सहयोग पुऱ्याउन निर्देशन दिनुभएको छ । मानौं, उनीहरू सुरक्षा गतिविधिकै एउटा अंग हुन् ।

> **थापाको कार्यकालका कुल चारवटा 'उपलब्धि' छन्**

वास्तवमा थापाले असोजतन्त्रवादीहरूलाई दिएको बिर्ता हो- यो मनोनयन । र, ती 'प्रतिनिधि'हरू असोजतन्त्रका स्थानीय संवाहक हुन् । कतै कुनै जवाफदेहिता नभएका र प्रतिगमनको भारी बोकेबापत पुरस्कृत भएका व्यक्तिहरूले जनपरिचालन गरिदेलान् र असोजतन्त्र जोगिइरहला भन्ने भ्रम स्वयं थापाकै लागि पनि महँगो पर्नेछ । यसरी पनि 'जनताका प्रतिनिधि' छानिन्छन् भने भोलि प्रतिनिधिसभामै पनि निर्वाचन हुन नसक्ने बहानामा यो 'प्रयोग' नदोहोरिएला भन्न सकिन्न ।

थापा सर्वदलीय सहमतिको सपना बेचेर प्रधानमन्त्री हुनुभएको हो । उहाँलाई तोकिएको कार्यभार थियो- सर्वदलीय सरकारको गठन । तर, थापा संसद्‌वादी दलहरूसँग सहमति खोज्न र उनीहरूलाई सरकारमा सम्मिलित गर्न पूर्णतः असफल हुनुभएको छ । अब उहाँ जनाधारविहीन दलहरूलाई सरकारमा सामेल गरेर 'सर्वदलीय' भ्रम छर्न कस्सिनुभएको छ, तर भ्यागुताको धार्नी पुऱ्याउने यो दौड पूरापूर हास्यास्पद छ ।

यतिखेर प्रधानमन्त्री थापा निर्वाचनको मिति तोक्न हतारिनुभएको छ । निर्वाचनको कार्ड फ्याँकेर उहाँ दलहरूलाई आफ्नो सरकारमा सहभागी हुन बाध्य पार्ने रणनीतिमा हुनुहुन्छ । तर, निर्वाचन यथास्थितिमा सबैभन्दा ठूलो ठट्टा हो । मुलुकको २५ प्रतिशत भूगोलमा समेत प्रत्यक्ष र स्थायी नियन्त्रण नभएको सरकारले आमनिर्वाचनको गुड्डी हाँक्नु पाखण्डमात्रै हो । निर्वाचन आयोगमा एउटै सम्वैधानिक पदाधिकारी छैन, प्रधानमन्त्री त्यो पदपूर्ति गर्न असक्षम हुनुभएको छ । काठमाण्डौ उपत्यका र मोफसलका एकाध जिल्लालाई छाडेर पूरै देशमा सरकारीयन्त्र सदरमुकाममा मात्रै सीमित छ । यस्तो अवस्थामा निर्वाचनको सपना बेच्नु विराट षडयन्त्रबाहेक केही होइन । थापा निर्वाचनको नाममा सत्ता लम्ब्याइरहने प्रयत्नमा हुनुहुन्छ ।

१८ असोज, ०५९ पछि शुरूमा वार्ताको कार्ड फ्याँकियो । अग्रगामी इच्छा शक्ति र परिवर्तनवादी प्रतिबद्धताविनाको त्यो कार्ड नागरिकहरूलाई अल्मल्याउने चालबाजीमात्रै थियो भन्ने कुरा अब प्रष्ट भइसकेको छ । त्यसैले थापा अब आमनिर्वाचनका नाममा राष्ट्रलाई अल्मल्याउने र अन्तर्राष्ट्रलाई खुसी पार्ने नयाँ खेल खेल्दै हुनुहुन्छ । यद्यपि यी सबै खेल थापाका व्यक्तिगत उत्पादन होइनन् । उहाँ असोजतन्त्रको एउटा सानो औजारमात्रै हुनुहुन्छ । थापाका असफलताहरू उहाँका व्यक्तिगत विफलता त हुन् नै, सारमा समग्र असोजतन्त्रकै विफलता हुन् ।

थापाले राजनीतिक दलहरूसँग सहमति खोज्ने सम्भावना न हिजो थियो, न आज छ । अन्तै रिमोट भएको एउटा रोबोटसँग कुनै निर्णय-क्षमता हुँदैन । त्यसैले सहमति वा निर्वाचनको पाखण्डराग थापालाई सुहाउँदैन । ❑

# पाँचदलको आन्दोलनको भाग्य र भविष्य

**पाँच** दलहरुले संचालन गरेको आन्दोलन अहिले निक्कै जटिल र अप्ठेरो भीरमा अड्किएको छ । यसले आफ्नो विस्तारलाई जनस्तरसम्म फैलाउन त सकेन सकेन, आफ्नो सिंगो कार्यकर्तापंक्तिलाई पनि सम्पूर्णतामा परिचालन गर्न सकेन । आन्दोलनको अन्तरवस्तुमा अस्पष्टता र भ्रम, आन्दोलनमा सहभागी ठूला दलहरुको औंसी र पूर्णिमामा हुने अडानको उतार-चढाव, उनीहरुले आफ्नो शक्तिलाई आफैंले अविश्वास गरेर विदेशी कूटनीतिक केन्द्रहरुलाई गरेको गुहार र ती केन्द्रहरुबाट प्राप्त विश्वासघातको कालचक्रमा फस्नु नै अहिलेको आन्दोलनको समग्र नियति बन्नपुगेको छ । यसैकारण यसको शक्ति विस्तार हुनुको बदला क्षीण हुने प्रवृत्ति नै बढी देखिन थालेको छ ।

आन्दोलनको प्रभाव बढ्न नसक्नुमा ठूला दलहरुका विगत इतिहासका काम र सोचाइहरु सबभन्दा बढी जिम्मेवार छन् । स्पष्ट रुपमा भन्नुपर्दा नेपाली कांग्रेस र नेकपा एमालेका विगतका व्यवहारहरु नीतिविहीन, दृष्टिविहीन र आदर्शबाट च्यूत भएका थिए । राज्यमा पुगेपछि वा प्रतिपक्षमा रहँदा पालन गर्नुपर्ने न्यूनतम धर्मलाई परित्याग गर्नाले पार्टीभित्र र बाहिर अवाञ्छित संस्कृतिले ठाउँ बनाउन थाल्यो । फलस्वरुप बाहिरका प्रतिगामी र उग्रवामपन्थी दुईवटा मोर्चाहरुले आफ्नो राजनीतिक शक्ति विस्तार गर्न त्यही मुद्दालाई आधार बनाए । यसरी नै माओवादी पनि फस्टायो र प्रतिगामी दरवारको शक्ति पनि समानान्तर रुपमा बढेर गयो । यता उनीहरु चाँहि जनताबाट अलगथलग बन्दै थए ।

गत वर्षको असोज अठारको प्रतिगमनको निम्ति कांग्रेस र एमालेकै कार्यव्यापारले धेरै मद्दत पुऱ्यायो । त्यो कदम नेपालको ऐतिहासिक कालखण्डमा जनस्तरमा अत्यन्त अलोकप्रियता आर्जन गरेका राजाबाट सम्पन्न हुनसक्नुले पनि बुझिन्छ कि दलहरु कति कमजोर र जनभावनाबाट कटिएका रहेछन् ।

त्यसैले यो आन्दोलन २०४६ को आन्दोलनभन्दा अन्तरवस्तु र भावनामा धेरै फरक हुनगयो । आन्दोलनको अग्रपंक्तिमा हिँडेका भ्रष्ट एवं विवादास्पद नेताहरुको कारणले पनि यो आन्दोलन २०४६ सालको आन्दोलनको प्यारोडीजस्तो मात्र देखिनपुग्यो ।

कस्तो धर्मसंकट नखाउँ भने दिनभरिको शिकार, खाउँ भने कान्छा बाउको अनुहार ! राजाले स्पष्ट रुपमा प्रतिगामी दिशा लिन थालेका छन्, यसमाथि हस्तक्षेप हुनैपर्छ । तर हस्तक्षेप गर्ने अभियानमा गोविन्दराज जोशी र



लेखक

भरतमोहन अधिकारी शैलीका व्यक्तित्वहरु नै अग्रपंक्तिमा हावी छन् । उनीहरुको अनुहार हेरेर पनि आम जनसमुदायले आन्दोलनलाई पत्याउन सकेका छैनन् ।

त्यसपछिका अन्य कारकहरु त्यही सांस्कृतिक अधःपतनको धरातलमा निर्देशित भए । नेपाली कांग्रेसभित्र नरहरि आचार्य, सुशील कोइराला, रामबाबु प्रसाई र रामचन्द्र पौडेलहरु भए पनि त्यसको सकारात्मक सन्देश सम्प्रेषण हुनसकेन । नेकपा एमालेमा शंकर पोखेल, घनश्याम भुषाल र अमृत बोहोराहरु भए पनि त्यसले शुभसंकेत प्रसार गर्न सकेन । फलस्वरुप नेतृत्व तह आन्दोलनमा जुटेर पनि दुविधाग्रस्त, अस्पष्ट र अस्थिर हुनपुग्यो । जनतामा आफ्नो पकड मजबुत नभएपछि शक्तिकेन्द्रहरुप्रति आशामुखी हुनु स्वाभाविक हुनजान्छ । विगतमा नेकपा एमालेका नेता माधवकुमार नेपालले प्रधानमन्त्री पदका निम्ति दरवारको ढोकामा पेस गरेको दरखास्त अथवा विदेशी कूटनीतिक प्रतिनिधिहरुसित गरिएको हारगुहार यही नै अवस्थाका तात्विक परिणाम थिए ।

दरवारमा दरखास्त हाल्न जानु र विदेशी शक्तिकेन्द्रहरुलाई गुहार्न थालेपछि आन्दोलनको विश्वसनीयतामा अरु प्रश्नहरु खडा भए । जनस्तरमा ती कदमले दलहरु सत्तालिप्सामा छन् भन्ने प्रतिगामीहरुको आरोपलाई टेकोपुडो दियो । अझ पछिल्लो कदमले त आन्दोलनरत समूहभित्रै विरोधाभाष र खलबलीसमेत पैदा गरिदियो । साना वामपन्थी दलहरुले खुला रुपमा आफ्ना प्रश्नहरुलाई सार्वजनिक गरे । राजनीतिक विश्लेषकहरुले पनि आलोचनाको तारो त्यतातिर सोझ्याए । त्यही क्रममा दशैंको उपलक्ष्यमा नेपाली कांग्रेसले आयोजना गरेको चियापान चर्चा र विवादको विषय बन्यो । त्यो समारोहमा प्रतिगामी सरकारका प्रधानमन्त्री र मन्त्रीहरुलाई आमन्त्रित गरेको कुरामा नेकपा एमालेलगायतका बाँकी दलहरुले आफ्नो असहमति जाहेर गरे । यस विषयमा नेपाली कांग्रेसले आत्मालोचना गर्नुपर्छ भन्ने मागहरु पनि खुला बजारमा आए । यसले पनि आन्दोलनकारी दलहरुभित्र सैद्धान्तिक र वैचारिक एकत्व छैन भन्ने अर्थ विस्तार भयो । यस्तो अवस्थामा आन्दोलनको तागत घट्नु स्वाभाविक हो ।

यता आएर सबभन्दा पछाडिको अन्तरदलीय द्वन्द्व सरकारले फ्याँकेको चुनावी हतियारलाई लिएर उत्पन्न भएको छ । सरकारले स्थानीय निकायको चुनाव गराउँछु भनेपछि नेपाली कांग्रेसले चुनावमा भाग लिनेछ भनी विराटनगरमा कांग्रेसका नेता गिरिजाप्रसाद कोइरालाले सार्वजनिक अभिव्यक्ति दिनुभएको छ । कोइरालाको यो कुरालाई अरु दलहरुले उहाँ सरकारको बन्धकीमा परेको भनी आलोचना गरेका छन् । यसरी आलोचना गर्नेमा नेपाल मजदूर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छे धेरै मुखर रुपमा आउनुभएको छ । उहाँले कोइरालाले यस्तो निर्णय लिनुमा उहाँको अख्तियारमा रहेको लाउडा र पुत्री सुजाताको फाइल देखाई सरकारले ब्ल्याकमेल गरेको हुनसक्ने आशंका व्यक्त गर्नुभएको छ । यसरी कोइरालाले निर्वाचन भएमा त्यसलाई आन्दोलनको रुपमा लैजाने दृष्टिकोण अगाडि सार्नु भएकोमा बाँकी दलहरुले चुनाव बहिष्कार गर्ने संकेत दिएपछि यो खटपट विकसित भएको हो । यसले पनि आन्दोलनरत दलहरुले निष्पत्ति गर्ने मूल्य र आग्रहमा विग्रह उत्पन्न गर्न सहयोग पुऱ्याएको छ ।

यहाँ ध्यान दिनुपर्ने अर्को महत्वपूर्ण पक्ष पनि छ । विशेषगरी गत वर्षको असोज १८ पछि राजाको प्रतिगमनको विरोधमा रहेका सबै शक्तिहरु एक ठाउँमा



आन्दोलनको अग्रपंक्तिमा हिँडेका भ्रष्ट एवं विवादास्पद नेताहरुको कारणले पनि यो आन्दोलन २०४६ सालको आन्दोलनको प्यारोडीजस्तो मात्र देखिनपुग्यो

आउन सकेका छैनन् । नेकपा माओवादी आफूलाई छयालीस सालको आन्दोलनका मूल्य र उपलब्धिहरुको रक्षक भन्छ, तर बहुदलवादी संसदीय शक्तिहरुसित उसको अन्तरविरोध अझै पनि शत्रुवत् देखिन्छ । त्यस्तै, वामपन्थी पार्टीहरुको अर्को संस्था संयुक्त वाममोर्चा पनि राजाको कदमको सख्त खिलाफमा देखिन्छ । तर विडम्बनाको कुरा नेकपा एमाले र नेपाली कांग्रेसले ती शक्तिहरुलाई ऐक्यबद्ध गर्ने प्रयत्न चलाएका छैनन् । यस्तो नगर्नुमा बाह्य कूटनीतिक केन्द्रको त्रासले काम गरेको हुनसक्ने अनुमानहरु पनि राजनीतिक क्षेत्रमा उपस्थित छन् । यी सबै कारणहरु नै यो आन्दोलनको निरीहता र शिथिलताका कारण बन्न पुगेका छन् ।

सारांशमा भन्नुपर्दा अहिले आन्दोलन त छ, तर टुहुरो र नेतृत्वविहीन रुपमा मात्र । यसै कारणले पनि यसको भविष्यको क्षितिज धेरै टाढा हुनपुगेको छ । यसको विपरीत राजाले आरम्भ गरेको प्रतिगमनमा पंचायतीकरणको प्रक्रिया हरेक कोणबाट तीव्र र निरन्तर भइरहेको छ । एकातिर प्रतिगामी सरकारले चुनावको कुरा गरेको छ र अर्कोतिर स्थानीय निकायमा आफ्ना समर्थकहरुलाई भर्ने कार्य पनि युद्धस्तरमा सम्पादन गरिरहेको छ । संसद् नभएको मौका पारी प्रतिगमनलाई भरथेग गर्ने विधेयकहरु पनि धमाधम निर्माण गरिरहेको छ । पछिल्ला घटना र प्रवृत्तिहरुले यो क्रम अझ गहिरिएर जाने संकेत दिइरहेका छन् । अब प्रश्न उठ्छ, यो सबै परिस्थितिको के शिक्षा हुनसक्छ ? विशेष रुपमा प्रतिगमनको विरोधमा रही प्रजातन्त्र स्थापना गर्न चाहने जनपक्षीय विचारका अनुयायीहरुले यसबाट के सिक्ने ?

प्रश्नको उत्तर सहज छैन । किनकि त्यसपछि पनि अर्को प्रश्नको प्रेतले हामीलाई लखेटिनै रहनेछ । जस्तो कि के नेपाली कांग्रेस र नेकपा एमालेले आफ्नो जीर्ण र बदनाम भएको नेतृत्वपंक्तिलाई विस्थापित गरेर त्यसको ठाउँमा दूषित रगत नभएको वा भ्रष्टाचारको एचआईभी नभएको नयाँ पुस्तालाई स्थापित गर्न सक्छन् ? के उनीहरु प्रजातान्त्रिक आन्दोलनको विषयगत मुद्दामा निहित अस्पष्टतालाई सच्याउन तयार छन् ? के उनीहरु विगतका आफ्ना गम्भीर आर्थिक र नैतिक विचलनलाई सार्वजनिक रुपमा आत्मालोचना गरेर सच्याउन तयार छन् ? जब यी प्रश्नहरुको सकारात्मक उत्तर आउनसक्ने स्थिति छैन भने त्यसको नतिजा हुन्छ- अझै केही समयका लागि प्रतिगमन नै हाम्रो राजनीतिको मूलप्रवृत्ति । निश्चित छ, यो यथार्थलाई अर्थहीन र निस्सार तुल्याउन नेपालको प्रजातान्त्रिक राजनीतिमा निहित यथास्थिति, मूल्य र सिद्धान्तको प्रश्नमा व्यापक पुनरसंरचना हुनु जरुरी छ । ढिलो या चाँडो यस्तो नगरी हुँदैन । किनकि इतिहास सधैं प्रतिगामी र अँध्यारो दिशामा मात्र हिँड्दैन । मूलभूत रुपमा त्यसले अग्रगामी र उज्यालो गन्तव्यलाई नै पछ्याइरहेको हुन्छ । ❑


**हिन्दूमात्रको महान्**

**धार्मिक तथा सांस्कृतिक चाड**

**बडादशैं तथा दीपावली २०६० को**

**पावन उपलक्ष्यमा सम्पूर्ण नेपालीप्रति**


**हार्दिक शुभकामना**

**व्यक्त गर्दछौं**

हिमालयन बैंक लिमिटेड

**Himalayan Bank Limited**

(A Joint Venture with Habib Bank Limited-Pakistan)


**सोलार बिजुली प्रयोग गरौं, अँध्यारोमा नबसौं !**

सूर्यको किरणलाई विद्युतीय शक्तिमा (बिजुलीमा) परिवर्तन गरी विद्युत उत्पादन गर्ने प्रक्रियालाई सौर्य विद्युत वा सोलार बिजुली भनिन्छ । एउटा घरमा एउटा सोलार प्यानेल र अन्य उपकरणहरू (जस्तै ब्याट्री, कन्ट्रोलर) राखी ३-४ वटा बत्ती बाल्न, रेडियो, क्यासेट बजाउन र टेलिभिजन हेर्न सकिन्छ । सम्पूर्ण जडान कार्य अलिकति प्राविधिक ज्ञान भएको व्यक्तिले एक दिनमै पूरा गर्न सक्दछ । एक चोटी जडान गरिसकेपछि ब्याट्रीमा समय समयमा डिष्टिल पानी थप्ने बाहेक अन्य मर्मत सम्भार गरिरहनु पर्दैन ।

सोलार प्यानेलहरू १० देखि २५ वर्ष ग्यारेन्टी गरिएका हुन्छन् र तिनीहरूले २५-३० वर्षसम्म राम्रोसँग काम गर्दछन् । ब्याट्रीको हकमा ४-६ वर्षपछि फेर्नु पर्ने हुनसक्छ । चीमहरू जलेमा मात्र फेर्नु पर्दछ । तसर्थ सौर्य विद्युतको संचालन खर्च न्यूनतम नै हुन आउँछ । शुरूको लगानी (करीब २०,०००/- देखि ३५,०००/- पर्छ) । यसमा सरकारबाट रू. ८,०००/- देखि १२,०००/- सम्म अनुदान पाइने हुनाले पूरै रकम ब्यहोर्नु पनि पर्दैन । बैंकबाट सस्तो ब्याजमा ऋणको व्यवस्था पनि छ । मट्टितेलको खर्चमा बचतका साथै टुकीको धुँवाबाट मुक्ति पनि पाइन्छ । बिजुलीले तपाईंको घर सधैंलाई उज्यालो पार्नेछ ।

**SEC सोलार इलेक्ट्रिसिटी कम्पनी (प्रा.) लि.**

पोष्ट बक्स १२५१५, सोलार कम्प्लेक्स, बागबजार, काठमाण्डौ,

फोन : २२५२५३, २२७८७६, फ्याक्स : २२३८५१

# राप्रपा प्रतिगमनलाई सुदृढ गर्ने दिशामा

**गत वर्ष** पोखरामा सम्पन्न महाधिवेशनबाट राष्ट्रिय प्रजातन्त्र पार्टीले सर्वदलीय सरकार गठन गर्नुपर्ने निर्णय गरेको थियो । अहिले पनि उसले त्यही नीतिलाई निरन्तर दोहन्याउँदै आएको छ । लोकेन्द्रबहादुर चन्द प्रधानमन्त्री भएपछि बसेको रा.प्र.पा. केन्द्रीय समितिको बैठकले महाधिवेशन निर्णयकै आधारमा- "बृहत राष्ट्रिय सहमतिका आधारमा विघटित प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दलहरू सम्मिलित सर्वदलीय सरकारको गठन गर्नुपर्ने" प्रस्ताव पारित गरेको थियो र त्यसका निम्ति 'सर्वपक्षीय सम्मेलन'को प्रस्तावलाई अगाडि सारेको थियो । यही नीतिका आधारमा वर्तमान थापा सरकारबारे आफ्ना धारणा राख्दै पार्टी अध्यक्ष पशुपति शमशेर ज.ब.रा. भन्दछन्- "राष्ट्रिय सहमतिका आधारमा सर्वदलीय सरकार बनाउने कुराबाहेक अरू कुरामा पार्टीले सरकारलाई कसरी सहयोग गर्ने र खोइ ? पार्टीको नीति नै त्यही हो ।" यसबाट रा.प्र.पा. अहिले पनि सर्वदलीय सरकारको पक्षमा नै रहेको देखिन्छ ।

असोज १८ को शाही कदमपछि संसदीय राजनैतिक शक्तिहरूले मुलुकलाई वर्तमान संकटबाट मुक्त गर्न प्रतिगमनलाई सच्याउँदै अग्रगामी सुधार र परिवर्तनको दिशातर्फ बढ्नुपर्ने र त्यसका निम्ति सर्वदलीय सरकारको गठन वा संसदको पुनःस्थापना गर्नुपर्ने माग राख्दै आएका छन् । आफ्ना मागहरूलाई पूरा गराउन संसदीय शक्तिहरू आन्दोलनमा उत्रिएको पनि केही समय बितेको छ तर सर्वदलीय सरकारको एजेण्डालाई निरन्तरता दिइरहेको रा.प्र.पा.को भूमिका भने बेग्लै देखिन्छ । असोज १८ गतेको शाही कदमलाई रा.प्र.पा.ले न त समर्थन न त विरोध नै गन्यो । यो घुमाउरो रूपमा शाही कदमप्रति समर्थन थियो । जब कि अन्य संसदीय शक्तिहरूले तत्काल त्यसबारे तीखो प्रतिक्रिया व्यक्त गर्दै राजाले आफ्नो कदमलाई सच्याउनुपर्ने धारणा अगाडि सारे । राजाबाट असोज २५ गते लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा नौ सदस्यीय मन्त्रिपरिषद्को गठन गरियो । संसदीय शक्तिहरूले सरकारलाई 'अवैधानिक' भन्ने संज्ञा दिँदै आ[illegible]ना अडानहरूलाई पुनः दोहोन्याए, तर रा.प्र.पा.ले विना कुनै संकोच सरकारको समर्थन गन्यो ।

६ महिनाको कार्यकालमा चन्द सरकारले प्रतिगमनलाई सुदृढ गर्ने कार्यलाई तीव्र रूपमा अघि बढायो । यस दिशामा उसको पहिलो महत्वपूर्ण कार्य थियो- श्री ५ को सरकारको कार्यसम्पादन नियमावली २०४७ माथि संशोधन । यो यस्तो संशोधन थियो, जसले ०४६ सालपछाडि सिंहदरवारमा स्थापित अधिकारलाई दरबार पुन्याउने काम गन्यो । ६ महिनाको अवधिमा यसैअनुरूप राज्यका विभिन्न महत्वपूर्ण अंगहरूमा सरुवा, बढुवा र फेरबदलहरू गरिए । तर समस्या समाधानका निम्ति सर्वदलीय सरकारको एजेण्डालाई अगाडि सारेको रा.प्र.पा.ले सरकारका प्रत्येक प्रतिगामी कार्यहरूलाई सहयोग र समर्थन गर्दै गयो ।



प्रम थापा र पशुपति शमशेर

चन्द सरकारले सर्वदलीय सरकारको एजेण्डालाई पटक पटक उठायो, तर दलहरूले सरकारलाई अवैध बताउँदै सरकारमा सामेल हुन अस्वीकार गरे । रा.प्र.पा.ले सर्वदलीय सरकार गठनका निम्ति उपस्थित अवरोधलाई हटाउन कुनै प्रयत्न नै गरेन । उसले सर्वदलीय सरकारको एजेण्डालाई पनि उठाइरह्यो, दलहरूद्वारा अवैधानिक भनिएको सरकारलाई समर्थन गर्ने नीतिलाई पनि निरन्तरता दिइनै रह्यो । अन्ततः संसदीय राजनैतिक शक्तिहरूको चर्को विरोध, रा.प्र.पा.भित्र विकसित चर्को द्वन्द्व र दरबारिया रणनीतिअनुरूप चन्द राजीनामा दिन वाध्य भए । चन्दको राजीनामापछि निर्मित नयाँ राजनैतिक परिदृश्यमा आन्दोलनरत दलहरूको मागलाई सम्बोधन गर्दै राजाबाट नयाँ कदम चालिनेछ भन्ने अपेक्षा गरियो, तर त्यसो भएन । प्रधानमन्त्रीका रूपमा दलहरूका सर्वसम्मत व्यक्तित्व माधव नेपाललाई पन्छाएर अन्ततः रा.प्र.पा.कै नेता सूर्यबहादुर थापालाई प्रधानमन्त्री बनाइयो । राजाको यस कदमको दलहरूले तीखो विरोध गरे तर रा.प्र.पा. भने मौन बस्न रूचायो ।

थापाको सरकारलाई रा.प्र.पा.ले अहिलेसम्म औपचारिक समर्थन गरेको छैन, तर यसको मूल कारण पार्टी अध्यक्ष पशुपति शमशेरले माथि भनेजस्तो देखिँदैन । नीतिगत कारणभन्दा रा.प्र.पा.भित्र विकसित गुटगत द्वन्द्व नै पार्टीले सरकारलाई समर्थन नगर्नुको मूल कारण रहेको देखिन्छ । "मन्त्रिपरिषद्मा पार्टीबाट नाम पठाउने समबन्धमा रा.प्र.पा.को कुनै पनि स्तरको बैठक नबसेको र सिफारिस नगरिएको" भन्ने रा.प्र.पा. प्रवक्ता रोशन कार्कीको भनाइ र "वर्तमान सरकार रा.प्र.पा.को सरकार होइन, राजाले विशेष परिस्थितिमा धारा १२७ अनुसार गठन गरेको सरकार भएकाले यो स्वतन्त्र हुन्छ" भन्ने रा.प्र.पा. केन्द्रीय सदस्य भुवन पाठकको भनाइले पार्टीभित्रको द्वन्द्वलाई नै उजागर गर्दछन् । स्थिति यस्तो भए पनि सरकारका कार्यहरूमा रा.प्र.पा.को सरसल्लाह र सुझावमात्र होइन, प्रत्यक्ष सहभागिता पनि रहने गरेको छ । सरकारले केहीसमय अघिपछि गरेर नगरपालिकाका मेयर उपमेयर र जि.वि.स. सभापति, उपसभापतिहरूको नियुक्ति गरेको छ । यसका निम्ति स्थानीय विकास मन्त्रालयले एक संयन्त्रको निर्माण नै गरेरको थियो र पार्टीले गरेको सिफारिसको आधारमा मनोनयनका निम्ति सरकारसमक्ष नामहरू प्रस्तावित गरेको थियो । सरकारलाई समर्थन नगर्ने, तर सरकारका प्रत्येक कदमलाई सघाउने राप्रपाको यो तरिका उदेकलाग्दो मात्र छैन, फट्याईपूर्ण पनि छ । त्यसैले चन्दलाई समर्थन गर्ने, तर थापालाई समर्थन नगर्ने रा.प्र.पा.को दृष्टिकोणमा कुनै तार्किक संगति नै देखिँदैन ।

असोज १८ को घटनाबाट उत्पन्न राजनैतिक समस्या समाधानका सन्दर्भमा मात्र होइन, विगत आठ वर्षदेखि चलिरहेको माओवादी विद्रोहलाई समाधान गर्ने सन्दर्भमा पनि उसको भूमिका दोहोरो देखिन्छ । एकातिर उसले माओवादी विद्रोहको राजनैतिक समाधान खोजिनुपर्छ पनि भन्छ, अर्कोतिर राज्यको सैनिकीकरणको नीतिप्रति मौन समर्थन पनि जनाउँछ । उसले माओवादी विद्रोहलाई बहुदलीय प्रजातन्त्र र राजनैतिक शक्तिहरूविरूद्ध प्रयोग गर्ने


**यतिबेला असोज १८ को राजनैतिक अभिष्टलाई सघाउने एउटा प्रमुख राजनैतिक शक्ति हो रा.प्र.पा. र असोजतन्त्रको आँटको एउटा आधार पनि ।**



❑ अमर गिरी ❑

अघोषित रणनीति नै अपनायो विगतमा । त्यस रणनीतिको उद्धेश्य के थियो भन्ने कुराको जवाफ हो- असोज १८ को घटना ।

बहुदलीय प्रजातन्त्रप्रति प्रतिवद्धता जनाउने र राष्ट्रिय सहमतिका आधारमा सर्वदलीय सरकार गठन गरेर वर्तमान समस्यालाई समाधान गर्नुपर्छ भन्ने रा.प्र.पा. वस्तुतः आफ्नै मान्यता र प्रतिवद्धताको विरोधमा उभिएको पाइन्छ । असोज १८ पछिको उसको भूमिका प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रतिगमनलाई सघाउने रहेको छ । सर्वदलीय सरकारसम्बन्धी उसको एजेण्डा यथास्थितिवादी एजेण्डाभन्दा अरू प्रतीत हुँदैन । सरकार गठनको वर्तमान प्रक्रियामा दलहरूको सहभागिता, रा.प्र.पा.ले अगाडि सारेको सर्वदलीय सरकारको मुख्य चुरो रहेको देखिन्छ । वस्तुतः परिस्थितिलाई सुल्टो बनाउनेभन्दा झन् झन् उल्टो बनाउने भूमिकामा देखिन्छ रा.प्र.पा. । उसले अगाडि सारेको एजेण्डालाई असोज १८ को घटनाको उद्देश्यका सन्दर्भमा व्याख्या र परिभाषित गर्न आवश्यक छ । बहुदलीय व्यवस्थाको पुनःस्थापनापछि बहुदलीय प्रजातान्त्रिक मान्यताअनुसार आफूलाई हिंडाउन कस्सिएको रा.प्र.पा. अहिले पनि पुरानै अनुदारवादी राजनैतिक शक्ति हो, जसबाट प्रजातन्त्रको पक्षमा धेरै आशा गर्नु व्यर्थ छ । १२ वर्षमा उसले खेलेको भूमिकालाई हेर्दामात्र पनि धेरै कुराहरू स्पष्ट हुन्छन् । यतिबेला असोज १८ को राजनैतिक अभिष्टलाई सघाउने एउटा प्रमुख राजनैतिक शक्ति हो रा.प्र.पा. र असोजतन्त्रको आँटको एउटा आधार पनि । परिस्थितिले उसलाई बहुदलीय प्रजातन्त्र भन्नुपर्ने र सर्वदलीय सरकारको एजेण्डालाई उठाउनुपर्ने स्थितिमा त उभ्याइदिएको छ, तर ऊ यसप्रति इमान्दार देखिँदैन । वस्तुतः रा.प्र.पा. प्रतिगमनलाई सुदृढ गर्ने भूमिका सम्पादन गरिरहेछ । ❑



# वृत्तचित्रमा विचारको प्रश्न

**दक्षिण** एशियाली वृत्तचित्रहरुको चौथो महोत्सवमा यस पटक ४३ वटा वृत्तचित्रहरु देखाइए । *हिमाल एशोसिएसन*को आयोजनामा भएको सो महोत्सवमा यसपटक नेपाली वृत्तचित्रहरु तीनवटा थिए । ती वृत्तचित्रहरु नेपाली वृत्तचित्रको आम अवस्थाको सापेक्षतामा राम्रा थिए । दक्षिण एशियाली राष्ट्रहरुमध्ये भारतको सहभागिता यस महोत्सवमा सबभन्दा बढी थियो । महोत्सवमा सहभागी भारतीय वृत्तचित्रहरु विषयको विविधताका दृष्टिले पनि उल्लेखनीय थिए । तर विख्यात भारतीय वृत्तचित्रकर्मी आनन्द पटवर्द्धनको वृत्तचित्र 'जंग और अमन' प्राविधिक तथा वैचारिक दुवै दृष्टिले उत्कृष्ट वृत्तचित्र थियो । एकसय अठ्तीस मिनेट लामो यस वृत्तचित्रले भारत र पाकिस्तानबीच चलेको शस्त्रास्त्रको प्रतिस्पर्धाको क्यानभासमा सामाजिक न्यायसहितको शान्तिको तस्वीरलाई मूर्त बनाउने यत्न गरेको छ ।

भारत, पाकिस्तान, जापान र अमेरिका गरी ४ वटा राष्ट्रमा पुगेर छायांकन गरिएको यस वृत्तचित्रले शक्तिराष्ट्रहरुको मनोविज्ञानलाई मात्र उजागर नगरेर युद्ध र शान्तिका सामाजिक तथा सांस्कृतिक पक्षहरु, सत्ता र जनताबीच युद्धका विषयमा उठिरहेका अन्तरविरोधहरुलाई समेत देखाएको छ । संभवतः महोत्सवभरिको सर्वशक्तिमान यस वृत्तचित्रलाई निर्णायकहरुको तीन सदश्यीय टोलीले पटक्कै महत्व दिएन । निर्णायकहरुमा विख्यात पत्रकार मार्क टली, बंगलादेशकी शास्त्रीय नृत्यांगना, संगीतज्ञ तथा सांस्कृतिक योद्धा लुब्ना मारियम र श्रव्यदृश्य माध्यमसँग सम्बद्ध मिजोरमकी महिला लालसाओम्लियानी तोछ्वाङ्ग थिए ।

सेप्टेम्बर २४ देखि २८ सम्म जम्मा ४ दिन चलेको यस महोत्सवमा भारतीय वृत्तचित्र *दि एटिन्थ एलेफ्यान्ट- थ्री मोनोलग*ले पहिलो पुरस्कार प्राप्त गरेको थियो, जसमा हात्तीहरुमाथि मानिसहरुले गरेका बर्बरतापूर्ण दूर्व्यबहारहरुलाई दर्शाइएको छ । त्यस्तै, बंगलादेशी वृत्तिचित्र *टेल अफ द डार्केष्ट नाइट* दोस्रो भएको थियो, जसमा बंगलादेश बन्नुअघि पूर्वी पाकिस्तानको ढाका विश्वविद्यालयलमा पाकिस्तानी सेनाले गरेको नरसंहार र त्यस त्रासदीबाट बाँचेकाहरुले त्यसबारे दिएका बयानहरु दर्शाइएको छ ।

तेस्रो पुरस्कार *स्याण्ड एण्ड वाटर* शीर्षकको अर्को बंगलादेशी वृत्तचित्रले पाएको थियो । त्यसमा बंगलादेशभित्र बग्ने यमुना नदीको मध्य खण्डले वर्षायाममा मच्चाउने उत्पातबाट पीडित बंगलादेशीहरुको स्थिति दर्शाइएको छ । त्यस्तै, विशेष पुरस्कारका रुपमा नेपाली वृत्तचित्र *भेंडाको ऊनजस्तो*लाई सान्त्वना पुरस्कार दिइएको थियो । किरण कृष्ण श्रेष्ठको निर्देशन र छायांकनमा बनेको यस वृत्तचित्रका निम्ति पत्रकार नारायण वाग्लेले पटकथा लेखेका थिए ।

हिमाली क्षेत्रमा गाइने एउटा लोकगीतको मुहान खोज्दै रसुवा क्षेत्रको पदयात्रा गरिएका दृश्यहरु यस वृत्तचित्रमा रोचक तवरले प्रस्तुत भएका छन् ।

अन्य थुप्रै मानवीय समस्याहरु र वृत्तिहरुबारे, तिनीहरुको सामाजिक असर र परिणामहरुबारे बनाइएका वृत्तचित्रहरु महोत्सवमा थिए । तर यस पटकका निर्णायकहरुले यथार्थ र सामाजिक उपयोगिताको पक्षलाई भन्दा कला र मनोरंजनलाई वृत्तचित्रका प्रमुखतम् पक्षहरु ठह्याए । वृत्तचित्रजस्तो यथार्थको कलात्मक प्रक्षेपण गर्ने विधालाई यसपटक Fun का रुपमा व्याख्या गर्ने महोत्सवका आयोजकहरुको वैचारिक प्रस्तुति विचारणीय छ । तर पनि यस प्रकारको महत्वपूर्ण विधासँग नेपाली दर्शकको आकर्षण निर्माण गर्न विगत ६ वर्षदेखि *हिमाल एसोसिएसन*ले गर्दै आएको प्रयास सहाहनीय नै मान्नुपर्छ ।

❑ **समीर थापा**

मकालु यातायात बससेवा
काठमाण्डौ, कलंकी, फोन नं. ४२७७५५२

काठमाण्डौबाट बस जाने स्थान र बस छुट्ने समय

काठमाण्डौ - काकडभिट्टा- बिहान ५:०० बजे, भद्रपुर- ५:१० बजे, उर्लाबारी-मधुमल्ला- ५:२० बजे, विराटनगर- ५:४५ बजे, राजविराज- ६:०० बजे, सिरहा-माडर- ६:१५ बजे, मलंगवा- ६:३० बजे, विराटनगर दोस्रो- ६:४५ बजे, धरान- ७:०० बजे, जनकपुर- ७:२० बजे, गौर- ७:४० बजे, बिरगंज- ७:०५, ८:००, १०:००, १०:१५, ११:०० र १२:१५ बजे, कलैया- ८:०० र १०:१५ बजे, बरहथवा- ८:३० बजे, भरतपुर- ८:३०, ९:१५ र ११:४५ बजे, गितानगर- दिउँसो १:३० बजे, पर्साढाप-मेघौली- दिउँसो १:५५ बजे, नारायणगढ- विशालचोक - दिउँसो २:२० बजे, बिरगंज रात्री- बेलुका ८:१५ बजे

आरामदायी तथा भरपर्दो सेवाको लागि मकालु यातायातलाई सम्झनुहोस् !

# पिपुल्स वार र एमसीसीबीच एकीकरण

हिजोसम्म भारतका प्रतिबन्धित माओवादीहरू राज्यसत्तासँगसँगै एकआपसमा समेत युद्धरत् थिए, यदुवंशी शैलीमा । तर आज यिनीहरू नै आपसी मतभेद सल्टाएर एकीकृत हुने निर्णायक प्रक्रियामा व्यस्त छन् र यदुवंशी शैलीको मारकाट बन्द गर्दैछन् ।

भारतभरि जनवादी क्रान्तिका लागि सशस्त्र संघर्ष गरिरहेको दावी गर्दै आएका भाकपा माले, पिपुल्स वार ग्रुप (PWG) र माओवादी कम्युनिष्ट सेन्टर (MCC) बीच एकडेढ महिनाभित्रै पार्टी एकीकरण हुने भएको छ । पिपुल्स वार ग्रुपका पोलिट्ब्यूरो सदस्य रामजीका अनुसार दुवै समूहका उच्चस्तरका नेताहरूबीच एक महिनाअगाडिदेखि *एकता-वार्ता* चलिरहेको छ । सो वार्ताको क्रममा आआफ्ना वैचारिक र राजनीतिक भिन्नताहरू तथा रणनीतिक र कार्यनीतिक मतभेदहरू सल्टाउने काम भइरहेको छ ।

विगत दुई दशकदेखि बिहारका गाउँहरू कब्जा गर्न र प्रभाव क्षेत्रमाथिको प्रभुत्व कायम गरिराख्न आपसमा विचार र हतियारले संघर्ष गरिरहेका थिए यी दुवै समूहहरू । यी समूहहरूबीच वर्षौंदेखि चलिरहेको एकताको प्रयासको क्रममा पटक पटक टुटेका थिए एकता-वार्ताहरू । यस पटकको वार्ता फलदायी र निर्णायक हुने माओवादी नेताहरूको विश्वास साँच्चै नै व्यवहारिक रूपमा अनुवाद हुने देखिन्छ ।

वास्तवमा सन् १९८० को दशकदेखि नै एकता-वार्ताको क्रम थालेका यी समूहहरूमध्ये पिपुल्स वार ग्रुपका प्रभावशाली नेता के. जी. सत्यमूर्तिको पार्टी-त्यागपछि यसमा सुस्ति छाएको थियो । सन् १९९० को शुरूमा यसका संस्थापक नेता कोण्डापल्ली सीतारमैयाले यस प्रक्रियालाई केही तीव्रता दिइरहेकै बेला आफ्नै पार्टीभित्र उठेको वैचारिक मतभेदको नाममा उनलाई पार्टीबाटै निष्काशन गरिएको थियो । त्यसपछि नयाँ नेतृत्वमा आएका मुपल्ला लक्ष्मण राव अर्थात् गणपतिले बिहारमा क्रियाशील भाकपा माले, पार्टी यूनिटीसँग अगस्ट ११, १९९८ मा एकीकरण भएपछि एकता-वार्तालाई गति दिएका थिए । वार्ताको क्रममा माओवादी कम्युनिष्ट सेन्टर संकीर्ण भएको र ऊसँगका वैचारिक र रणनीतिक मतभेदहरू गहिरो भएको अनुभव पिपुल्स वार ग्रुपका नेताहरूको थियो ।

सन् २००१ तिर एमसीसीको नेतृत्वले पुनः एकपटक एकता-वार्ताप्रति आफ्नो रूचि प्रकट गरेपछि यो प्रक्रिया फेरि शुरू भएको थियो । विशेषगरी एमसीसीको नेतृत्वमा रहेका एकताविरोधीहरूले अगस्ट २००१ मा पार्टी त्यागेपछि यो प्रक्रियाले तीव्रता पाएको थियो । त्यसबेलादेखि नै घनीभूत रूपमा आफ्ना मतभेदहरूको बारेमा छलफल गर्ने र विवादहरू हल गर्दै जाने क्रम अगाडि बढाइएको थियो ।

यी दुई माओवादी समूहहरूको एकीकरणको प्रक्रियाको बारेमा 'रेड स्टार ओभर साउथ एशिया ?' शीर्षकमा 'स्टेट्सम्यान' दैनिकमा प्रकाशित शाहीद परवेजको प्रमुख समाचारमा 'नेपालका माओवादीलगायत अन्य दक्षिण एशियाली उग्रवादी समूहहरूले एकता-प्रक्रियामा प्रमुख भूमिका खेलेको' दावी गरिएको छ ।

स्मरणीय छ, यी दुवै समूहहरूसँग नेपालमा युद्धरत् माओवादी पार्टीसँग भाइचारा सम्बन्ध रहेको छ । र, भारतीय सरकारको दावी अनुसार यी समूहहरूसँग माओवादीको सामरिक सम्बन्धसमेत रहेको छ । अतः यी दुवै समूहहरूको एकीकरणसँगै भारत र नेपालमा सशस्त्र संघर्ष गरिरहेका र राष्ट्रियताका लडाइँ लडिरहेका समूहहरूबीच कार्यगत एकताको संभावनाको ढोका खोल्ने विश्वास एकीकरणको प्रक्रियामा व्यस्त भारतीय माओवादी नेताहरूले लिएका छन् । ४० वटाभन्दा बेसी समूहहरूमा विभाजित भारतका नक्सलवादी समूहहरूमध्ये सबैभन्दा शक्तिशाली मानिएका यी दुई माओवादी सशस्त्र संगठनहरूको एकीकरणले भारतका केही राज्यहरूको राजनीतिक र सैनिक शक्ति-सन्तुलनमा समेत असर पार्ने अनुमान गरिएको छ, जसबाट नेपाल पनि अछूतो रहने संभावना कम छ ।



*भारतीय माओवादी समूहहरूको यो एकताले नेपालमा असर के होला ?*

पिपुल्स वार ग्रुपका नेताहरूको दावीअनुसार यो एकीकरणपछि दक्षिण एशियाली माओवादी पार्टीहहरूको कन्फेडरेशन (कम्पोसा)को योजनालाई सफलतापूर्वक लागू गर्न सकिन्छ, कम्पोसाको योजनामा नेपालदेखि भारतका आन्ध्रप्रदेशको दण्डकारण्य क्षेत्रलाई जोड्ने गरी क्रान्तिकारी क्षेत्र वा 'मुक्त इलाका' बनाउन सकिन्छ ।

मूलतः बिहार, झारखण्ड, मध्यप्रदेश, छत्तीसगढ, उडिसा र आन्ध्रप्रदेशमा सशस्त्र संघर्ष गरिरहेको पिपुल्स वार ग्रुप र बिहारमा सक्रिय सशस्त्र उपस्थिति देखाइरहेको एमसीसीको एकीकरण ती सबै राज्यहरू, त्यसमा पनि विशेषतः बिहार राज्य-सरकारका लागि ठूलो टाउको दुखाइको समस्या हुने देखिन्छ ।

पार्टी यूनिटीसँगको एकतापछि भारतको सबैभन्दा ठूलो सशस्त्र नक्सलवादी समूहमा रूपान्तरित भएको पिपुल्स वार ग्रुपद्वारा केही समयअगाडि मात्रै व्यक्ति-हत्याको नीतिअनुरूप आन्ध्रप्रदेशका मुख्यमन्त्री चन्द्रबाबु नायडूको हत्या-प्रयास गरिएको थियो । पहिले शान्तिवार्तामा बसिसकेको आन्ध्र-सरकार र यस समूहबीचको तिक्तता यस समूहका नेताहरूको गिरफ्तारी र नक्कली मुठभेडमा हत्याको स्तरमा विकास भएपछि यस्तो प्रतिक्रिया व्यक्त गरिएको देखिन्छ । अहिले नायडूकै सिको गर्दै 'साम्राज्यवादीहरूको शोषणलाई बढावा दिएको र निजी सेना र प्रहरी परिचालनमार्फत् दमन अभियान तीव्र पारेको' आरोपमा यस समूहले बिहार र झारखण्डका मुख्यमन्त्रीहरूलाई पनि आफ्नो कारबाहीको सूचीमा राखेको घोषणा गरेको छ ।

त्यसैले ती दुवै राज्य-सरकारहरूले एकातिर पिपुल्स वार ग्रुपसँग वार्ता गर्ने संकेत दिइरहेका छन् भने अर्कोतिर सैन्य-दमनका लागि प्रहरी परिचालनसँगै छ बटालियन सेना तैनाथ गर्न केन्द्र सरकारलाई स्वीकृति दिइसकेका छन् ।

भाजपाको नेतृत्वमा रहेको केन्द्रीय सरकारका गृहराज्य मन्त्री स्वामी चिन्मयानन्दका अनुसार 'बिहारका विभिन्न भूभागमा, विशेषतः नेपालसँग जोडिएको सीमामा पाकिस्तानी गुप्तचर संस्था-आईएसआई, नेपाली माओवादी र अन्य उग्रवादी संगठनहरूको गतिविधि चिन्ताजनक ढंगले बढेकोले उक्त समस्या समाधान गर्न विशेष योजना बनाइएको छ ।'

भारतलाई तोडफोड र हिंसामार्फत् अस्थिर र कमजोर बनाउने उद्देश्यले आईएसआई, नेपाली माओवादी र उग्रवादी संगठनहरू आपसमा तालमेल गर्ने र कहिलेकाहीँ एक भएर काम गर्ने अभियानमा संलग्न रहेको आरोप लगाउन समेत पछि नपरेका स्वामी चिन्मयानन्दको भाजपा सरकार यो एकीकरणपछि झन् बेसी आक्रामक र दमनकारी हुने संभावना छ । अतः राज्य र केन्द्रीय सरकारको दमनका बावजूद स्थानीय स्तरमा सत्ताशक्ति प्राप्त गरिरहेका र आफ्नो राजनीतिक र समारिक शक्तिमा विस्तार गरिरहेका यी माओवादी समूहहरूको एकीकरण धेरै हिसाबले अर्थपूर्ण हुने देखिन्छ, भारतको सन्दर्भमा मात्रै होइन, नेपालको प्रसंगमा पनि । ❑

भुटानी शरणार्थी समस्या

# के सहज छ, शरणार्थीहरूको फिर्तीपछिको जीवन ?



हिरण्यलाल श्रेष्ठ


भुटानी शरणार्थी समस्याबारे नेपाल-भूटान संयुक्त मन्त्रिस्तरीय समितिको १५ औं चरणको बैठक थिम्पुमा गत अक्टोबर २०-२२, २००३ मा सम्पन्न भएको लगत्तै नेपालका विशेष दूत डा. भेषबहादुर थापाले भुटानको एकमात्र पत्रिका 'कुन्सेल'का प्रतिनिधिलाई भन्नुभएछ :

"अब वार्ता गर्न सकियो, काम थाल्ने बेला आयो ।"

फागुन ३ देखि खुदुनावारी शिविरका पहिलो, दोस्रो र चौथो वर्गका भुटानीहरू, जो भुटान फर्कन चाहन्छन्, तिनीहरूलाई फिर्ता लग्ने प्रक्रिया शुरू हुन्छ । यसरी खुदुनावारी शिविर खाली गरिने पहिलो शिविर हुनेछ । प्रमाणीकरण र वर्गीकरण गरी पहिलो शिविरमा भएका सबै प्रक्रिया पूरा गरी खाली गर्न छानिएको दोस्रो शिविर मोरंगको शनिश्चरे परेको छ । तेस्रो वर्गमा परेका गैर-भुटानी भनिएकाहरूको पुनरावेदनबारे आगामी जनवरी, २००४ को अन्त्यसम्ममा संयुक्त प्रमाणीकरण टोलीले छानवीन गरेर निर्णय गर्ने भएको छ । खुदुनावारी शिविरका ७५ प्रतिशतलाई भुटानी मान्न लगाउन सक्नु र फिर्ता लग्ने समयतालिका बनाउन सक्नुलाई नेपालले आफ्नो सफलता सम्झेको छ । स्वदेश फर्कन पाउने आश, त्यता पुगेर अन्तर्राष्ट्रिय अनुगमनको अभावमा भुटान सरकारको पुरानै व्यवहारमा पिसिने हुन् कि भन्ने त्रासको दोसाँधमा शरणार्थीहरू पुगेका छन् । जोखिम उठाएरै भएपनि स्वदेश फर्कन पाउने हकको उपभोग गरेमा त्यो देशभक्तिपूर्ण फिर्तियात्रा हुनेछ, अन्यथा मौका आउँदा पनि नफर्कनु निकाल्नेहरूकै इच्छा पूरा गरिदिने पलायनवादी कार्य हुनेछ । शरणार्थी फिर्ति प्रक्रिया र भुटानमा उनीहरूको पुनर्एकीकरण नभएसम्मको भुटान सरकारको व्यवहारलाई अग्निपरीक्षाको रूपमा संसारले हेरिरहनेछ । फिर्ति प्रक्रियालाई सहज बनाउन शरणार्थी प्रतिनिधिहरू र भुटान सरकारबीच संवाद गरी विश्वासको वातावरण सिर्जना गर्नुपर्ने र फर्केपछि कहाँ कुन अवस्थामा राखिने भन्नेबारेमा आश्वस्त पार्नुपर्ने, खासगरी नागरिकताको ग्यारेन्टीसहित पुरानो किलो-थलोमा बस्न पाउनुपर्छ भन्ने आधारभूत कुरा पूरा भएमा मात्र शरणार्थी समस्या समाधान सहज हुनेछ । शरणार्थीबारे प्रचलित अन्तर्राष्ट्रिय मापदण्डअनुसार शरणार्थी फिर्तिप्रक्रिया पूरा गरी भुटानी समाजमा पुनर्एकीकरण गर्न नसकेमा द्विपक्षीय प्रयास असफल भएको ठहरिनेछ । अर्कोतिर, गैरभुटानी भनिएका तेस्रो वर्गमा परेकाबारे न्याय दिन नसकेमा राज्यविहीनताको दुष्परिणाम निस्कन सक्ने खतरा उत्पन्न हुनेछ । तसर्थ, नेपाल र भुटान सरकारहरू दुवै पक्षले समस्या समाधान गर्न राम्रो निर्णय गरें भन्ने दावीलाई व्यावहारिक परिणामको कसीमा परीक्षण गर्न पर्खेर हेर्नु पर्नेछ ।

भुटानका शासकहरूले १९८० को दशकमा जनगणना गराउँदा नेपालीभाषी भुटानी नागरिकहरूको संख्या तुलनात्मक रूपमा धेरै देखेपछि सो संख्या योजनावद्ध ढंगबाट घटाउन नागरिकताबारे कानूनमा पूर्वाग्रही हेरफेर गर्नु, शासक जातिकै भाषा, भेष लाद्नु र १९९० को दशकको प्रारम्भमा ल्होछाम्पाहरूले मानवअधिकार तथा प्रजातन्त्र खोजेपछि दमनचक्र चलाएर केहीलाई जबर्जस्ती देश निकाला गर्नु र त्यसबाट संत्रासको वातावरण सिर्जनाभै धेरै आफैं पनि डरले गर्दा देश छोडेर भाग्नु नै भुटानी शरणार्थी ओइरिनुको मूल कारण हो ।

नेपाल र भुटानको सीमा जोडिएको छैन । तसर्थ भुटानी शरणार्थीले शरण लिएको पहिलो मुलुक भारत हो । भारतले ती शरणार्थीलाई नेपालको सीमानामा ल्याएर छोड्नुबाट सो समस्या भारत-भुटान समस्या हुनुको बदला नेपाल-भुटान समस्यामा परिणत भयो । भुटान र नेपालबीच आउन-जान राहदानी र भिसा चाहिन्छ, तर भारतसितको खुला सीमानाले गर्दा र नेपालीभाषी शरणार्थीप्रति उदार दृष्टिकोण अपनाउँदा नेपालले भुटानी शरणार्थी समस्या बोक्नुपरेको थियो । त्यसपछि नेपालले बस्न ठाउँ दिएको र यू.एन.एच.सी.आर.ले अन्तर्राष्ट्रिय सहयोगबाट शरणार्थी शिविर चलाउँदै आएकोले यो शुरूदेखि नै अन्तर्राष्ट्रिय समस्या हो ।



डा. भेषबहादुर थापा

**स्वदेश फर्कन पाउने आश, त्यता पुगेर अन्तर्राष्ट्रिय अनुगमनको अभावमा भुटान सरकारको पुरानै व्यवहारमा पिसिने हुन् कि भन्ने त्रासको दोसाँधमा शरणार्थीहरू पुगेका छन्**

नेपाल-भुटानबीच शरणार्थी समस्या समाधान लम्बिनुको मूल कारण सन् १९९३ मा नेपालले शरणार्थीलाई गरेको वर्गीकरणमा रहेको त्रुटी हो । त्यसबेला नेपालले (क) जबर्जस्ती खेदिएका खाँटी भुटानीहरू (ख) स्वेच्छाले भुटान छोडेका भुटानीहरू (ग) गैरभुटानी नागरिकहरू र (घ) अपराधिक कार्यमा संलग्न भुटानी भनी चार वर्गमा वर्गीकरण गर्न सहमति जनाएको थियो । यसबाट यो समस्या समाधान प्रक्रिया लम्बियो । त्यसो गर्दा प्रमाणीकरण, वर्गीकरण र त्यसप्रति समन्वयात्मक दृष्टिकोणमा पुग्न निक्कै गाह्रो र लामो प्रयास गर्नुपर्‍यो । भुटान सरकारले वर्गीकरणलाई स्वीकार गर्नुअगाडि शिविरमा बस्ने मान्छेलाई भुटानी नागरिक होइनन् भनेको थियो । वर्गीकरण नेपालले स्वीकार गरेपछि बल्ल केही जबरजस्ती निकालिएका, धेरै स्वेच्छाले छोडेका, केही गैरभुटानी र केही अपराध गरी भागेका छन् भनी भुटानले औपचारिक रूपमा स्वीकार गर्‍यो । त्यसपछि पनि खाँटी भुटानी पहिलो वर्गको थोरै संख्या निकाल्ने र तिनीहरूलाई मात्र फर्काउने, अरूलाई नफर्काउने कुरा गरी वार्ता लम्ब्यायो । अन्तर्राष्ट्रिय चासो र नेपाली जनमत तथा शरणार्थीहरूको दवाव बढ्न थालेपछि गैरभुटानी 'ग' वर्गका बाहेकलाई फर्काउछु, तर सबभन्दा बढी प्रतिशत दोस्रो वर्गमा देखाउने र त्यसमध्ये भुटान र नेपालले बाँडचुड गरौं भन्न थाल्यो । स्वेच्छाले देश कसैले छोड्दैन, जबर्जस्ती निकालेको देखेपछि र संत्रास फैलिएपछि मनोवैज्ञानिक दवावबाट आफैं निस्केकालाई पनि 'क' वर्ग सरह सबैलाई फर्काउनुपर्छ भन्ने अडान राख्दै आएको नेपालले प्रतिनिधिसभा विघटन र दलीय सरकार विघटन भएपछिका प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दको मन्त्रिपरिषद्का परराष्ट्रमन्त्री नरेन्द्र विक्रम शाहको भुटानको अनौपचारिक भ्रमणपछि एक्कासी नयाँ समझदारी

बन्यो र भुटान जानेलाई भुटानी नागरिकता, भुटान नजानेलाई नेपाली नागरिकताको आवेदन भर्न लगाउने भन्ने कुरा त्यसपछिको १२ औं चरणको मन्त्रिस्तरीय औपचारिक बैठकमा सहमति पत्रमा हस्ताक्षर गरियो । फिर्ति प्रक्रियामा अन्तर्राष्ट्रिय अनुगमनको अडान नेपालले छोड्यो । धेरै प्रतिशत जवर्जस्ती निकालेको देखाउँदा भुटानी सत्ता अन्तर्राष्ट्रिय रूपमा बदनाम होला भन्ने पीरप्रति नेपाल सरकारले पनि सहानुभूति राखेर केवल २ दशमलब ४ प्रतिशत मात्र 'क' वर्गमा राख्न मंजुर गऱ्यो । सबभन्दा धेरै प्रतिशत 'ख' वर्गमा राखेको मात्र होइन, उनीहरूको नागरिकतालाई ग्यारेन्टी नगरी फर्केपछि पनि दुई वर्ष परीक्षण कालमा राख्ने, पुरानै घर-जमीन पाउने कुरा पनि अनिश्चित गरी फर्काउने अर्थात् फर्कन अनाकर्षक शर्तहरू राखेर विकर्षण गर्ने र नेपाली नागरिकता पाइन्छ नि भन्ने बूँदा देखाएर शरणार्थीको बोझ नेपालसित बाँडचुँड गर्ने षडयन्त्रमा नेपालले गरेको हस्ताक्षर आश्चर्यजनक थियो । नेपाली नागरिक समाज, शरणार्थीहरू र अन्तर्राष्ट्रिय समुदायबाट १४ औं चरणसम्ममा प्रकट भएका ती द्विपक्षीय सहमति र वर्गीकरण परिणामप्रति तीव्र आलोचना हुन थाल्यो ।

यसैबीच नेपालमा सूर्यबहादुर थापाको प्रधानमन्त्रीत्वमा नयाँ मन्त्रिपरिषद् गठन भयो । त्यसले डा. भेषबहादुर थापालाई परराष्ट्र मामिलामा विशेष प्रतिनिधि नियुक्त गऱ्यो । उहाँले शरणार्थी प्रतिनिधि, नेपालका राजनीतिक र नागरिक समाजका प्रतिनिधिहरूसित भेट गरेर सल्लाह-सुझाव लिनुका साथै अन्तर्राष्ट्रिय समुदायको प्रतिक्रियासमेत बुझेर न्यूयोर्कमा भुटानका परराष्ट्रमन्त्री खान्दु वाङचूकसित भेटवार्ता गर्दा ती चासोहरूलाई सम्बोधन गर्न आग्रह गर्नुभयो । १५ औं चरणको बैठकको तिथि तय गर्नुभयो । भुटानी मानवअधिकारवादी नेता टेकनाथ रिजालबाहेक अरू शरणार्थी नेताहरू र भुटानसित वार्तामा पहिले संलग्न विभिन्न पार्टीका पूर्वमन्त्रीहरू र नागरिक समाजका मान्छेसित भेटेर १५ औं चरणको वार्ताका लागि थिम्पु प्रस्थान गर्नुभयो । तर विगतका निर्णयहरूको बन्धन तोड्न उहाँलाई सजिलो भएन ।

यसअगाडि नेपाल सरकार र यू.एन.एच.सी.आर.का उच्चायुक्त रूड लुब्बर्सबीच वहाँको वक्तव्यलाई लिएर सार्वजनिक रूपमा विवाद उत्पन्न भएको थियो । लुब्बर्सले २९ सेप्टेम्बरमा जेनेभामा शरणार्थीबारेको बैठकको शुभारम्भमा दिनुभएको वक्तव्यमा भुटानी शरणार्थी समस्याबारे यसरी उल्लेख गरिएको रहेछ- "एशियातर्फ फर्कंदा मेरो कार्यालयले नेपालका शिविरहरूमा रहेका १ लाखभन्दा बढी भुटानी जनताको समस्या समाधान गर्ने कुरामा रहेको गतिरोध फुकाउन सर्वाधिक प्राथमिकता दिएको छ । यी मानिसहरूका समस्याको समाधान पहिल्याउन मेरो कार्यालयले भुटान र नेपाललाई सहयोग गर्दागर्दै पनि यी मानिसहरूको

प्रमाणीकरण गर्ने भुटान-नेपाल संयुक्त प्रक्रियामा हामीलाई सहभागी गराउन सकेन, उनीहरूलाई फर्काइने भनिएको सम्भावित ठाउँमा भुटान सरकारले हामीलाई पुग्ने पहुँच पनि दिएन । यस्तो कुरा हामीलाई बिल्कुल स्वीकार्य छैन । त्यसैले मैले तीन मुख्य कदमहरू चाल्ने निर्णय गरेको छु । पहिलो, जसै नेपाल सरकारले नेपालमा बस्न चाहनेहरूलाई बस्न दिने र नागरिकता प्रदान गर्ने भएको छ, मेरो कार्यालयले तिनीहरूलाई नेपालमा एकीकृत गर्ने, आत्मनिर्भर हुने परियोजनाहरूमा सहयोग गर्ने र क्रमशः शिविरहरूमा रहेको हाम्रो संलग्नताबाट हट्नेछौं, दोस्रो, मेरो कार्यालयले खतरायुक्त समूहका मान्छेहरूलाई तेस्रो मुलुकमा पुर्नवास गराउन सघाउने छ । तेस्रो, भुटानमा यू.एन.एच.सी.आर.ले हामीलाई पुग्ने पहुँच नदिएको हुनाले फिर्ति प्रक्रियाको अनुगमन गर्न असंभव बनाइदिएको छ, त्यसैले हामीले फर्कने कुरालाई प्रोत्साहित गर्ने छैनौं । तथापि, हाम्रो कार्यालयले उनीहरू

सरकारलाई मंजुर गराउन सकेको देखिन्छ, तर यत्तिकैमा शरणार्थी र अन्तर्राष्ट्रिय समुदायको चित्त बुझेको देखिँदैन ।

नेपाल-भुटान मन्त्रिस्तरीय संयुक्त समितिको १५ औं बैठकका निर्णयहरूप्रति शरणार्थीहरू र नेपाली नागरिक समाजको प्रतिक्रिया मिश्रित र आलोचनात्मक देखिन्छ । हाल काठमाण्डौमा रहेका भुटानी मानवअधिकारवादी नेता टेकनाथ रिजालले यस पटकका निर्णयहरूले कुनै नौलो नयाँ निचोड ननिकालेको, भुटानी राजा र शरणार्थी नेताहरूबीच सम्वाद र समझदारीबाट मात्र दिगो समाधान हुने कुरा दोहऱ्याउनुभएको छ । धेरैजसो शरणार्थी नेताहरूले स्वदेश फर्कन पाउने आशा गरेतापनि नागरिकताको ग्यारेन्टी, पुरानै किलो-थलोमा पुनर्वासको सुनिश्चितता र अन्तर्राष्ट्रिय अनुगमनको आवश्यकतामाथि जोड दिएका छन् । एम्नेष्टी इन्टरनेशनललगायतका विविध अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्थाहरूले शरणार्थीसम्बन्धी द्विपक्षीय वार्ता




भुटानी मानवअधिकारवादी नेता **टेकनाथ रिजाल**ले यस पटकका निर्णयहरुले कुनै नौलो नयाँ निचोड ननिकालेको, भुटानी राजा र शरणार्थी नेताहरुबीच सम्वाद र समझदारीबाट मात्र दिगो समाधान हुने कुरा दोहऱ्याउनुभएको छ।

स्वेच्छाले नेपालबाट फिर्ता जाने भएमा त्यसका निम्ति प्रमाणित गर्न सहयोग गर्नेछ । भुटानमा फिर्ता जाने हकको सम्मान हुनुपर्छ । मैले राज्यहरूलाई खासगरी छिमेकी भारतलाई यी मानिसहरूको समस्याको न्यायपूर्ण, मानवीय र दीगो समाधानका उपायहरू पत्ता लगाउन भुटान र नेपाललाई सहयोग गर्न आग्रह गर्छु ।"

भुटानले यू.एन.एच.सी.आर.लाई अनुगमन गर्न अस्वीकार गर्दैमा नेपालसित रिस गरेर शरणार्थी फिर्ति कार्यलाई प्रोत्साहन दिँदैन भनी रूड लुब्बर्सले भन्न नहुने, द्विपक्षीय रूपमा समाधानतर्फ अगाडि बढिरहेको बेला कसैले पनि बिथोल्ने कुरा गर्न नहुने भनी डा. थापा र नेपाल सरकारका अधिकारीहरूले तीव्र प्रतिक्रिया र प्रतिवाद गरेका थिए । तथापि, यू.एन.एच.सी.आर.ले शरणार्थी समस्या समाधान नभएसम्म सहायता रोक्न नहुने आग्रह पनि नेपालले दोहऱ्याएको थियो । शरणार्थीहरू र अन्तर्राष्ट्रिय समुदायले उच्चायुक्त लुब्बर्सको वक्तव्यको सह्राहना गर्दै अनुगमन कार्यमा यू.एन.एच.सी.आर.लाई संलग्न गराउनुपर्ने माग पुनः दोहऱ्याएका छन् । अन्तर्राष्ट्रिय संस्थाबाट गरिने अनुगमनको अन्तर्राष्ट्रिय प्रचलनलाई छोडे पनि १५ औं चरणको बैठकले संयुक्त प्रमाणीकरण टोलीलाई फिर्ता गएकाहरूको स्थितिबारे अवगत गराउनेसम्ममा भुटान

असफल भएको, यू.एन.एच.सी.आर.लाई फिर्ति प्रक्रिया र अनुगमनमा संलग्नता गराउनु अनिवार्य भएको बताउँदै यस समस्याबारे अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गर्न दातृराष्ट्रहरूलाई आह्वान गरेका छन् ।

७५ प्रतिशतलाई भुटानकै नागरिक भएको तथ्य स्वीकार गर्नु, बाँकी २५ प्रतिशत गैर-भुटानी भनिएकाहरूको पुनरावेदनलाई सम्बोधन गर्न मंजुर गर्नु, फागुन ३ देखि खुदुनावारीका ७५ प्रतिशत शरणार्थीलाई फर्काउने कार्यतालिका तय गर्नु, शनिश्चरेमा प्रमाणीकरण थाल्ने र क्रमशः अरू शिविरहरूमा पनि खुदुनावारीकै मोडलअनुरूप प्रक्रिया पूरा गरी समस्या समाधान गर्ने यस पटकको निर्णयका केही सकारात्मक कुराहरू छन् । तर अन्तर्राष्ट्रिय मानवअधिकार र शरणार्थीबारे महासन्धिको मापदण्डअनुसार शरणार्थीको सुरक्षा ग्यारेन्टी, नागरिकता प्राप्ति, मूल किलो-थलोमा फिर्ता हुने तथा जायजेथा फिर्ता गर्नेजस्ता आधारभूत कुराको सम्बोधन हुन नसक्नुजस्ता समस्या अझै बाँकी छन् । अन्तर्राष्ट्रिय संस्थाबाट अनुगमन गर्ने कुराको अभाव पनि ठूलै समस्या हो । यी बाँकी समस्याहरू समाधान गर्न थप प्रयास गर्ने, तर निर्धारित समयतालिकाअनुसार फर्काउने भनिएका शरणार्थीहरूलाई पनि फिर्ता पठाउँदै गर्नु व्यावहारिक र बुद्धिमानीपूर्ण हुनेछ । ❑



# सन्दर्भ बाहिरका मान्छे

# एडवर्ड सईद

• सी.के. लाल

**असोज** ९ गते 'ओरिएण्टलिज्म' अवधारणाका प्रणेता एडवर्ड सईदको असामयिक निधन भयो । सईद वर्षौंदेखि निको नहुने किसिमको क्यान्सर रोगबाट पीडित थिए । तर उनको कलम भने कहिल्यै रोकिएन । मुलुक खोसिएका प्यालेस्टिनीहरूको आवाज मुखर गर्न उनी आफ्नो अन्त्य नहुँदासम्म कार्यरत रहिरहे । त्यसैले होला, उनी मरेर अमर भएका छन् । एडवर्ड सईदलाई श्रद्धाञ्जली दिनेहरूमा कोलम्बिया विश्वविद्यालयका तिख्खर बुद्धिजीवीहरूदेखि लिएर ढाकाका पत्रकारहरूसमेत एकाकार भएका थिए । तर अचम्म, सईदको बारेमा चर्चा-परिचर्चा गर्न काठमाण्डौका स्वनामधन्य बुद्धिजीवीहरूमध्ये कोही पनि अगाडि सरेको सुनिएन ।

हो, सोसल साइन्स बहाःले पाटन ढोकाको बग्गीखानामा एउटा श्रद्धा पढ्नसम्म आयोजना गरेको थियो । त्यहाँ थिए त केवल केही शिक्षक, दुई-चारजना पत्रकार, एक-दुई अनुसन्धानकर्ता तथा आठ-दशजना जिज्ञासुहरू । कमरेड गोन्जालोदेखि लिएर आचार्य रजनीशसम्मका विचारहरू केलाउन सक्ने नेपालको बौद्धिक जमात एडवर्ड सईदप्रति किन यतिबिघ्न उदासीन रह्यो, बुझ्न सकिएको छैन । सईदका विचारहरू सबै ठाउँका लागि सान्दर्भिक छन्, किनभने उनी ठेगाना नभएका र परिचय खोसिएकाहरूका बौद्धिक थिए । उनका सिद्धान्तहरू कालातीत छन्, किनभने तिनमा शक्ति र त्यसका विरूद्ध संघर्षका व्यथाहरू समेटिएका छन् ।

## दैलामा उभिएको व्यक्ति

सईदले चाहेका भए उनी जहाँका पनि हुनसक्थे । ब्रिटिश अधीनस्थ प्यालेस्टाइनमा जन्मिएर लेबनान, इजिप्ट तथा संयुक्त राष्ट्र अमेरिकाका सर्वश्रेष्ठ विद्यालयमा पढेका सईद क्रिश्चियन थिए, अमेरिकी नागरिक थिए र न्यूयोर्कमा बस्दथे । तुलनात्मक साहित्यजस्तो विषय कोलम्बिया विश्वविद्यालयमा पढाउने प्रोफेसरलाई प्यालेस्टिनीहरूको दुःख-दर्दसँग कुनै सोझो सम्बन्ध थिएन भन्दा फरक पर्दैन । तर उनलाई अरब-इजरायल द्वन्द्वको विभीषिकाले पछ्याइरह्यो, प्यालेस्टिनी मुक्ति आन्दोलनको आवाजले बोलाइरह्यो । फलतः उनी 'कुठाउँ' रोज्न बाध्य भए । कुठाउँ अर्थात् 'आउट अफ प्लेस' उनको आत्मकथाको शीर्षक हो ।

सन् १९७८ मा सईदको 'ओरिएण्टलिज्म' पुस्तक प्रकाशित भएपछि बौद्धिक जगतमा एकपटक सनसनी फैलियो । मिशेल फुको तथा ज्याक देरिदाजस्ता उत्तर-आधुनिकताका चिन्तकहरूले शक्ति र सोचबीचको अन्तरसम्बन्धलाई त्यसभन्दा अगाडि नै छलफलमा ल्याइसकेका थिए । सईदको अवधारणाले त्यसलाई राजनीतिक रंग दियो । सम्राज्यवादले आफ्नो औचित्य सावित गर्न कसरी बौद्धिक विमर्श निर्माण गर्दछ भन्ने कुरा सईदले अरब जगतको बारेमा लेखिएका अंग्रेजी पुस्तकहरूको उदाहरण प्रस्तुत गर्दा फुको र देरिदाका घना तर्कहरू बुझ्न नसक्नेहरूलाई पनि विमर्श निर्माणको राजनीति- 'पलिटिक्स अफ डिसकोर्स'- छर्लङ्ग भयो ।

नेपालको सन्दर्भमा भन्ने हो भने 'काँतर नेवार', 'छट्टू मधेशी', 'सोझा थारू वा तामाङ्ग'जस्ता छविहरू निर्माण गोर्खाली नियन्त्रणका लागि बाहुनवादी विमर्शले उत्पादन गरेका आकृतिहरू नै हुन् । साम्राज्यले मात्रै होइन, सभ्रान्तले समेत छवि निर्माणमार्फत् आफ्नो नियन्त्रणलाई निरन्तरता दिने गर्दछ ।

सईदको अर्को युगान्तकारी विचार बुद्धिजीवीहरूको भूमिकासँग सम्बद्ध छ । परम्परागत रूपमा तीनथरी बुद्धिजीवीहरूको समाजमा बोलवाला रहँदैआएको छ ।



*एडवर्ड डब्ल्यू सईद*

# सार्वजनिक बौद्धिक

जन्म : १ नोभेम्बर १९३५, जेरुशलम, प्यालेस्टाइन

मृत्यु : २५ सेप्टेम्बर २००३, न्यूयोर्क, संयुक्त राज्य अमेरिका

शिक्षादीक्षा : लेबनान, इजिप्ट र संयुक्त राज्य अमेरिकाका एम.आई.टी., हार्वर्ड तथा कोलम्बियाजस्ता विशिष्ट विश्वविद्यालयहरु/कोलम्बिया विश्वविद्यालयमा तुलनात्मक साहित्यका प्राध्यापक ।

सम्झना : 'ओरिएन्टलिज्म' अवधारणाका प्रणेता, बुद्धिजीवीहरुको भूमिकाबारे उल्लेखनीय व्याख्या, प्यालेस्टिनीहरुको अधिकारका सबभन्दा प्रभावशाली प्रवक्ता तथा सयकडौं लेख-रचनामार्फत् नव-साम्राज्यवादको पश्चिम एसिया नीतिका प्रखर आलोचक ।

आत्मकथा : आउट अफ प्लेस

पहिलो खाले 'विशुद्ध बुद्धिजीवीहरू' थोरै विषयका बारेमा धेरै ज्ञान हासिल गर्दछन् र वस्तुपरक तथा निष्पक्षताको बहानामा सत्ताको पृष्ठपोषण गर्दछन् । अधिकांश डाक्टर, प्रोफेसर, वकिल, इन्जिनियर, व्यवस्थापक, पत्रकार, कलाकार र लेखापालहरू यस्तै प्राविधिक बुद्धिजीवीहरू हुन्, जसलाई अंग्रेजीमा इन्टेलिजेन्सिया भनिन्छ । यस्ताखाले बुद्धिजीवीहरू अलिकति अप्ठ्यारो पर्नासाथ निष्पक्षताको जामा भिरीहाल्छन् । कति त सत्ताको ताबेदारीमै रमाउँछन् । फासीवाद र सर्वसत्तावादको जग प्रायशः इन्टेलिजेन्सियाले नै खन्ने गर्दछ ।

अर्कोथरि परम्परागत बुद्धिजीवी ती हुन्, जो आफ्नो विशिष्टताको पर्खाल नाघेर सार्वजनिक चासोको विषयमा राय दिन तम्सिन्छन्, तर व्यवहारमा ओर्लेर आफ्नो इज्जत दाउमा राख्न चाहँदैनन् । मूलतः विश्वविद्यालय तथा बारमा पाइने यस्ता प्राज्ञिक र तार्किक बुद्धिजीवीहरूको कर्मक्षेत्र संचार हो । पुस्तक लेख्ने, रेडियो र टेलिभिजनबाट विचार प्रवाह गर्ने तर सत्ता-विमर्शबाट बाहिर बस्न खोज्ने यी शाब्दिक बुद्धिजीवीहरूको प्रभाव प्रजातन्त्रमा मात्र हुने गर्दछ । त्यसैले प्रायः संचार-बुद्धिजीवीहरू प्रजातन्त्रका पक्षधर हुने गर्दछन् ।

तेस्रो कोटीका बुद्धिजीवीहरूलाई बौद्धिकभन्दा हुन्छ । आफ्नो पेशामा स्थापित भइसकेपछि राष्ट्र र मानवताको भलाइका लागि उभिने यस्ता व्यक्तिहरू जुनसुकै समाजमा पनि साह्रै थोरै हुन्छन् । सापेक्षताको भौतिकीबाट विश्व-परिवारको वकालत गर्ने अल्बर्ट आइन्स्टाइन, भाषाशास्त्रबाट उत्पीडनको समाजशास्त्रतिर आकर्षित नोम चोम्स्की, साहित्य सिर्जनाबाट समाज-सिर्जनामा ओर्लेकी अरून्धति राय केही यस्ता बौद्धिक व्यक्तित्वहरू हुन्, जो समय वा स्थानको बन्धन बाहिर छन् ।

परम्परागत यी तीनथरी बुद्धिजीवीहरूमा एडवर्ड सईदले एउटा चौथो कोटी थपे- सार्वजनिक बौद्धिक (पब्लिक इन्टेलेक्चुअल) । यसको सबभन्दा उपयुक्त उदाहरण उनी आफैं भए । मार्क्सवादी चिन्तक अन्तोनियो ग्राम्शीको सजीव बुद्धिजीवी 'अरगानिक इन्टेलेक्चुअल'जस्तै स्थानविशेषको हावा, पानी, माटोसँग सम्बद्ध; तर नोम चोम्स्कीको बाहिरिया बौद्धिक 'इन्टेलेक्चुअल आउटसाइडर' जत्तिकै सर्वदेशीय (कस्मोपोलिटन) सईदको सार्वजनिक बौद्धिक दैलोमा बस्छ, न ऊ बाहिर छ, न त भित्र नै । भित्र हुनेहरूका लागि ऊ बाहिरिया हो, किनभने अरू मूलधारका अमेरिकी बुद्धिजीवीहरूको लहलहैमा लागेर ऊ सम्राज्यवादको वकालत गर्दैन । तर बाहिर भएकाहरूका लागि ऊ भित्रिया हो, किनभने उसले सद्दाम हुसेनलाई तानाशाह भन्छ र खुमैनी एवं बिन लादेनजस्ताहरूको धर्मान्धितालाई घृणा गर्छ ।

बौद्धिकताको यस्तो पातलो डोरीमा हिंड्ने काम दैलोमा बस्न रूचाउनेहरूले मात्र गर्न सक्दछन्, त्यसैले कमैले आँटछन् । नेपालमा त झन् यस्ता दैलोमा बस्नेहरू छँदै छैनन् भन्दा फरक पर्दैन । यहांका बुद्धिजीवीहरू कि त 'हुन त हो, तर...' जस्तो बौद्धिक बिमाका पछाडि लुक्छन् कि बुशवादी 'मित्र होइन भने शत्रु नै हो' भन्ने अवधारणा अँगाल्छन् ।

सायद यसका पछाडि नरसिंह अवतारको किंवदन्तीसँग जोडिएको हिरण्यकश्यपुको नियति पनि जिम्मेवार छ । हिरण्यकश्यपु साँझमा मारिएका थिए, त्यसैले उज्यालो र अँध्यारोबीचको अस्पष्टताले हामीलाई उद्वेलित गर्छ । दैलोमा बध गरिएका राक्षसराजको नियतिले गर्दा भित्र र बाहिर बीचको त्यो रेखा हिन्दू धर्ममा साह्रै अशुभ मानिन्छ । दैलोमा बस्नु हुन्न भनिन्छ सनातन धर्ममा । त्यसैले 'न त समर्थन न विरोध'को राजनीति नेपाली बुद्धिजीवीहरूले बुझ्दैनन्, बरू सामान्य व्यक्तिहरूले सक्रिय असहयोग जस्तो गान्धीवादी शैलीलाई राम्ररी बुझ्दछन् ।


पश्चिम एशियामा अमेरिकी नीतिको सबभन्दा प्रखर आलोचक रहेका सईदलाई सुविधाभोगी क्रान्तिकारी भनेर जिस्क्याउनेहरू नभएका होइनन् । तर उनी आफैले रोजेको वैचारिक विरोधको बाटोबाट कहिले विचलित भएनन् । प्यालेस्टिनी स्वतन्त्रताका जति उनी पक्षधर थिए, त्यत्तिकै गहिरोसँग उनले यहूदीहरूको ऐतिहासिक उत्पीडनलाई बुझेका थिए । असीम पीडाले क्रूरताको मनोविज्ञान जन्माउँछ भनेर बुझेका सईद आफूलाई यहूदी प्रचारकहरूले 'आतंकका प्रोफेसर' भनेर बेइज्जत गर्दा समेत तिक्त बनेनन् । आफ्नो अविचल यात्रामा लागिरहे उनी ।



सईद संगीतका पारखीमात्र होइन, स्वयं एउटा कुशल पियानोवादक थिए । उनको अंग्रेजी लेखन उत्कृष्टताको नमूना मानिन्छ । विद्वान त थिए नै सईद, बौद्धिक, शिक्षक र प्यालेस्टिनी कर्मवीर पनि थिए । तर सईदलाई अन्य बौद्धिकहरूभन्दा भिन्न छुट्टै पहिचान दिने उनको सार्वजनिक बौद्धिकको व्यक्तित्व नै हो । आफ्नो प्यालेस्टिनी स्थानीयताका साथसाथै नव-साम्राज्यवादको विश्व-चुनौतीलाई सँगसँगै बोक्नसक्ने सईद डोरीमा हिंड्ने सार्वजनिक बौद्धिक थिए । ❑



# फासीवादको तिरस्कार



'**फासीवाद**' नेपाल लगायत विश्वभरि नै अति चर्चित शब्द हो । कुनै निरंकुश, तानाशाही र अप्रजातान्त्रिक व्यवस्था, व्यक्ति, सरकार, पार्टी प्रवृत्ति र प्रक्रियालाई 'फासीवादी' भन्ने आमचलन छ । अहिले मूलतः यो शब्द गाली गर्न र भर्त्सना गर्न प्रयोग गरेको देखिन्छ । र, कसै-कसैले फासीवादको वास्तविक सार नबुझेर 'फाँसीवादी' समेत भन्ने-लेख्ने गरेको पनि सर्वत्र देख्न पाइन्छ ।

'नेपाली बृहत् शब्दकोश'मा फासिज्म (फासीवाद)लाई प्रभुसत्ता कुनै राष्ट्रवादी निरंकुश शासकमा केन्द्रित हुने एक शासन-व्यवस्था, अधिनायकवाद र तानाशाहीको अत्यन्त सीमित अर्थमा परिभाषित गरिएको छ । त्यसमा फासिज्मलाई मुसोलिनीको सन् १९२२ देखि १९४३ सम्मको शासन कालको इटालीमा प्रचलित त्यस प्रकारको कट्टर राष्ट्रवादी शासन व्यवस्थाको रूपमा व्याख्या गरिएको छ । फासिष्ट (फासीवादी) शब्दको व्याख्या गर्ने क्रममा त्यसमा फासिज्मको सिद्धान्त मान्ने राजनैतिक दल वा व्यक्तिको रूपमा व्याख्या गर्दै फासिष्ट शब्दलाई यसरी सीमित रूपमा अर्थ्याइएको छ- सम्पूर्ण अधिकार आफ्नो हातमा लिएर निरंकुशताको विरोध गर्नेहरूको निर्ममतापूर्वक दमन गर्ने अधिनायकवादी । सर्वसत्तावाद, तानाशाही र अधिनायकवादको अर्थमात्रै लाग्ने यो परिभाषाले फासीवादको समग्र चिन्तन र कर्मलाई पटक्कै समेट्न सकेको देखिँदैन ।

फासीवाद शब्द ल्याटिन भाषाको Fasces शब्दबाट विकसित भएको हो । इटालियन भाषामा यसलाई Fascio, फ्रेञ्च भाषामा Faisceau र स्पेनीशमा Haz भनिन्छ । यसको शाब्दिक अर्थ हो : पैयुँको लट्ठी वा काठको मुठा वा कल्लीबीच राखिएको बञ्चरो (A bundle of elm or birch rods contianing an axe) । यसको भावार्थ हो : संघ-संगठन, मेलमिलाप । यस शब्दको पछाडि इतिहासको मिथक रहेको देखिन्छ । त्यो मिथक हो : 'फासीयो' चिन्हलाई प्राचीन रोममा राज्यबल, सत्ताशक्ति वा प्राधिकारको पदवीसूचक निशानको रूपमा लिने प्रथा ।

फासीवादका प्रणेता बेनितो मुसोलिनीले यही प्राचीन ल्याटिन शब्द fasces र इटालियन शब्द Fascio बाट फासीस्मो (fascismo) विचारको प्रतिपादन गरेका थिए । सन् १९१९ मा मुसोलिनीले आफ्नो Fasci Italiani di combattimento (इटालीयन फासीवादी आन्दोलन)को मुख्य निशानको रूपमा त्यही प्राचीन प्रतीकको उपयोग गरेका थिए ।

मुसोलिनीले 'फासीयो' लाई सत्ताशक्तिको प्राधिकारको प्रतीकको रूपमा आफ्नो झण्डामा प्रयोग गरेर पार्टीको नामसमेत इटालीयन फासीवादी आन्दोलन राखेका कारणले फासीवाद विश्वव्यापी रूपमा चर्चित भएको हो । वास्तवमा यसको शाब्दिक अर्थभित्र फासीवादको कुनै दार्शनिक आधार भेट्टाउन सकिदैन । फासीवाद शब्दले यस आन्दोलनको स्पिरिट र उद्देश्यको कुनै छनक दिँदैन ।

यही अर्थहीनजस्तो लाग्ने शब्दबाट जब आफ्नो आन्दोलनको नामाकरण गरेर मुसोलिनीले इटालीको सत्तामाथि कब्जा जमाए, तब यही शब्द धूर्त र बर्बर तानाशाही प्रतीकको रूपमा कुख्यात भएको थियो । इटालीका मुसोलिनीको फासीवाद जर्मनीका हिटलरको नाजीवाद र राजतन्त्रात्मक जापानको सैन्यवादको रूपमा अभिव्यक्त भएपछि यूरोपमात्रै होइन, विश्वका धेरैजसो राष्ट्र फासीवादको चपेटामा परेका थिए ।

सन् १९२० को दशकदेखि उदाएको फासीवादले दोस्रो विश्वयुद्धको क्रममा मृत्युको आगो ओकल्न थालेपछि ब्रिटेन, अमेरिका, विशेष गरी सोभियत संघ फासीवादी तानाशाहहरूविरूद्ध प्रतिरोधमा उत्रेका थिए । र, सन् १९४५ सम्ममा मुसोलिनी, हिटलर र फ्रान्कोको नाममा ज्वालामुखीसरी बिस्फोट भएको फासीवादी उभारलाई निमिट्यान्न पार्ने क्रममा जर्मनी, इटाली र जापानका फासीवादी सैन्यशक्तिहरूलाई पूरै परास्त गरिएको थियो । वास्तवमा दोस्रो विश्वयुद्धमा फासीवादी राष्ट्रहरू र त्यहाँका शासकहरू परास्त भएतापनि फासीवादी प्रवृत्ति चाहिँ हारेको थिएन ।

यसर्थ, फासीवादी शक्तिहरू परास्त हुनुको



*फासीवादका प्रणेता मुसोलिनी (माथि) हिटलरका साथ (तल) फासीवादको प्रतीक (माथि दायाँ)*

अर्थ फासीवादकै अन्त्य हुनु कदापि होइन । फासीवादी शासकहरूको हत्या-आत्महत्यापछि पनि यो विश्वमा मानवद्वेषी सिद्धान्त, प्रवृत्ति र व्यवहारको रूपमा क्रियाशील छ । पूँजीवादको धूर्त, छली, कपटी र बर्बर सन्तानको रूपमा यो संसारभरि छाइरहेको छ ।

फासीवाद कतै धर्मको नाममा, कतै सम्प्रदाय, जाति, भाषा, क्षेत्र, स्थान, नस्ल, वंश, लिंगको आवरणमा प्रकट भइरहेको छ । र, यो एक्काइसौं शताब्दीका लागि पनि विश्वव्यापी खतरनाक परिघटनाको रूपमा देखा परिरहेको छ ।

जर्मनी र इटालीलगायत युरोपेली मुलुकहरूमा आप्रवासी मजदूरहरूविरूद्ध चलिरहेको नव-फासीवादीहरूको उत्पातदेखि अमेरिकी श्वेत श्रेष्ठतावादीहरू र भारतका कट्टर हिन्दूवादीहरूको अल्पसंख्यक धर्म, जाति, नस्लविरोधी आक्रमण आदि फासीवादकै नौला-नौला रूपहरू हुन् । पंचायती कालमा निर्दलीय तानाशाही भोगिसकेका नेपालीहरूले संसदीय प्रजातन्त्रमा बहुमत भएको पार्टी र सरकारको तानाशाही र प्रजातन्त्रविरोधी व्यवहार भोगेका थिए, फासीवादको नेपाली संस्करणको रूपमा । नेपालको सन्दर्भमा सत्तासीन पार्टी र सरकारमा मात्रै होइन, सरकारइतर पार्टीहरूमा समेत फासीवादी प्रवृत्तिहरू देखिएका छन् । अचेल संसदीय प्रजातन्त्रको हत्यापछि कार्यकारिणी अधिकार र राज्यसत्ताथि कब्जा जमाएका राजा र राजावादीहरूमार्फत् फासीवादी प्रवृत्तिहरू प्रयोग भइरहेका छन् ।

नेपाललगायत विश्वभरि फासीवादका अनेकथरि रूपहरू क्रियाशील छन्, कतै फासीवादी प्रवृत्तिको रूपमा, कतै फासीवादी राज्यको रूपमा । भारतीय प्राज्ञ एजाज अहमदका अनुसार, कुनै एउटा देश विशेषको ऐतिहासिक, राजनैतिक, सामाजिक र यहाँसम्म कि धार्मिक र नस्लीय संरचनासम्मको हिसाबले फासीवादको रूप-रंगमा ऐतिहासिक रूपले हमेशा बदलाव आएको देखिन्छ । अर्थात् हरेक देशले त्यस्तै फासीवाद पाउँछ, जसको ऊ हकदार हुन्छ । कुन देशमा कस्तो खालको फासीवाद छ र कस्ता खाले फासीवादी प्रवृत्तिहरू छन् भन्ने कुरा बदलिँदो विश्वपरिस्थितिको सापेक्षतामा ती देशको वस्तुगत स्थिति र समयचक्रले विशिष्ट रूपमा निर्क्योल गर्छन् । *(Ahmad 1994, Vol- 1&2)*

विभिन्न देशका काल र परिस्थिति अनुरूपका विविध रूप-रंगमा देखिने फासीवादको रूप-आकृति र सार पनि रूढिबद्ध वा अपरिवर्तनशील (strereotyped) हुन्छ भनेर सोच्दा फासीवादबारे सही ढंगले ठम्याउन सकिँदैन । धेरैजसो बौद्धिक व्यक्तिहरूसमेत फासीवाद भनेपछि इटाली र जर्मनीको फासीवादी र नाजीवादी रूपकै पछिपछि लाग्दा फासीवादको सारतत्व पक्रन असमर्थ भएको दृश्य पनि देखिएको छ । गुदीको सट्टा बोक्रा र पातमात्रै हेर्दै हिँड्नेहरूले अहिले विश्वमा फासीवादको अस्तित्व देख्न सक्दैनन् ।


फासीवादको सारतत्वलाई राम्ररी केलाएर त्यसको रूप-आकृति पहिचान गर्न सकिएमा आफ्नो देशदेखि विश्वका धेरैजस्तो देशमा बढ्दो फासीवाद वा फासीवादी प्रवृत्तिको चुरीफुरी राम्ररी देख्न सकिन्छ । यसका रंगीविरंगी नौला-नौला रूपहरूलाई गहिराइमा बुझ्न, सार र रूपको तादात्म्यता ठम्याउन वैज्ञानिक र ऐतिहासिक वस्तुवादी दृष्टिकोणले यसको चिरफार गर्नु जरूरी देखिन्छ । इटालीका कम्युनिष्ट नेता तथा विश्वविख्यात मार्क्सवादी विद्वान अन्तोनियो ग्राम्शीका साथी तथा इटालीको कम्युनिष्ट पार्टीका एक संस्थापक एंजेलो टास्काले 'हिष्ट्री अफ इटलियन फासीज्म'मा लेखेका थिए: 'फासीवादको सिलसिलामा सिद्धान्त सूत्रबद्ध गर्ने सबैभन्दा उत्कृष्ट तरिका हो, त्यसको इतिहास लेख्नु !' एंजेलोको भनाइअनुसार, फासीवादी सिद्धान्त बुझ्नका लागि तीनवटा परस्पर संबद्ध तर एकअर्काबाट भिन्न तथ्यहरूमाथि सधैं ध्यान दिनु जरूरी छ, एक: फासीवादको उभार ठोस विश्व-ऐतिहासिक परिस्थितिमा हुन्छ । दुई: ती परिस्थितिहरूले विभिन्न देशमा थरिथरिका फासीवादी आन्दोलनहरू पैदा गर्छन् । तीन: कुनै पनि देशमा यो विश्व-रूझानले एउटा विशेष राष्ट्रिय स्वरूप ग्रहण गर्दछ । *(Ahmad 1994, Vol- 1: 8)*



*मुसोलिनी जनतालाई सम्बोधन गर्दै*

## पूँजीवादको धूर्त, छली, बर्बर सन्तान

समाजविज्ञानका सबै विद्यार्थीहरूलाई थाहा छ : विश्वमा इटाली र जर्मनीलगायतका देशहरूमा फासीवादलाई जन्माउने पूँजीवाद सामन्तवादी समाजव्यवस्थाको गर्भबाट पैदा भएको थियो । आजभन्दा ५ सय वर्षअगाडि पूँजीवादले सामन्तवादका खम्बाहरूका रूपमा रहेका राजतन्त्र र धर्मविरूद्ध क्रान्तिकारी युद्ध छेडेर सामन्तवादी सम्बन्धमा आमूल परिवर्तन ल्याएको थियो । र, विश्वमै स्वतन्त्रता, समानता र भातृत्वको झण्डा उचालेर प्रजातन्त्रको स्थापना गरेको थियो ।



*फासीवादको गहन चिरफार गर्ने इटालीका कम्युनिष्ट नेता तथा चिन्तक अन्तोनियो ग्राम्शी*

सामन्तवादसँगको लडाइँमा विजय हासिल गरेपछि पूँजीपति वर्गले अठारौं शताब्दीमा एशिया, अफ्रिका र ल्याटिन अमेरिकामा औपनिवेशिक लूटद्वारा नयाँ औद्योगिक क्रान्ति गर्दै उद्योग र वाणिज्यको साम्राज्य विस्तार गरेको थियो । त्यही साम्राज्यको आधारमा यो लेसेज फेयर (laissez faire) को नीतिअन्तर्गत क्रियाशील थियो । अर्थात् स्वतन्त्र, खुला र बराबरी प्रतिस्पर्धा गर्न दिने सिद्धान्तअन्तर्गत उद्योग-व्यापारलगायत अन्य व्यक्तिगत कार्यमा राज्यले हस्तक्षेप नगर्ने नीति अपनाइएको थियो ।

पूँजीवादी आधारलाई टेवा दिन अर्थतन्त्रमा स्वतन्त्र, खुला र बराबरी प्रतिस्पर्धा गर्न दिने नीतिअन्तर्गत नै नयाँ उपरी संरचना (super structure) निर्माण गरियो । त्यस संरचनाअन्तर्गत पर्ने जीवनसँग जोडिएका राजनीति, कानून, नीति-नैतिकता, संस्कृति र आचारसंहितामा समेत प्रजातान्त्रीकरण गरियो । विश्वमा पहिलोपटक संसद, पार्टी, सम्पत्ति हुनेहरूबीचको चुनाव, संविधान, राजनैतिक अधिकार, व्यक्तिगत स्वतन्त्रता आदिको सिर्जना गरियो । आफ्नो वर्गीय स्वार्थ पूरा गर्नका लागि पूँजीवादी आर्थिक आधारलाई मजबूत पार्ने, अझ विकसित र विस्तृत पार्ने क्रममा गरिएका यी क्रान्तिकारी कामहरूकै परिणामस्वरूप पश्चिमी विश्वमा प्रजातन्त्र र मानवतावादको प्रभाव बढ्यो ।

तर प्रजातन्त्र र मानवतावादको जतिसुकै डंका पिटिए पनि पूँजीवाद भनेको त आखिर

पूँजीवाद नै थियो, अर्थात् पूँजी हुनेहरूबाट शोषण र उत्पीडन हुने व्यवस्था । त्यसैले पूँजीवादी प्रजातन्त्र र मानवतावादले मानव समुदायलाई पूरै मुक्त गर्न सकेनन् । सामन्तवादी शोषणको जालबाट मुक्त भएका मानिसहरूको श्रमको शोषण पूँजीवादमा झन् तीव्र भयो । र, पूँजीवादले सामन्तवादसँगको लडाइँको क्रममा लगाएको स्वतन्त्रता, समानता र भातृत्वको नारा औपचारिक र खोक्रो सावित हुनथाल्यो ।

पूँजीवाद भनेकै श्रमको शोषणद्वारा गरिने नाफा, अधिकतम नाफाको प्रत्याभूति हुने सामाजिक-आर्थिक-राजनैतिक व्यवस्था हो । अधिकतम नाफाका लागि जतिखेरसम्म मुक्त, खुला र स्वतन्त्र प्रतिस्पर्धा कामलाग्दो ठहरियो, त्यतिखेरसम्म लेसेज-फेयर अर्थतन्त्र लागू गरियो । अन्ततः श्रमको शोषण एवं खुला प्रतिस्पर्धाको मुकाबिला गर्न नसक्नेहरू एकातिर सीमान्ततिर पुग्ने र मुट्ठीभर पूँजीपतिहरूको हातमा समाजको सम्पूर्णजसो सम्पत्ति थुप्रिने क्रम बढेपछि पूँजीवादभित्र संक्रमणका चिन्हहरू देखापरे । समाज विकासको क्रममा पूँजीवादले त्यस्तो स्थितिमा प्रवेश गर्‍यो, जहाँबाट उसले लेसेज फेयर अर्थतन्त्रबाट एकाधिकारी पूँजीवाद (monopoly capitalism) मा फड्को मार्नु जरूरी भयो, आफू बाँच्नका लागि । *(Stravianos 1981: Baran-Sweezy, 1994)*

आर्थिक क्षेत्रमा स्वतन्त्र र खुला प्रतिस्पर्धा गर्ने लेसेज फेयर अर्थतन्त्रबाट अगाडि बढ्ने क्रममा पूँजीवादभित्रै एकाधिकारी र वित्त-पूँजीको जन्म भएको थियो । अन्ततः एकाधिकारी पूँजीवादमा परिणत भएपछि, अर्थात् साम्राज्यवादको चरणमा प्रवेश गरेपछि पूँजीपतिवर्गले निजी एकाधिकारी पूँजीलाई राज्य-पूँजीसँग सम्मिलन गर्‍यो । अनि राज्यलाई एकाधिकारी पूँजीको अत्यन्त उपयोगी हतियार बनायो । यी सबैको परिणामस्वरूप एकाधिकारवादी राज्य-पूँजीवादको सिर्जना भयो, जुन फासीवादको सबैभन्दा तलको मुख्य आर्थिक जग हो ।

अधिकतम नाफाका लागि खुला प्रतिस्पर्धा होइन, एकाधिकार मन पराउने एकाधिकारी पूँजीवादले लेसेज फेयर अर्थतन्त्रका धेरैजसो उपरी संरचनाहरू ध्वस्त गर्न थाल्यो । एकाधिकार र वित्त पूँजीको स्वार्थ रक्षार्थ उसले गरेको सबैभन्दा डरलाग्दो काम हो : आफ्नो प्रतिनिधिको रूपमा काम गर्ने पार्टी, समूह वा व्यक्तिको हातमा सम्पूर्ण सत्ता-शक्तिको घनीभूत रूपमा केन्द्रीकरणद्वारा सर्वोच्च स्वेच्छाचारी र तानाशाही शासनको स्थापना । उसले गरेको अर्को काम हो : प्रतिस्पर्धाका लागि बनाइएका राज्ययन्त्र र अंगहरूको संकुचन र नवजात पूँजीवादी प्रजातन्त्रले दिएका राजनैतिक स्वतन्त्रता तथा नागरिक अधिकारहरूको हननद्वारा प्रतिपक्षीय आवाजको घाँटी निमोठ्ने प्रक्रियाको शुरूवात !

आर्थिक जगमा घनीभूत रूपमा भएको केन्द्रीकरण र संकेन्द्रणको प्रभावस्वरूप राज्यका अंगहरूदेखि लिएर प्रजातान्त्रिक हक र नागरिक अधिकारमाथि समेत एकाधिकारी पूँजीवाद छाउन थाल्यो । क्रान्तिकारी पूँजीवादले जन्माएको प्रजातन्त्र र मानवतावादकै अपहेलना गर्दै उसले एकाधिकारवादी पूँजीपतिवर्गको निर्मम शासन संचालन गर्न थाल्यो, ता कि चारैतिर देखिन थालेका आन्तरिक संकटका बादलहरू हटाउन सकियोस् र अधिकतमभन्दा अधिकतम नाफा कुम्ल्याउन सकियोस् ।

फासीवादको चिरफार गर्ने क्रममा, फासीवाद भनेको एकाधिकारी र वित्तीय पूँजीले पूँजीवादको आर्थिक संकटलाई हल गर्नका लागि गर्ने अन्तिम निराशाजनक प्रयासको रूपमा व्याख्या गर्नेहरू धेरै छन् । इटालीका कम्युनिष्ट नेता तथा चिन्तक अन्तोनियो ग्राम्शीले कोमिन्टर्नको यस्तै व्याख्यालाई अपुरो ठान्दै फासीवादको एउटा एकीकृत विश्लेषण पेश गर्नुभएको थियो, जसमा उहाँले आर्थिक सवालहरूसँगै नङ र मासुझैं जोडिएको धर्म, संस्कृति र राष्ट्रिय विकासको सिंगो इतिहासलाई जोडेर प्रस्तुत गर्नुभएको थियो । (Gramsci 1996) यो इतिहासबाट अगाडि बढ्ने क्रममा मात्रै विश्वविख्यात मनोविश्लेषक एरिक फ्रामले जस्तै, मध्यम वर्गीय संस्कृति र मनोवृत्तिको सही ढंगले चिरफार गर्न सकिन्छ । (Fromm 1984) यसका लागि इटाली र जर्मनीकै इतिहास सबैभन्दा बेसी अध्ययनयोग्य देखिन्छन् ।

## फासीवादबारे ग्राम्शीको चिन्तन

फासीवादको गहन अध्ययनको सिलसिलामा ग्राम्शीले 'नोट्स अन इटालियन हिस्ट्री' नामक लेखमा उठाउनुभएको प्रमुख सवाल हो : इटालीको जनसंख्याको ठूलो भागले वर्गीय विभाजनहरूभन्दा माथि उठेर, जनताबीच रहेका अनेकौं अन्तर्विरोधहरूभन्दा माथि उठेर किन फासीवादलाई स्वीकार्‍यो ? इटालीको इतिहासमा, संस्कृति र पूँजीको विकासमा त्यस्तो के समस्या छ, जसले बहुसंख्यक इटालीबासीहरूलाई फासीवादी समाधान स्वीकार गर्न सजिलै तयार गरायो ? *(Gramsci 1996)*

इटाली त्यस्तो मुलुक हो, जसले प्राचीन*कालमा* यूरोप, उत्तरी अफ्रिका र पश्चिम-एशियासम्म आफ्नो रोमन साम्राज्य खडा गरेको थियो । त्यही साम्राज्यको जगमा त्यहाँ एउटा अत्यन्त सम्पन्न सभ्यता र एउटा महान प्राचीन भाषा 'ल्याटिन भाषा'को उदय भएको थियो । इटालीको राजधानी रोममै इसाई मत राजकीय धर्मको रूपमा शुरूवात भएको थियो । र, यो शहर क्याथोलिक धर्मको केन्द्र बनेको थियो । सत्रौं शताब्दीसम्म ज्ञान र सरकारी कामकाजको प्रभुत्वशाली यूरोपीय भाषा बनिरहेको ल्याटिन भाषा मूलतः क्याथोलिक गिर्जाघरको भाषा बनेको थियो ।

शासन गर्नका लागि एउटा विशाल भू-भाग, एउटा शाही धर्म, एउटा प्राचीन भाषा र एउटा गौरवपूर्ण अतीत- यिनै कुराहरूबीच प्रभुत्वशाली कुलीन इटालीवासीहरूको मानसिकता घुम्दथ्यो । उत्पीडित जनताको दासता, श्रममा आधारित प्राचीन अतीत र संस्कृतिमाथि जब व्यापारिक पूँजीले धावा बोल्न थाल्यो, तब कुलीन वर्गको आधार ध्वस्त हुनथाल्यो । त्यो वर्ग प्राचीन साम्राज्यको अहंकार, धार्मिक प्रतिक्रियावाद र सांस्कृतिक एक्लोपनाबीच टाँसिरह्यो, जसलाई ग्राम्शीले फासीवादी मानसिकता निर्माणको एउटा विशेष लक्षणको रूपमा रेखाँकित गर्नुभएको छ ।

आधुनिक युग शुरू हुनुभन्दा अगाडिसम्म एशिया र अफ्रिकाका उत्पादनहरू यूरोपसम्म लाने सम्पूर्ण लामो दूरीका व्यापार मार्गहरू भू-मध्य सागरस्थित इटालीका राज्य, प्रान्त, नगरका विभिन्न बन्दरगाहमा केन्द्रित थिए । त्यसैले इटाली यूरोपमा व्यापारिक पूँजीद्वारा निर्मित सबैभन्दा सम्पन्न र उन्नत संस्कृतिको देश बनेको थियो । व्यापारिक पूँजीको बढ्दो वर्चश्वले गर्दा स्थानीय उद्योगको विकासले गति पाउनै सकेन र राष्ट्रिय एकता पनि प्रोत्साहित नै भएन । हरेक स-साना राज्य र भुरेटाकुरे रियासतहरू बन्दरगाह र समुद्री तटको कर एवं उत्पादन शुल्क उठाएर

इटालीमा वर्गीय विभाजनहरु भन्दा माथि उठेर, जनताबीच रहेका अनेकौं अन्तरविरोधहरु भन्दा माथि उठेर किन फासीवादलाई स्वीकारियो ?



*आफ्ना सैनिक तथा सहकर्मीहरुका साथ मुसोलिनी*

मोजमस्ती गर्नमै व्यस्त थिए । ग्राम्शीले ब्यापारिक पूँजीको आवश्यकताभन्दा बेसी विकासको कारणले औद्योगीकरणको अभाव भएको र रातारात सफलता हात पार्ने सांस्कृतिक झुकाव बढेको विश्लेषण गर्नुभएको छ । उहाँले पूँजीवादी खालको क्रान्तिकारी रूपान्तरण गर्ने दूरगामी परियोजनाहरू संचालन गर्नसमेत तत्कालीन शासकहरू असमर्थ भएको विश्लेषण गर्नुभएको छ । *(Gramsci 1996 : 52-120)*

हुन त ब्यापारिक पूँजीको विशाल संचयले गर्दा इटाली यूरोपको नवजागरणको पहिलो केन्द्र बन्यो । तर, ग्राम्शीका अनुसार, इटालीमा नवजागरण असफल भयो र प्रतिक्रियावादी पुनरूत्थान भयो । सुधारलाई पछि धकेलियो र क्याथोलिक चर्चले अत्यन्त तीव्र गतिमा आफ्नो शक्ति पुनर्स्थापित गऱ्यो । नवजागरणकै सिलसिलामा बेलायतमा पहिलो पूँजीवादी क्रान्ति, फ्रान्समा पनि पूँजीवादी क्रान्ति सम्पन्न भयो । तर एजाज अहमदका अनुसार, इटालीमा न त प्रोटेस्टेन्ट सुधार भयो, न त धर्मनिरपेक्ष राजनीतिको ढाँचा निर्माण भयो । *(Ahmad 1994, Vol- 1: 8)*

ग्राम्शीका अनुसार, धार्मिक संस्थाहरूको सर्वोच्चतालाई ध्वस्त पार्ने र एउटा वैज्ञानिक संस्कृतिको सिर्जना गर्ने एवं धर्मनिरपेक्ष प्रजातान्त्रिक राजनीतिको ढाँचा खडा गर्ने काममा असफल हुनुले इटालीमा तानाशाहीपूर्ण र तर्कहीन राजनीतिक व्यवस्थाको निर्माणमा योगदान दियो । *(Gramsci 1996 : 52-120)*

सन् १८६० को दशकभन्दा अगाडिसम्म इटालीमा कुनै स्वतन्त्र राष्ट्र-राज्य थिएन, कुनै साझा भाषा थिएन, कुनै उल्लेखनीय औद्योगिक पूँजी थिएन, थियो त केवल सर्वव्यापी चर्च मात्रै । त्यो पनि भूस्वामीहरूको हितसंग जोडिएको थियो । त्यसले पछि व्यापारिक-पेशेवर वर्गलाई साथ दिन थालेको थियो । धेरैजसो स्थानमा ससाना राजाहरूको र विदेशीहरूको शासन थियो । ल्याटिन भाषा राजकीय भाषाको रूपमा र इटालीयन भाषा चाहिँ अढाई प्रतिशतको भाषाको रूपमा रहेको थियो भने अरू सबै भाषाहरू स्थानीय र क्षेत्रीय चरित्रका थिए ।

यस्तो जटिल स्थितिबीच एउटा एकीकृत राष्ट्र-राज्यको निर्माणका लागि राष्ट्रिय एकीकरणको आन्दोलन नउठेको होइन, त्यसैसँग जोडिएर सामाजिक, राजनैतिक र बौद्धिक सुधार आन्दोलन पनि नउठेको होइन । स्वतन्त्रता संघर्षसँगै बढेको 'रिसोर्जीमिन्टो'को नामले प्रख्यात उक्त पूँजीवादी राष्ट्रिय आन्दोलन तत्कालिक रूपमा विफल त भयो, तर त्यसले फासीवादी मानसिकता निर्माणमा भने ऊर्जा प्रदान गरेको थियो । ग्राम्शीका अनुसार, फ्रान्सिसी क्रान्तिपछि भएका राष्ट्रिय एकीकरण, मुक्ति या सुधारका आदोलनहरूले कमसेकम कृषिमा रहेको सामन्तवादी भू-सम्बन्ध नष्ट गरी किसानहरूको हित गर्ने र राजनीतिमा प्रजातन्त्रको घेरो बढाएर राष्ट्रिय पूँजीपतिवर्गको पक्ष लिनु पर्थ्यो । तर



*एक फासीवादी सिपाही*

**इटालीको स्वतन्त्रता आन्दोलनका पूँजीवादी नेताहरूका दार्शनिक, राजनीतिक र सांस्कृतिक कर्महरूको विश्लेषण गर्दा नेपालका नेता र राजाको अनुहार झलझली सम्झना आउँछ**

इटालीको स्वतन्त्रता संघर्षका पूँजीवादी नेताहरूका लागि 'राष्ट्रिय एकता' मात्रै सर्वोपरि थियो, उनीहरूका लागि अन्य सामाजिक, आर्थिक र राजनैतिक लक्ष्यको कुनै अर्थ थिएन । 'राष्ट्रिय एकता'को नारालाई मिथकको रूपमा चर्काएर उनीहरूले पछि गएर फासीवादी शैलीको युद्धउन्मादले भरिपूर्ण अन्ध-राष्ट्रवादको उभार ल्याएको गुनासो ग्राम्शीको छ । *(Gramsci 1996)*

ग्राम्शीको देश इटालीको स्वतन्त्रता आन्दोलनका पूँजीवादी नेताहरूका दार्शनिक, राजनीतिक र सांस्कृतिक कर्महरूको विश्लेषण गर्दा नेपालका नेता र राजाको अनुहार झलझली सम्झना आउँछ । इटालीको राष्ट्रिय 'एकताको नारा' आकाशै थर्किने गरी लगाउने तिनीहरूले राष्ट्रको स्वतन्त्रता आन्दोलनपछि सामाजिक, आर्थिक र राजनैतिक सुधारको कुनै कदम चालेनन् । उनीहरूका लागि समाजको आधुनिकीकरणको अर्थ हो : विकसित पश्चिमी देशहरूबाट, विशेषतः फ्रान्सबाट विचारहरू सापटी लिनु । विदेशी विचारको भारीमात्रै बोक्ने ती भरियाहरूले बुहसंख्यक किसानहरूको हक-हित र उत्थानका लागि कुनै सुधारको कार्यक्रम दिएनन् । राजनीतिमा पनि पहिलेदेखि चल्दै आएको धनी नागरिकहरूले मात्रै भोट दिन पाउने अधिकारलाई अलिकति व्यापक गरियो । कहाँसम्म भने सबै पुरूषहरूले समेत सन् १९११ मा मात्रै मताधिकार प्रयोग गर्ने अधिकार पाए, महिलाहरूले त दोस्रो विश्वयुद्ध पछाडि मात्रै पाए । क्षेत्रीय असमानताहरूप्रति पूरै बेवास्ता गर्ने ती नेताहरूले उत्तरी इटालीलाई दक्षिणी इटालीको तुलनामा विशेष अधिकार दिइरहे । पिछडिएको दक्षिणी इटालीलाई उनीहरूले अन्न उब्जाउने भूमि, राजस्वको स्रोत र प्रहरी, सैनिक र अर्द्धसैनिकहरूको भर्तीकेन्द्रको रूपमा मात्रै यथावत् राखिछाडे । उत्पीडित र अपहेलित क्षेत्र, जाति र भाषा एवं संस्कृतिको विकासका लागि पटक्कै ध्यान नदिने स्वतन्त्रता आन्दोलनपछिका पूँजीवादी नेताहरू पछि गएर मूलतः यथास्थितिवादी भएर निस्के ।

अतः ग्राम्शीको विश्लेषणअनुसार, फासीवादी मानसिकताको जरो इतिहासमा भएका विफलताहरूको खातभित्र मात्रै लुकिरहेको थिएन, बरू पछिल्लो चरणमा पूँजीवादको विफलताभित्र पनि सन्निहित थियो । स्पष्ट रूपमा भन्ने हो भने इटालीको स्वतन्त्रता प्राप्तिपछि राष्ट्रिय एकताको नाममा उभ्याइएको राष्ट्रवादका असफलता र कमी-कमजोरीहरूभित्र पनि फासीवादी मानसिकताको जरो गाडिएको थियो । फासीवादी जेलमा मृत्युउन्मुख जीवन बिताउने क्रममा दक्षिणी इटालीबासी ग्राम्शीले उत्तरी र दक्षिणी इटालीको विच्छिन्नता र विभाजनको पछाडि रहेका आर्थिक, भाषिक र सांस्कृतिक कारणहरू खोतल्ने क्रममा विश्लेषण गर्नुभएको छ- फासीवाद आर्थिक समस्याहरूसँगै मात्रै जोडिएको छैन, यो इतिहास, संस्कृति, धर्म र भाषासँग पनि सम्बन्धित छ । अतः यसको एकीकृत विश्लेषण जरूरी छ ।

इटालीमा व्याप्त धर्मको सवालमा पनि ग्राम्शीले विश्लेषण गर्ने क्रममा आधुनिक बुद्धिजीवीहरूले समेत विगतको रोमन साम्राज्य, ल्याटिन भाषा र चर्चहरूसँग गहिरो नाता कायम गरेकोमा आलोचना गर्नुभएको छ । Classicism (क्लासिसिज्म) साहित्यिक र सांस्कृतिक अभियानको क्रममा आधुनिक पूँजीपतिवर्गका ती बुद्धिजीवीहरूले आफ्नो विचारमा अत्याधिक मात्रामा धार्मिक गन्ध घुसाएका थिए । वर्तमानमा सही अर्थमा पूँजीवादी क्रान्तिसमेत गर्न नसकेको पूँजीपतिवर्गका ती बुद्धिजीवीहरूको 'क्लासिसिज्म'मा अत्याधिक मात्रामा धर्मको छाप राख्नाले धार्मिकताको प्रतिक्रियावादी र तानाशाही रूपहरूको द्वार खोल्न सजिलो भएको विश्लेषण उहाँको छ ।

संगठित धर्मले फासीवादीहरूको पक्षमा महत्वपूर्ण भूमिका खेलेको थियो । पादरीहरूको आशीर्वाद पाएर फासीवादीहरू दक्षिणी इटालीमा मध्यमवर्गका फासीवादी दस्ताहरू बनाउन सफल भएका थिए । उत्तरी भागमा पनि धर्म र साम्राज्यको संस्कृतिमा हुर्केका बुद्धिजीवीहरू, मजदूर आन्दोलनको उभार र प्रजातान्त्रिक संघर्षप्रति शत्रुतापूर्ण रवैया अपनाउँदा अपनाउँदै फासीवादीहरूले शुरू गरेको रोमन साम्राज्यको पुनर्स्थापना र इटालीको विश्व विजयको मिशनजस्ता अन्ध-राष्ट्रवादी लफ्फाजीहरूसँग बगेर गए ।

❑ राजेन्द्र महर्जन

*क्रमशः*

बहस

– सुधा त्रिपाठी



# बहसोन्मुख बन्दैछ नेपाली नारीवाद

नेपाली समाजमा नारीवादको बारेमा व्यापक भ्रम छ र यो भ्रम सिर्जना गर्नुमा दुईथरि मानिसहरूको अहं भूमिका देखिन्छ । एकथरि यस्ता छन्, जो बुझी-बुझीकन पनि त्यसको विरोध गर्नुमा आफ्नो महत्ता स्थापित भएको ठान्छन् भने अर्काथरि यस्ता छन्, जो बुझे पनि नबुझे पनि यसको विरोध गर्नुलाई आफ्नो कर्तव्य सम्झन्छन् । यी दुवैथरि मानसिकता सत्तामोहका परिणाम हुन् । एउटा सत्तालाई अपदस्थ गरेपछि अर्को सत्ताको स्थापना नै गर्ने हो भने डेढअक्कली बुझाइले पनि यस्तो भ्रम सिर्जना गर्नमा मद्दत गरिराखेको छ । मनुष्य जातिका जम्माजम्मी दुईवटा समुदाय छन्- नारी र नर । तिनमध्ये समाजमा एउटा समुदाय सत्तारूढ हुनु भनेको अर्को समुदाय उत्पीडनमा पर्नु नै हो । आफूलाई सत्ताच्यूत हुनबाट जसरी पनि जोगाउनुपर्छ भन्ने मानसिकता हुनेहरू नारीवादका खुँखार विरोधी भएर निस्किएका छन् । उनीहरू यस क्रममा कताकती देखिने नारीवादका विकृत स्वरूपलाई (जहाँ कस्तो देखिएको छ, त्यो त्यहाँको बाध्यता पनि हुनसक्छ) उदाहरणका रूपमा प्रस्तुत गरेर आफ्नो विरोधको पुष्टि गर्न खोज्दछन् । नारीवादको लक्ष्य, आदर्श र मर्मको कुनै पहिचान नै गर्न नसकेका यस्ता विरोधीहरूको अरू कुनै मूल्य नभए पनि यस क्षेत्रमा बहस आरम्भ गर्नका निम्ति यिनले पृष्ठाधार भने प्रदान गरेका हुन्छन् । यस अर्थमा उनीहरूलाई धन्यवाद दिन कन्जुस्याइँ गरिनुहुँदैन ।

नारीवाद विरोधीमध्ये एकथरि यस्ता छन्, जो गैर-नारीवादीलाई समाजमा चिनिएका नारीवादी भन्दै विस्थापित गर्नका निम्ति प्रयोग गर्दछन् । नारीवाद घरको कुनै कुनामा स्थापित पूजाचौकामा बसेर चूपचाप पूजा गरेजस्तो पक्कै हुँदैन र यो व्यक्तिगत तुष्टिका निम्ति अङ्गीकार गरिने कुरा नभएर सक्त बढी हल्लाखल्ला, नारा-जुलुसका साथ गरिनुपर्ने सामाजिक आन्दोलन हो । हल्लाखल्ला, नारा-जुलुसलाई नै नारीवादी आन्दोलनको लक्ष्य सम्झेजस्तो लाग्ने परिस्थिति पनि नेपालमा नदेखिएका होइनन्, तापनि तिनलाई समयक्रममा परिमार्जन गर्न नसकिने भूलका रूपमा भने लिइनुहुँदैन, तर कुनै नारीले समाजका अन्य नारीका जीवनको स्थितिमा परिवर्तन ल्याउनका निम्ति कहिल्यै कुनै प्रयत्न नै गरेका छैनन् भने त्यस्तालाई नारीवादीको संज्ञा दिनु आफैंमा एउटा ठट्टा हो, भलै उसले आफूलाई आफ्नै प्रयत्नले व्यक्तिगत जीवनमा स्थापित गरेको किन नहोस् । बरू त्यस्ता गैरनारीवादी नारीका संघर्षका कथालाई खोजेर सार्वजनिक गर्ने व्यक्तिको उद्देश्यको एउटा कुनामा भने नारीवादको झलक पाइन्छ ।



**बुझ्दै नबुझी गरिने समर्थन र प्रशंसाले नारीवादलाई कमजोर तुल्याउँछ ●**

नारीवादलाई राम्रोसँग नबुझ्नेहरूलाई नारीका पक्षमा गरिएका सबै कार्यक्रम र आन्दोलन नारीवादी नै लाग्न सक्छन् । झन् कम्युनिष्ट पार्टीबाट गरिएका नारीसम्बन्धी काम-कारवाहीले यस्तो धारणा उब्जाउन सहयोग गर्नु अस्वाभाविक होइन । भर्खरै आयोजित सुन्दरी प्रतियोगिताका विरोधमा वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रबाहिर जनमोर्चाका तर्फबाट गरिएको विरोध कार्यक्रमलाई पत्रपत्रिकाले *(कान्तिपुर २०६०/५/२८/१)* नारीवादीहरूको विरोध कार्यक्रम भनेर प्रचार पनि गरेका हुन् । नारीको लैङ्गिक पीडालाई विश्लेषण गर्ने काममा मार्क्सवादी विश्व दृष्टिकोण अन्य राजनीतिक दृष्टिकोणभन्दा अग्रणी रहेको छ । तापनि उनीहरूको त्यो विश्लेषण नारीवादी नभएर राजनीतिक-सामाजिक क्रान्तिको एउटा अंगमात्रै हो । मार्क्सवादी विश्व दृष्टिकोणलाई नै प्रेरणा भूमिमा राखेर यसमा निहित नारी विषयका अधुरा पक्षलाई पूर्णता दिने ध्येयले मार्क्सवादी नारीवादको स्थापना भइसकेको छ । राजनीतिक ढंगले लडिएका लडाइँले मात्र समाजमा लैङ्गिक समानता कायम हुन नसक्ने हुनाले नै छुट्टै नारीवादी आन्दोलनको आवश्यकता भएको हो र यसै अर्थमा आएको हो- मार्क्सवादी नारीवाद पनि । सुन्दरी प्रतियोगिताका विरोधमा त्यसरी विरोध गर्नेमध्ये कतिपय महिला नारीवादी पनि थिए होलान्, तर त्यहाँ पार्टी (जनमोर्चा)का तर्फबाट त्यो कार्यक्रम राखिएकाले त्यसलाई नारीवादीहरूको कार्यक्रमका रूपमा लिन मिल्दैन । हरेक किसिमले विषमताहीन स्वस्थ समाजको स्थापनार्थ गरिएको राजनीतिक आन्दोलनकै एक भाग हो, उक्त कार्यक्रम ।

नेपालमा हुनेगरेका सुन्दरी प्रतियोगिताहरूको सधैं यसरी विरोध हुने गरेको छ । प्रतियोगितामा सामेल भएका तथाकथित सुन्दरीहरू यस्ता विरोधले 'आइमाईले नै आइमाईको खुट्टा तानेको' देख्छन्, नारीलाई एउटा संकुचित संसारबाट विशाल संसारमा अवतीर्ण गर्न खोजेको तथ्यबोध गर्नै सक्तैनन् । त्यस्तो क्षमता तिनमा भएको भए अवश्यै पनि आफ्नो जीवनको महत्तालाई हीन साबित गर्न त्यसरी उद्दत हुने नै थिएनन् । उनीहरू आन्तरिक क्षमताको प्रतिस्पर्धा हो भनेर जतिसुकै कुर्लिएतापनि अत्यन्त बुद्धिमती तर कुरूप आइमाईलाई त्यस्ता प्रतियोगिताले सुन्दरी घोषित गरेको इतिहास आजसम्म मेरो जानकारीमा आएको छैन । पैसा र प्रतिष्ठाका लागि दैहिक सौन्दर्यलाई उपयोग गरिने कार्यलाई देहव्यापार भनिनुमा कुनै अत्युक्ति देखिंदैन र यसले नारीलाई हरतरहले 'देह'को सीमारेखाभन्दा माथि उठ्न नदिनकै निम्ति षड्यन्त्र गरिराखेको छ । त्यस दिनको झडप नारीलाई देहभन्दा माथि उठ्न नदिने पूँजीवादी विश्व



*सुन्दरी प्रतियोगिताका विरोधमा त्यसरी विरोध गर्नेमध्ये कतिपय महिला नारीवादी पनि थिए होलान्, तर त्यहाँ पार्टी (जनमोर्चा)का तर्फबाट त्यो कार्यक्रम राखिएकाले त्यसलाई नारीवादीहरुको कार्यक्रमका रुपमा लिन मिल्दैन*

दृष्टिकोणको षड्यन्त्र र नारीलाई देहका रूपमा सीमित गर्न नचाहने मार्क्सवादी विश्व दृष्टिकोणका बीचको भ‍डप हो । अझै पनि कतिपय नेपाली नारीहरू हरतरहले यस्ता प्रतियोगिताका पक्षमा उभिनु भनेको उनीहरूले आफूलाई 'देहका रूपमा हेरिने' कुराको परम्परागत दर्शनभन्दा पृथक राखेर हेर्न नसक्नुको परिणाम हो । नारी अस्मिताको मर्म बुझेका नारीवादीले पनि यस्ता प्रतियोगिताको समर्थन गर्न सक्तैनन् । यसैले पनि जनमोर्चाले गरेको उक्त कार्यक्रमलाई नारीवादीले गरेको ठान्ने भ्रम सिर्जना भएको हुनसक्छ ।

नेपालमा डलर आर्जन गर्ने माध्यमका रूपमा स्थापित छ- लैङ्गिक समतासम्बन्धी कार्यक्रम । यस्ता कार्यक्रमको त्यति धेरै विरोध भएको देखिँदैन, जति नारीवादको हुन्छ । अनि यस्तै डलर खाँदा-खाँदा नारीवादीमा परिणत भएका कतिपय यस्ता नारी पनि छन् । (एकाध) जो नारीवादका नाममा पुरूष पक्षकै वकालत पनि गर्ने गर्दछन् । तिनले एक दिन अवश्यै परिमार्जित हुने क्रममा नारीवादको सही स्वरूप हासिल गर्लान् भनेर आशा गर्नुको अर्को विकल्प हाललाई छैन । नारी र नर दुवैको उत्थानलाई बराबरी ढंगले अगाडि बढाउने भन्ने आशयले गर्दा लैङ्गिक समतासम्बन्धी कार्यक्रमले त्यति धेरै विरोधको सामना गर्नु नपरेको हो, तर के यस्तो अभियानले वास्तवमै लैङ्गिक समता हासिल होला त ?

समाजरूपी शरीरका दुईवटा गोडामध्ये नारीरूपी गोडा कमजोर र लुलो छ । यस्तो अपाङ्ग समाजको दुवै गोडाको बराबरी हिफाजत गरेर यसले समाजलाई तन्दुरूस्ती हासिल हुन सक्तैन । त्यसका लागि लुलो र कमजोर नारीरूपी गोडाकै विशेष हेरचार गर्नु आवश्यक हुन्छ । दुवै गोडा बरावरी क्षमतायुक्त भइसकेपछि भने दुवैलाई बराबरी अवसर र सुविधा दिए पुग्छ । समाजले स्वस्थता हासिल गर्ने क्रमको यसै पहिलो चरणका लागि आवश्यक भएको हो- नारीवादी आन्दोलन, जसले समाजरूपी शरीरको नारीरूपी गोडालाई नररूपी गोडासरह बनाउन मद्दत पुऱ्याउँछ । कम्युनिष्टहरूको साम्यवादजस्तै हो नारीवादीको लैङ्गिक समता पनि । एउटा समाजवादको मार्ग भएर लक्ष्योन्मुख बन्दछ भने अर्को नारीवादको मार्ग भएर ।

लैङ्गिक समतासम्बन्धी कार्यक्रमका हस्ती भनेर समाजमा चिनिएका कतिपय नारीहरूसमेत पनि नारीवादलाई दुस्साहस ठानेर जिब्रो टोक्ने गर्दछन्, जसले उनीहरूको चेतनाको हैसियत निर्धारित गर्दछ । मानौं, एउटा आँपको रूख छ, पोषण संचयका लागि जरा र फेदलाई राख्ने, आँप फल्ने टुप्पैमा हो भनेर त्यसको संरक्षण गर्ने, तर उपर्युक्त दुवै औचित्य नभएको भनेर रूखको बीच भागलाई काटेर फाल्यो भने त्यसको परिणाम जे हुन्छ, लैङ्गिक समतालाई स्वीकार्ने तर नारीवाद भनेपछि जिब्रो टोक्नेहरूको कामको परिणति पनि त्यस्तै हुन्छ । फेरि पनि यस्ता कार्यक्रममार्फत् थेरथोर तात्कालिक नारीहित भएको कुरालाई भने अस्वीकार गर्न सकिँदैन । अर्कालि अडकलेर दान गरेको पैसा खाएर अर्कैले निर्दिष्ट गरेको कामबाट हाम्रोजस्तो मौलिक विशिष्टता भएको देशका नारीलाई लैङ्गिक समतारूपी फाइदा कति हुनसक्ला भनेर चाहिं अलिकति फुर्सद निकालेर सोच्नै पर्ने भएको छ ।

जेहोस्, आज आएर नेपालमा पनि नारीवादमाथि बहसको प्रारम्भ भएको छ । जहाँ अस्वीकार हुन्छ, बहस त्यहीं हुन्छ । बुझ्दै नबुझी नारीवादको अन्धसमर्थन गर्नुभन्दा थेरथोर जतिसुकै बुझेर होस्, त्यसको आलोचना गर्नु राम्रो हो, किनभने यस्तो प्रवृत्तिले ज्ञानको क्षेत्रलाई विस्तृत पार्दछ । यसरी नारीवादका पक्षपाती र विरोधीका बीचमा हुने गरेका बहसले बीचका बहुसंख्यक मानिसलाई नारीवाद बुझ्न र त्यसका पक्ष-विपक्षमा उभिन सहयोग पुऱ्याउँछ । बुझ्दै नबुझी गरिने समर्थन र प्रशंसाले नारीवादलाई कमजोर तुल्याउँछ । नारीवादमाथि बहस आरम्भ हुनु यसको सुनिश्चित भविष्यको संकेत हो । ❑

# नाटक

- के. एल. पीडित

**स्थान** : नेपाल
**समय** : युद्धकाल /लुटकाल
**परिवेश** : गञ्जागोल

**दृश्य : १**

संसाँझै आगो झोसेर शहरमा
बुढो बाघ ढालेर फर्किएको शिकारीझैं
उन्मत्त भावमा
भीमसेनको धरहरा उक्लिएको छ
एक्काइसौं शताब्दीको नीरो
र,
बसेर 'गौंथली गुँड'मा
निष्फिक्री एकनासले
मुरली फुकिरहेछन् शहरवासीहरु ।

**दृश्य : २**

सूर्यास्तको शुभ साइत पारेर
निर्वस्त्र जंगबहादुरको टुँडिखेलमा
शालिक भएर उभिएको छ
एक्काइसौं शताब्दीको वादशाह
र, सुर-वेसुर गाइरहेछ
उसको खलकले कहिल्यै नगाएको गीत ।
घोर निद्रामा पारेर जनहरुलाई
सेलाएर टुकुचामा
शहीदका पानबुट्टे सपनाहरु
बेहुलीको आँगन चुम्न आतुर
कुनै नव बेहुलाझैं
उत्साहित र उत्ताउलो हुँदै
विन्तीपत्र बोकेर आतुर-आतुर
दरवार पसिरहेछन्
एक्काइसौं शताब्दीका 'क्रान्ति-नायकहरु' ।

**दृश्य : ३**

सवार भएर
कर्फ्यूको वायुपंखी घोडामा
र, छल गरेर देउताहरुलाई
चुल्होमा घुसारेको आगोमा
पिसाव फेरिरहेछ
एक्काइसौं शताब्दीको प्रमिथस
र, राक्षसहरु कर्कश स्वरमा
निःशुल्क आगो बाँड्ने घोषणा गरिरहेछन् ।

**दृश्य : ४**

खोल्सा, गौंडा र गल्छेडाहरुमा ढुकेर
दुःखियाहरुको अँध्यारो वस्तीमा
लगातार ग्रिनेड फ्याँकिरहेछ
एक्काइसौं शताब्दीको बुद्ध
र,
दुःखियाहरु
निराहार जाग्राम बसेर रातभर
ऊसँग शान्तिको याचना गरिरहेछन् ।

*(च्यातिन्छ अकस्मात् पर्दा मखमलीको*
*र अन्तर्ध्यान हुन्छन् पात्रहरु एक एक गरेर)* ❑

# बुद्ध दर्शनका विशेषताहरू

❑ प्रज्ञानरत्न

**मानव जातिको दुःखबाट मुक्ति नै बुद्धको मुख्य चासोको विषय हो**



## ज्ञानसम्बन्धी बुद्धका धारणाहरू

बुद्धका उपदेश र विचारहरूमा ज्ञानको ठूलो महत्व देखिन्छ । बुद्धका अनुसार अविद्या अर्थात् अज्ञानता नै सम्पूर्ण खराबीको जड हो । दुःखको जरो कारण नै अज्ञानता हो । सम्यक् ज्ञान अर्थात् सही ज्ञान नै सम्पूर्ण ठीकहरूको शुरूवात हो । दुःखबाट मुक्तिको वास्तविक उपाय नै सही ज्ञान हो ।

**दुःख छ ।**
**दुःखको कारण छ ।**
**दुःखको विनाश सम्भव छ ।**
**दुःख विनाश गर्ने बाटो छ ।**

यी चार आर्यसत्य हुन् । यी आर्य सत्यको आफ्नै अनुभवमा आधारित सही ज्ञान भयो भने हरेक व्यक्तिको दुःखबाट मुक्ति संभव छ । बुद्ध लम्बेचौडे दार्शनिक तर्क-वितर्कको र सैद्धान्तिक वाद-विवादको पक्षमा देखिनुहुन्न । मानवजातिको दुःखबाट मुक्ति नै बुद्धको मुख्य चासोको विषय हो । बुद्धको ठम्याइमा ज्ञान निरर्थक बाद-विवाद र तर्क-बितर्कका लागि होइन, दुःखबाट मुक्तिका निम्ति हुनुपर्छ । ज्ञानले मान्छेलाई दुःखबाट मुक्त गर्न मद्दत गरेको वा गर्न सकेको हुनुपर्छ र मात्रै त्यो सही ज्ञान हो । दुःखबाट मान्छेलाई मुक्त नगर्ने, यसको उल्टो, दुःखलाई यथावत् राख्ने वा बढाउने ज्ञान, वाद-विवाद र तत्व मिमांसाहरू बुद्धको विचारमा व्यर्थ हुन् । ती समय र शक्तिका बर्बादी मात्र हुन् । त्यसैले बुद्धका उपदेश र विचारमा सैद्धान्तिक तर्क-वितर्क वा तत्व -मिमांसा कहींकतै पनि भेटिन्न । बुद्ध निरर्थक सैद्धान्तिक बहस र तत्व मिमांसाको कट्टर विरोधी हुनुहुन्थ्यो । बुद्धको ज्ञानसम्बन्धी सम्पूर्ण विचार दुःखकेन्द्रित र व्यवहारनिष्ट देखिन्छ । बुद्धत्व प्राप्त गरेपछि उहाँले जे जति उपदेश दिनुभयो, र विचारहरू व्यक्त गर्नुभयो, त्यसको केन्द्रमा मानव जातिको मुख्य समस्या दुःख र त्यसबाट मुक्तिको उपाय देखिन्छ । उहाँको आफ्नै भनाइमा उहाँले त्यतिमात्रै उपदेश दिनुभएको छ, जुन जीवनको मुख्य कुरो दुःखबाट बच्नका निम्ति आवश्यक छ । *(हेर्नुहोस्- एम. हिरियन्ना लिखित- भारतीय दर्शनकी रुपरेखामा 'प्रारम्भिक बौद्ध धर्म', राजकमल प्रकाशन, नयाँ दिल्ली, १९९७, पृष्ठ १३८, १३९)*

यसको तात्पर्य बुद्धको ठम्याइमा ज्ञान जीवन र व्यवहारसित घनिष्ठ रूपले जोडिएको हुनुपर्छ । जीवन र व्यवहारमा प्रयोगमा नआउने ज्ञानको कुनै महत्व छैन । जीवन र व्यवहारमा दुःख नहटाउने वा नघटाउने ज्ञानको कुनै महत्व छैन ।

बुद्धको अर्को ठूलो विशेषता के देखिन्छ भने उहाँका विचार र उपदेशहरूमा त्यस्ता सबै कुराको बहिष्कार र अस्वीकार भेटिन्छ, जो प्रत्यक्ष रूपमा ज्ञान हुँदैन । बुद्ध तर्कको दायरामा नआउने र प्रत्यक्ष रूपमा ज्ञान हुन नसक्ने हरेक कुरालाई अस्वीकार गर्नुहुन्थ्यो । *(हेर्नुहोस् उही, पृष्ठ १३८)* यही सिलसिलामा उहाँले ईश्वरको अस्तित्वलाई अस्वीकार गर्नुभयो । भाग्यवादलाई अस्वीकार गर्नुभयो । आजभन्दा २,५०० वर्षअघि, खालि तर्कको दायरामा आउने कुरामात्र स्वीकार गर्ने, प्रत्यक्ष रूपमा आफ्नै अनुभव-अनुभूतिले थाहा पाउन सकिने कुरामात्र स्वीकार गर्ने बुद्धको यो चिन्तन प्रणाली अत्यन्त वैज्ञानिक, नास्तिकतावादी र भौतिकवादी देखिन्छ । बुद्धको यो चिन्तन प्रणालीले अन्धविश्वासको जगजगी चलेको उपनिषद्कालीन त्यतिखेरको समयमा ठूलो तहल्का मच्चाएको हुनुपर्छ ।

बुद्ध तर्कको दायरामा नआउने र आफ्नो अनुभव अनुभूतिबाट प्रत्यक्ष रूपमा ज्ञात हुन नसक्ने अरूको कुरा मात्र आफूले अस्वीकार गर्ने होइन, बुद्ध स्वयंमका कुरालाई पनि ठीक त्यसरी नै लिन आफ्ना शिष्यहरूलाई बारम्बार आग्रह गर्नुहुन्थ्यो । बुद्धका अनुसार दुःखबाट मुक्तिको मुख्य आधार प्रज्ञा हो, अर्थात् सत्यको सही ज्ञान । चार आर्य सत्यको सही ज्ञान । सही ज्ञान चाहे जतिसुकै गतिलो किन नहोस्, दुःखबाट मुक्ति तबमात्र मिल्न सक्छ, जब गुरूप्रतिको वा ग्रन्थप्रतिको आस्थाको कारणले होइन, आफ्नै अनुभव र अनुभूतिमा त्यो ज्ञान सही जँचेको होस् । ज्ञान त्यस्तो हुनुपर्छ, जो आफ्नै निजी अनुभवमा परिणत भएको होस् । प्रज्ञाको अर्थ यही स्वअनुभूतिसहितको ज्ञान हो, आफ्नै आन्तरिक अनुभवमा उभिएको ज्ञान हो । बुद्धले बारम्बार यस्तो भन्ने गरेको पाइन्छ- जसले उहाँको उपदेश सुनेका छन्, तिनीहरूले उहाँका उपदेशहरूलाई अन्धानुशरण नगरून्, बरू आफ्नै स्वतन्त्र मत बनाउन् । अर्थात्, गुरूले भनेकै आधारमा तिनलाई कसैले पनि आँखा चिम्लेर नमानून् । तिनलाई उनीहरूले त्यतिमात्र स्वीकार गरून्, जति तिनीहरू आफैंले सही सम्झन्छन् । जति आफ्नै अनुभवमा उनीहरू त्यसलाई ठीक ठहऱ्याउँछन् ।

"त्यसोभए भिक्षुहरू हो, तिमीहरूले भर्खरै जो भन्यौ, त्यो केवल त्यही हो जो तिमी स्वयं मान्दछौ, जो तिमी स्वयंले सोच-विचार गरेर ग्रहण गरिसकेका छौ, जो तिमी स्वयं ठान्दछौ, कुरो यही होइन त ?" "यही कुरो हो, गुरू" *(हेर्नुहोस् मज्झिम निकाय, ३८ सौं प्रवचन, उही भारतीय दर्शनकी रुपरेखा पृष्ठ १५१)* आफ्ना भिक्षुहरूलाई बुद्धको उपदेश हमेशा यस्तो हुने गर्दथ्यो ।

सम्भवतः तत्कालीन युगमा बुद्ध नै एक्लो यस्तो विचारक र धर्मगुरू हुनुहुन्थ्यो, जो ज्ञानका सम्बन्धमा यस्तो अत्यन्त आलोचनात्मक र वैज्ञानिक विचार राख्नुहुन्थ्यो । बुद्धका आफ्नै विचारहरूलाई, कुनै पनि ठूला नाम चलेका मान्छेका विचारहरूलाई, ठूला शास्त्र वा प्रशिद्ध ग्रन्थमा लेखिएका विचारलाई आँखा चिम्लेर उत्तिकै स्वीकार नगर, त्यसमाथि सोचविचार गर, व्यवहारमा प्रयोग गर, आफ्नै अनुभव, अनुभूति र प्रयोगमा त्यो सही जँच्यो भने मात्र त्यसलाई स्वीकार गर, नत्र अस्वीकार गर । ज्ञानका सम्बन्धमा सबैप्रति र आफैंप्रति समेत यति

**बुद्ध प्रत्येक क्षण हरेक वस्तु परिवर्तित भइरहेको हुन्छ र कुनै पनि वस्तु नित्य छैन, चिरस्थायी छैन भन्ने धारणा राख्नुहुन्थ्यो**

आलोचनात्मक र वैज्ञानिक दृष्टि राख्न सिकाउने अर्को चिन्तक वा धर्मगुरू त्यतिबेलाको विश्व इतिहासमा भेटिएको छैन । यो बुद्धको महानता हो ।

बुद्ध ज्ञेयवादी हुनुहुन्थ्यो । तत्कालीन उपनिषद्हरू र पण्डा-पुरोहितहरूले यो संसारलाई र दुःखका कारणहरूलाई रहस्यमय र अज्ञेय अर्थात् थाहा पाउन नसकिने बनाएका थिए । उनीहरूको भनाइ थियो - यो संसार अपरंपार छ, यसलाई बुझ्न, थाहा पाउन सकिन्न, यो अज्ञेय छ । उनीहरूले यसरी मानिसहरूलाई भाग्यवादी बनाएका थिए । तर यसको ठीक विपरित बुद्धले बताउनु भयो कि यो संसार ज्ञेय छ' दुःखका कारणहरू छन् र मानिसहरूले कोशिस गरे भने दुःखको कारण पूरै थाहा पाउन सक्छन् । र, कारण थाहा पाए भने दुःखलाई व्यक्ति आफैंले हटाउन सक्छ । मान्छे ईश्वर र भाग्यको शरणमा जानै पर्दैन । यसरी बुद्धका उपदेश र विचारहरूमा मान्छेको प्रयत्नको लागि पूरै ठाउँ देखिन्छ । बुद्धका उपदेशहरूले मान्छेलाई भाग्यमा निर्भर नहुन सिकाउँछन् । बुद्धको यो ज्ञेयवादमा भौतिकवादको एउटा महत्वपूर्ण पक्ष भेटिन्छ ।

बुद्धको सरल भनाइ छ- कुनै सन्तानको जन्म भयो भने त्यसको मृत्यु पनि हुन्छ; कुनै कुराको शुरू छ भने त्यसको अन्त्य पनि हुन्छ । दुःखको पनि शुरू छ, त्यसैले यसको अन्त्य पनि छ । दुःख शुरू हुनुको कारण छ, त्यसैले यसको निवारण पनि छ । आवश्यकता यो छ कि हामी यसको कारण थहा पाऔं ताकि हामी यसको निवारण गर्न सकौं । हामी यसको कारणलाई प्रयत्न गऱ्यौं भने पूरै थाहा पाउन सक्छौं । *(हेर्नुहोस्-बोधिचर्यावतार पञ्चिका ६.२५-६ र ३१-२)* बुद्धका अनुसार अज्ञानता र तृष्णा नै दुःखका मूल कारण हुन् । अज्ञानताले तृष्णा पैदा गर्छ, तृष्णाले चेष्टा, चेष्टाले जन्म, पुनर्जन्मको दुश्चक्र अर्थात् भवचक्र । दुःख यही भवचक्रमा छ, जसको हामीले पर्याप्त चर्चा गरिसकेका छौं ।

बुद्धका अनुसार यो संसारमा अस्तित्वमा रहेको प्रत्येक वस्तुको एउटा हेतु हुन्छ, अर्थात् कारण हुन्छ । हेतुलाई हटाईदिने हो भने त्यसको परिणामको पनि अन्त्य हुन्छ । 'यो छ, त्यसैले त्यो छ, यसको अन्त्य हुन्छ, तब त्यसको पनि अन्त्य हुन्छ'; बुद्धको हेतुवाद र प्रतीत्यसमुत्पादको यो सिद्धान्तको ज्ञानको क्षेत्रमा ज्यादै ठूलो महत्व छ । ज्ञानको क्षेत्रमा बुद्ध सापेक्षतावाद र अन्तर्सम्बन्धको सिद्धान्तको शुरू प्रणेता हुनुहुन्थ्यो । हरेक कुरालाई कारण कार्यको सिक्रीको रूपमा हेरिनुपर्छ, सापेक्षतामा हेरिनुपर्छ र अन्तर्निर्भरता र अन्तर्सम्बन्धमा हेर्ने गरिनुपर्छ भन्ने बुद्धको विचारको प्राचीन ज्ञान-सिद्धान्तमा ठूलो महत्व छ । बुद्ध शायद प्राचीन समयको महानतम आदि-सापेक्षतावादी हुनुहुन्थ्यो । प्राचीन कालमा खालि पूर्वमा मात्र होइन, पश्चिममा पनि यति स्पष्ट सापेक्षतावादी चिन्तन बुद्धभन्दा अघि अरू कसैले विकास गरेको देखिन्न ।

बुद्धको ज्ञानसम्बन्धी धारणाको अर्को ज्यादै महत्वपूर्ण पक्ष के देखिन्छ भने बुद्ध प्रत्येक क्षण हरेक वस्तु परिवर्तित भइरहेको हुन्छ र कुनै पनि वस्तु नित्य छैन, चिरस्थायी छैन भन्ने धारणा राख्नुहुन्थ्यो । तर हरेक वस्तु प्रत्येक क्षण बदलिंदैछ भने प्रश्न उठ्छ- कुनै पनि परिचित बस्तु उही हो जुन भूतकालमा थियो भन्ने कुरा कसरी सम्भव र सही हुन्छ ? बुद्धको यसमा उत्तर थियो : प्रत्यक्ष कारणको कुनै दुई क्षणमा वस्तुहरू खालि उस्तै देखिन्छन् मात्र वास्तवमा तिनीहरू उस्तै रहन्नन् । उस्तै नरहने वस्तुलाई हामी गल्तीले केवल बाहिरी रूप हेरेर उस्तै देखिरहेका हुन्छौं । बुद्धका अनुसार अनुभवको प्रत्येक अवस्था सृजित हुनासाथ तुरून्त तिरोहित भएर अर्को अवस्थामा लीन हुन पुग्छ । त्यसैले हरेक क्षण वस्तुहरू र अनुभवको अवस्थामा बदलिरहेजस्तै त्यससम्बन्धी हाम्रो दृष्टि र ज्ञान पनि बदलिरहनु पर्छ । *(हेर्नुहोस् Mrs Rhys Davids, Buddhism पृष्ठ १३५)* बुद्धको ज्ञानसम्बन्धी यो दृष्टिकोण बिल्कुलै द्वन्द्ववादी देखिन्छ ।

बुद्धका अनुसार सत्य त सत् हो, न असत्, बरू यो परिवर्तन हो । यो संसारमा वस्तुको उत्पत्ति कसरी हुन्छ, त्यसको दृष्टिकोणबाट यो संसारमा 'यो छैन' भन्ने कुरा हुँदैन । यो संसारमा वस्तु कसरी नष्ट हुन्छ, त्यसको दृष्टिकोणबाट संसारमा 'यो छ' भन्ने कुरा हुँदैन । संसारमा प्रत्येक वस्तु छ पनि र छैन पनि । त्यसैले, वस्तुसम्बन्धी हाम्रो ज्ञान पनि छ पनि, छैन पनि को द्वैतमा चल्नुपर्छ । *(हेर्नुहोस्- **Oldenberg को Buddha,** पृष्ठ २४९)*

यस कोणबाट हेर्दा बुद्धको ज्ञानसम्बन्धी धारणा अत्यन्त वैज्ञानिक र आदिम द्वन्द्ववादी देखिन्छ ।

❑

अन्धविश्वास र कुरीतिहरूले समाजलाई पतनको बाटोतिर लैजान्छन् । बोक्सी, भूतविद्या आदि विषयमा प्रचलित अन्धविश्वासहरूतर्फ लाग्नुभन्दा यथार्थ कुराको विश्लेषण गरेर आइपरेका बाधा-व्यवधान हटाउनेतर्फ सचेत नागरिकहरूले लाग्नुपर्छ । अन्धविश्वास र कुरीतिहरूको प्रचलनबाट हुने दुष्परिणामहरूबारे जनसाधारणलाई जानकारी दिन सचेत र शिक्षित व्यक्तिहरूले अग्रसर हुनुपर्छ ।

श्री ५ को सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

# मिथक हाम्रो सांस्कृतिक चिन्तनको स्रोत ?

- डी. आर. पोखरेल

जानिफकारहरू भन्छन् मिथक- आदिम मानवको मनको सृष्टि हो । तर यो कपोलकल्पनामा आधारित छ । हुन त यो प्रकृतिका यथार्थ घटनाहरूको प्रतिबिम्बन हो । किनभने हाम्रा पूर्वजहरूले प्रकृति, मानवसमुदाय र स्वयं आफ्नो मनभित्र जुन खेलहरू देखे, तिनबाट प्रभावित भएर तिनलाई बुझ्ने क्रममा, तिनको स्पष्टिकरण गर्ने, सामन्यीकरण गर्ने क्रममा नै मिथकलाई जन्म दिए । यसकारण यो भन्न सकिन्छ- मिथक यथार्थको काल्पनिक अनुभूति हो । यो हाम्रा पूर्वजहरूको जीवनगाथा हो । यो "सार्वभौम कल्पना हो । आदिम मानवका सामूहिक अनुभूतिको शब्दमूर्त रूप हो । यसमा मानव र प्रकृतिको अभेद चेतना निहित छ ।"[1]

मिथक, अङ्ग्रेजी Myth को नेपाली रूप हो । यो संस्कृत शब्द- 'मिथ' (रहस्य)- मा 'क' प्रत्यय लागेर बनेको शब्द हो । यसलाई शब्दकोशहरूमा मिथ्यामा आधारित कथा वा अवधारणा भन्ने गरिएको पाइन्छ । वास्तवमा यो लोकगाथा हो, जसमा कल्पना र यथार्थको



*चिनियाँ समाजको मिथकीय विश्वास : ड्रागन*

समिश्रणका साथै कल्पनाको मात्रा अधिक हुने गर्छ । अहिले यो लोकसाहित्यको एक प्रमुख अङ्गको रूपमा प्रस्तुत भएको पाईन्छ तर शुरूवातमा यो मानव-चिन्तनकै अङ्ग थियो । यसमा लोककल्याणकारी पवित्रताका भावना थिए । पछि मध्यकालमा यसमा ईश्वरीय अलौकिक सत्ता र धर्मको धारणा जोडियो र यो झनझन जटिल र रहस्यमय बन्दै आएको पाइन्छ । आज मिथकलाई पुराकथा, पुराणकथा, लोककथा, किंवदन्ती, लोकविश्वास, आख्यान, वीरकथा, परम्परागत कथा, स्वप्नकथा, गल्प, धार्मिक आख्यान आदि पर्यायवाची शब्दहरूद्वारा जनाउने गरिएको पनि पाइन्छ ।

मिथकलाई आज लोकगाथाको रूपमा हेरिन्छ तर यसको क्षेत्र भने धेरै व्यापक देखिन्छ । साहित्य, धर्म, दर्शन, इतिहास, संस्कृति लगायत जीवनका विविध क्षेत्रमा यसको विस्तार भएको पाइन्छ । मानव जाति र प्रकृतिको बीचको सम्बन्ध निरूपण गर्ने क्रममा हाम्रा पूर्वजहरूले विकास गरेका आदिम धारणाहरू नै मिथक भएकाले त्यसको असर मानव जीवनका विविध क्षेत्रमा पर्नु स्वभाविकै पनि हो । यसलाई आज पनि हामी विभिन्न क्षेत्रमा अभिव्यक्त भएका पाउँछौं- चाहे त्यो हाम्रो चाडपर्वको पृष्ठभूमि-कहानी होस्, चाहे पृथ्वीलाई शेषनागले वा चार हात्तीले बोकेको कुरा होस् वा हनुमानले आकाशमार्ग गरेर चारसय योजनको समुद्र नाघेको कुरा होस् वा भगवानका दशअवतारको कुरा होस् वा महिषासुरमर्दिनी दुर्गा भगवतीको चर्चा होस् वा विष्णुका श्रापले पातलवास भोग्नु परेका 'बलिराजा'को कुरा होस् । सबैमा मिथकको विस्तारित प्रभाव परेको पाइन्छ । हाम्रा पुराण साहित्य मिथकले भरिएका छन् । हाम्रा रीतिरिवाज, हाम्रा सोचविचार मिथकीय छन् । हाम्रो संस्कृति मिथकीय छ । हाम्रो पूर्वजाभाष (Totemic sign) होस् वा विधिवर्जन (Taboo) होस्, हाम्रो तन्त्रशास्त्र होस् वा मन्त्र महात्म्य होस्, सबै मिथकीय हिसाबले बनेका देखिन्छन् ।

समाजशास्त्रका ज्ञाताहरू भन्छन्- लोकमानसमा मिथकको ठूलो प्रभाव छ । किनभने 'लोकमन कतिपय अवस्थामा यथार्थ र कल्पनाको भेद गर्न चाहन्न ।'[2] असम्भव कल्पनामा रमाउने तिलस्मी कुराहरूमा अत्यन्त चाख राख्ने अर्थात् स्वैरकल्पनामा रमाउने प्रवृति मानवीय प्रवृत्ति नै हो । हनुमानले लंका जलाउनु, दुःशासनले द्रौपदीको सारी तान्दा कहिल्यै नसकिनु, विष्णु भगवानको माछा, कछुवा, नरसिंह र वामन अवतार हुनु, समुद्र मन्थन हुनु, वृत्रासुर दानवले आफ्नै टाउकोमा वरदानी हात राखेर स्वयं भष्म भई गुफामा लुकेका शिवको हलेसीमहादेवको रूपमा स्थापना हुनु, गणेशको टाउको हात्तीको हुनु, दश टाउके रावण, छ टाउके कुमार, चारमुखे ब्रह्मा, अठार हात भएकी दुर्गा-काली लगायत यमलोक, स्वर्गलोकका कल्पनाहरू मिथकीय कुराहरू हुन् । यतिमात्र होइन आजको आधुनिक साहित्य पनि मिथकीय प्रवृत्तिबाट प्रभावित छ । आज पनि साहित्यमा बिम्ब, प्रतीक, उपमा, अभिव्यञ्जनाको चर्चा गरिन्छ । आज पनि प्राचीन कहानी भनेर टेली श्रृङ्खलाहरूमा महाभारतको तिलस्मी कथा प्रस्तुत गरिन्छ । बच्चाहरूको साहित्य भनेर कार्टुनमा सारा चराचर, पशुपंक्षी, जीव, निर्जीव मान्छेजस्तै बोलेको, हिंडेको व्यवहार गरेको हेर्न पाईन्छ । यो पनि मिथकीय सोचकै अभिव्यक्ति हो । यसमा मान्छे बिनापखेंटा उडेको देखाइन्छ । यो चराहरू उडेको देखेर मानिसमा परेको काल्पनिक प्रभाव हो ।

यसो किन भइरहेको छ ? यो रहस्यमय छ । किनभने आदिम मानवले भूकम्प, ज्वालामुखी, जाडोगर्मी, रातदिन, चन्द्रकला, सौर्यमान लगायतका प्रकृतिका निर्दिष्ट नियमहरू लगायत जन्म र मृत्युको घटनालाई सपना र विपनाको अन्तरलाई, रोग, महामारी, भोक, प्यास र यौनलाई पक्कै पनि त्यतिकै सहज रूपमा ग्रहण गरेन । त्यसप्रति आफ्नो आश्चर्ययुक्त प्रतिकृया जनाउँदै आयो । यसै क्रममा केही सोचहरूको विकास पनि गर्‍यो, जुनकुरा आज पनि कतिपय आदिवासी जनजातिमा प्रत्यक्ष रूपमा र आम मानव समुदायमा सूक्ष्म रूपमा वा अवशेषको रूपमा पाउन सकिने बताइन्छ ।

संसारभरि नै पाइने यी सोचहरूलाई

विशेषज्ञहरूले यसरी वर्गिकृत गरेका छन्- स्वैरकल्पनावादी, सर्वात्मवादी, जादू र टुनामुनावादी र अनुष्ठानवादी । यी सोचहरू आदिम मानवका प्रमुख सोचहरू थिए भन्ने कुरा आज पनि पढ्न पाईन्छ । यीनै सोचहरूका प्रभाव आज पनि लोकमानसमा पाइन्छ भन्ने लोक साहित्यविद्हरूको भनाइ छ । जस्तो स्वैरकल्पनावादी सोचले मानिसलाई उडन्ने कल्पनामा विचरण गर्ने वा कुनै पनि कुरालाई अतिरञ्जित गरेर हेर्ने प्रवृत्तितर्फ उन्मुख गरायो । जस्तो भनौं- हाम्रो समाजमा चलेको उखान- 'रातभन्दा सपना लामो' - हेरौं, कति अद्‌भूत लाग्छ यो सुन्दा । मूल कुराभन्दा त्यसको *सहउत्पादन ठूलो हुने यसको अर्थ छ* । अतः हाम्रा पूर्वजहरूले कस्ता अनुभवहरू गरेका रहेछन् त भन्ने यसले देखाउँछ । यस्तो सोचको आधारमा 'सुनकेश्री रानी', पहाड चपाउने र समुद्र सिंगै पिउने, घनाघनै बाँस बटारेर डोको बुन्ने राक्षस, मुखबाट आगो ओकल्ने देवता, सूर्य, चन्द्र लगायतका ग्रह ताराहरूलाई पशुवाहनमा चढाएर हिंडाउने र तिनलाई पृथ्वीको नागरिकता दिने जस्ता अतिरञ्जित वा अति कल्पनाका अति प्रतीकका कुराहरू जन्मिए । जब यिनले ईश्वरीय रूप धारण गरे र पवित्रताको, अदम्य वीरताको, धार्मिकताको रूप लिए वा सामान्य प्रयोगका वस्तुहरू जब सत्य वस्तु ठहरिन थाले, जब त्यो आम विश्वासको, आम आस्थाको विषय बन्यो, त्यो मिथक बन्यो । अर्थात्, यसैलाई मिथक भनियो र भनिँदै छ ।

स्वैरकल्पना आज पनि गरिँदैछ । स्वैरकल्पनामा आधारित उपन्यासहरू, काव्यहरू लेखिँदैछन् । नेपाली उपन्यास लेखनको इतिहास त्यति लामो छैन । हामी आज गिरीशवल्लभ जोशीको 'वीर चरित्र'मा लगायत पुराना उपन्यासहरूमा प्रस्तुत तिलस्मी पात्र, चरित्र, घटनाहरूलाई पढ्न पाउँछौं । गणेशदत्त (वीर चरित्रको एक प्रमुख पात्र) लाई पोखरीमा नुहाउन गएको बखत जलपिशाचिनीले आफ्नो जादूको बलमा ढुङ्गामा परिवर्तन गरिदिन्छे । तैपनि गणेशदत्तले 'सुनभाक्री' र 'वनभाक्री' को मद्दतले आफ्नो 'महान मोहनमन्त्र', 'रक्षामणि' र 'मनचिन्ते भोला' जस्ता तान्त्रिक विधि प्रयोग गरेर शिलाबाट ब्यूँतन्छन् ।[३] यो उपन्यास नेपालको भर्खरैको सृजना हो । यसमा बाईसी-चौबीसी राज्य र राजाहरूको आपसी कलह, वैमनस्यता, इर्ष्या र शत्रुता एवं झगडालाई प्रतीकात्मक रूपमा जनाइएको पाईन्छ । यसभित्र पनि काल्पनिक, तिलस्मी, जादूमय वा तान्त्रिक ढंगका कुराहरू छन् । तिनलाई एकएक हेर्‍यो भने अतिरञ्जित अभिव्यक्ति भन्नुपर्ने हुन्छ । वास्तवमा यस्ता अद्‌भूत काल्पनिक कुराहरू लोकमानसमा आकर्षणका वस्तुहरू थिए र आज पनि छन् ।

आधुनिक नेपाली साहित्यमा पनि मिथकहरूको प्रयोग भइरहेको पाईन्छ । यस्ता साहित्यकारहरूमा जगदीशशमशेर राणाको नाम अग्रपंक्तिमा लिइएको देखिन्छ । उनको पुस्तक 'नरसिंह अवतार' लाई मिथकीय साहित्यको उदाहरण मानिन्छ ।[४] हुन त धेरै स्रष्टाहरूले प्रतीक, बिम्बको प्रयोग गरेर साहित्य रचना गरेका छन्, तर ती सबै मिथकीय धाराका भने होइनन्, तर अति प्रतीकात्मक भने छन् । जस्तो 'फर्सीको जरा' नामक कविता । यस्तैगरी सुन्दर प्रतीकहरूमा सजिएका कविताहरू पनि छन् । जस्तो लेखनाथ पौडेलको 'पिंजडाको सुँगा' इत्यादि । यस्तैगरी ध्रुवचन्द्र गौतम, मोहनराज शर्मा आदि स्रष्टाहरू पनि स्वैरकल्पनामा आधारित साहित्य लेख्नेहरूमा मानिएका छन् । मंजुलको 'छेकुडोल्मा'लाई पनि यही धाराको कृति ठान्न सकिन्छ । यसबाहेक मिथक वा मिथकीय साहित्यसम्बन्धी जिज्ञासा राख्ने वा यससम्बन्धी केही अनुसन्धान गर्ने केही समीक्षकहरू पनि छन् । डा. हरिराज भट्टराई, कृष्ण बराल लगायत लोकसाहित्यका प्राध्यापकहरू, अनुसन्धानकर्ताहरू यसतर्फ लाग्न थालेका पाइन्छन् । तर भनिन्छ हामीकहाँ मिथक सम्बन्धी यस्ता खोजहरू ज्यादै नगन्य भएका छन् । किनभने हाम्रो परम्परागत, धार्मिक एवं पौराणिक साहित्य मिथकले भरिएको छ भनिन्छ । पाश्चात्य विद्वानहरू यसतर्फ गहन रूपमा लागेको र धेरै धेरै खोजी भइसकेको कुरा पढ्न पाइन्छ । जर्मन भाषाशास्त्री, पुराकथाका मर्मज्ञ एवं संस्कृतिविद् म्याक्समुलरको नाम पूर्वीय पुराकथाहरूको अन्वेषककर्ताको रूपमा लिने गरिएको पाइन्छ । यिनले पुराशास्त्रीय सिद्धान्तकै स्थापना गरे भन्ने पनि उल्लेख पाईन्छ । (चूडामणि :४१)


*लेखक*

## पश्चिममा वायुपुत्री - क्लियोपेट्रा' छिन्, पूर्वमा 'पवन' पुत्र- हनुमान । पूर्वका 'हनुमान' र ग्रीसका 'हर्कुलस' दुवै वीरपुरूषका स्मृति-प्रतीकहरू हुन् ।

जगदीश शमशेरको 'नरसिंह अवतार' एउटा काव्य हो । यो विष्णुको दश अवतारमध्येको चौथो अवतार 'नरसिंह' लाई लिएर लेखिएको भनिन्छ ।[४] यसको कभरमा 'नरसिंह अवतार' को एउटा फोटो छापिएको छ । यो फोटो हनुमानढोका दरबारको भित्री परिशरमा राखिएको र आजभन्दा ३३० वर्ष अघि राजा प्रताप मल्लले स्थापना गरेको पत्थर मूर्ति हो ।[६] यसको मुख र शरीर मानिसको छ । यो अर्धमानवको स्मृतिचिन्ह हो । अर्थात् मानव पूर्ण नभैसकेको तर सिंह जस्तै बलशाली, वनैया (वनको राजा) भएको बेलाको स्मृति चिन्ह हो । तर यसलाई दैवीकरण गरियो । यसलाई भगवानको पवित्र अवतार मानियो । हाम्रो पौराणिक साहित्यमा यस्ता अर्धमानवहरूको दैवीयकरण वा पवित्रीकरण छ्यासछ्यास्ती पाइन्छ । बाँदरको अनुहार भएका 'हनुमान' हुन् वा सुँगुरको अनुहार भएका 'वराह' भगवान् हुन् वा हात्तीको सुँढ भएका 'गणेश' हुन् । यी सबै अर्धमानवका स्मृति-प्रतीकहरू हुन् । हाम्रो पौराणिक साहित्यमा भएका यस्ता अर्धमानवहरू केवल पूर्वीय साहित्यमा मात्र पाइने भने होइनन् । पश्चिममा पनि यस्ता स्मृति-प्रतीकहरू छ्यासछ्यास्ती छन् । जस्तोः मिश्रको स्फिङ्स (Sphinx), ग्रीसको चिमेरा (Chimera), इजिप्टको स्यालको मुख भएका एनुबिस (Jackal headed Anubis) इत्यादि ।[७] मिश्रको 'स्फिङ्स' नेपाली 'नरसिंह अवतार' सित मिल्दोजुल्दो छ भनिन्छ । तर फरक के भने स्फिङ्सको अग्रभाग स्त्री (नर) को छ र पृष्ठभाग सिंहको, जब कि 'नरसिंह'को ठीक उल्टो छ । अग्रभाग सिंहको र पृष्ठभाग पुरूष (नर) को छ । वास्तवमा दुवै 'नरसिंह अवतार' हुन् । दुवै अर्धमानवका स्मृति-प्रतीक हुन्, हाम्रा आदिम (वनमानुष) पूर्वजहरूको स्मृतिमा बनेका मूर्तिहरू हुन् ।

पूर्व र पश्चिमका धेरै देवताहरूको विशेषता मिल्दछ । जस्तो हामीकहाँ इन्द्र छन् । यिनलाई जलका देवता भनिन्छ । अर्थात् 'मेघराज' भनिन्छ । पश्चिममा 'सिफ' (स्कैंडेनिवियाई पुराणकी पात्र) छन्, 'थोर' (मेघराज) की श्रीमती । पूर्वमा अग्निदेवता छन्, पश्चिममा चिमेरा । पूर्वका संस्थापक देवता ब्रह्मा छन् , पश्चिममा रोमुलस (रोमका पुराणअनुसार संस्थापक देवता), प्राचीन युनानमा 'एपोलो' छन्, पूर्वमा 'सूर्य', देवता । पश्चिममा (युनानमा) वायुपुत्री - क्लियोपेट्रा' छिन्, पूर्वमा 'पवन' पुत्र -हनुमान । यस्तैगरी पूर्वका 'हनुमान' र ग्रीसका हर्कुलस (Herculas) दुवै वीरपुरूषका स्मृति-प्रतीकहरू हुन् । नेपालका केही मन्दिरहरूका टुँडालहरूमा अलौकिक वीरको मूर्ति कुँदिएको पाइन्छ, यसलाई सिंह-शार्दूल भनिन्छ । यो नङ्ग्रा सिंहको, कान र आँखा बोकाको, शरीर घोडाको भएको र चारैखुट्टामा पंखेटा भएको अलौकिक जीव हो । यस्तैगरी पश्चिममा पनि तीनवटा भिन्न पशुहरूबाट निर्मित जीव छ चिमेरा । यस्तैगरी नेपाली शिवलिङ्ग प्राचीन सिन्धुघाँटीको सभ्यतामा पाइने लिङ्ग पूजासित मिल्दो मानिन्छ । नेपालकी गुह्येश्वरी (योनी पूजाकी देवी) अन्त पाइन्छन् पाइन्नन्, यो त भन्न सकिन्न, तर सर्पको माला लगाउने, भाङ खाने, गोरूमाथि

चढेर हिंड्ने बाघको छाला बेर्ने, देवाधिदेव महादेव भने संभवतः दुर्लभ देवता हुन् ।

हाम्रो पुराण साहित्यमा वर्णित समुद्र मन्थन र देव-दानवको कुरा र त्यसमा शेष नागलाई नेती बनाइएको कुरालाई आज पवित्र आस्था र विश्वासले हेरिन्छ । तर यो यस्तो प्रतीकात्मक कुरो हो, जसले प्राचीन मानव जाति देव, दानव र नाग जाति सबै समुद्रतट निवासी थिए र नाग जातिलाई बलिष्ट दुई जातिले, देव र दानव ( आर्य र द्रविड) दुबैले आ-आफ्नो पक्षमा तान्दथे किनकि ती कुशल जाति थिए, ती शिल्पकार जाति थिए भन्ने यथार्थलाई मिथकीय रूपमा प्रस्तुत गरिएको छ । पुराणमा वर्णित दशअवतार **(मत्स्य कुर्म, वराहश्च नरसिंहश्च वामन । रामो रामश्च कृष्णश्च बुद्ध कल्कि तथैवच)**ले वास्तवमा प्राणीजातिको विकासवादी सिद्धान्तलाई पुष्टि गर्दछ । किनभने भगवानको पहिलो अवतारलाई मत्स्य (माछा) को मानिएको छ । यो आधुनिक जीव उत्पत्तिको सिद्धान्तसित मेल खान्छ । यस्तैगरी माछापछि कछुवाको अवतार मानिएको छ । माछाभन्दा अलि विकसित रूपमा कछुवालाई प्रस्तुत गरिएको छ । हुन पनि हो- कछुवा थोरै समयको लागि जमिनमा पनि रहन सक्छ, माछा सक्तैन । यसपछि पूर्ण रूपमा जमीनमा बस्ने तर दलदले हिलो छोड्न नचाहने जीव सुँगुर हो । सुँगुर (बराह) पछि नरसिंहको अवतार भएको देखिन्छ । यसको अर्थ हो- पूर्ण जंगलीबाट अर्धमानवमा मानवजातिको विकास । यो अति नै स्वभाविक देखिन्छ । यसपछि नै वामन, पर्शुराम, राम, बुद्ध र कल्किका अवतारहरूको चर्चा पाइन्छ । वास्तवमा वामन अवतार नरसिंहभन्दा विकसित मानव रूप हो तर अझै पूर्णकद प्राप्त नभै सकेकाले वामन (पुड्के) भनिएको हुन सक्छ । यसपछि पर्शुराम जस्ता डरलाग्दा र रिसाहा मानव अवतारको पालो देखिन्छ र यसपछि नै बाँदरको फौज भएका रामचन्द्र र अलि बुद्धिशील बुद्धको अवतारको चर्चा भएको छ । यस मानेमा यो यथार्थको प्रतीकात्मक चित्र सावित भएको छ । तर यो पवित्र विश्वासको भावनामा उभिएको छ । यहाँ ईश्वरीय तत्व वा अलौकिक तत्वको अस्तित्वलाई यसले स्थापित गरेको छ । दशैअवतार विष्णुका अवतार हुन् भन्ने अलौकिक सोचलाई यसले सत्य ठानेको छ । अवतारको कुरालाई आज कसैले पनि अविश्वासको आँखाले हेर्दैनन् । यसलाई असत्य मान्ने आँट कसैको देखिँदैन । यसरी यस प्रतीकलाई धर्म-दर्शनले आज वास्तविक रूपमै, भौतिक रूपमै सत्य ठानेको छ । यसलाई इतिहासबाट, यथार्थबाट अलग्याएर अलौकिकतामा जोडेको छ र त्यसलाई सत्य ठानिएको छ । मिथकीय सोचको अनुपम् उदाहरण योभन्दा अर्को पाउन सर्वदा मुस्किल छ ।

मानवकृत भगवान्हरू कतिपय पशुरूपी हुनु वा भगवान्का बहानहरू पशुहरू हुनु, मानव समाजभित्र पशुका आख्यानहरू यथेष्ट पाइनु,



**अवतारको कुरालाई आज कसैले पनि अविश्वासको आँखाले हेर्दैनन्। यसलाई असत्य मान्ने आँट कसैको देखिँदैन। यसरी यस प्रतीकलाई धर्म-दर्शनले आज वास्तविक रूपमै, भौतिक रूपमै सत्य ठानेको छ।**

पौराणिक साहित्यमा पशुलाई सम्पत्तिको रूपमा ग्रहण गरिएको पाइनु आदि कुराहरू ज्यादै रोचक र कौतुहलमय छन् । आखिर मानवजातिको सिर्जनामा पशुहरू कहाँबाट आए त ? किनभने पशुहरू त मानवका सिर्जना होइनन् । यसको कारण के हो भने लामो ऐतिहासिक कालखण्डहरूमा मानिस र जनावरहरूको सम्बन्ध युगौं रह्यो । मानिस स्वयं युगौं जंगली जनावरसह भएर रह्यो अर्थात् जनावरकै तहबाट अघि बढ्दै आयो, साथै 'कान्छाबाबुको शिकार' पनि गर्दै आयो । आफ्नो दिनभरिको शिकारमा कान्छाबाबुको अनुहार देख्तै आएका हाम्रा पूर्वजहरूले त्यस युगको त्यस भयानक सम्झनालाई कसरी छोड्न सक्थे र ! यसै भएर मानव जातिले जनावरहरूलाई आफ्नो संस्कृतिमा सँगै लिएर आयो । आफ्नो साहित्यमा सँगै लिएर आयो । यसै भएकाले अरू त अरू आकाशीय पिण्डहरूलाई पनि जनावरका रूपमा बुझ्न थालियो । तारामण्डलहरूलाई बाह्रवटा राशीमा (मेष, वृष, कर्कट, सिंह, वृश्चिक, मीन (माछा आदि जनावरको रूपआकारमा) ढाले । रवि, सोम, मंगल, बुध, वृहस्पति, शुक्र, शनि, राहु, केतु आदि ग्रह-नक्षत्रहरूलाई विभिन्न जनावरको पिठ्यूमा चढाए ।[८] यिनलाई दैवीकरण, मानवीयकरण र व्यक्तिकरण गरे । यिनलाई पवित्र आत्मा तुल्याए । सर्वव्यापक तुल्याए र सत्य ठाने । त्यत्रा भुँडे गणेशलाई बहान भने 'मुसो' दिए । आश्चर्य लाग्छ, प्रतीक पनि यति अतिशयोक्तिपूर्ण छ कि, यति अतिरञ्जित छ कि के भन्ने ! तर जेजे भए पनि हामीले गणेशलाई पूजा गरेकै छौं । गणेशलाई ईश्वर मानेकै छौं । यसलाई हाम्रो आस्था र विश्वासको सत्य वस्तु ठानेकै छौं । हाम्रो धर्म, संस्कृति, हाम्रो संस्कार, हाम्रो सोच समझदारी यसरी मिथकका कौतुहलमय कुराहरूमा फले-फूलेको हामी पाउँछौं ।

लोकमानसमा, स्वैरकल्पनाको, सर्वात्मवादको (सबै जीव निर्जीव वस्तुहरूमा आत्मा हुन्छ भन्ने चिन्तन) जादू र टोटेमवादको (झारफूक, तन्त्रमन्त्र, धामी झाँक्री, बोक्सी, बोक्सेरो आदिको धारणा र अनुष्ठानवाद (यज्ञ, वलि, पूजा, जप, तप, होम होमादि, जन्म-मृत्युका संस्कार, नियोग, सतीप्रथा, तान्त्रिक अनुष्ठानहरू आदि) को सोचपरम्परा रहेको पाइन्छ । आदिमानवमा रहेको अज्ञानता र भयका कारणले यी विभिन्न सोचपरम्पराहरू संसारभरि रहेको पाउँछौं । आश्चर्यजनक वस्तुको आदिम कल्पना पूर्व-पश्चिम जहींतहीं पाइन्छ । पूर्वमा मात्र भूत, प्रेत पिचाश जस्तो असंसारिक अशारीरिक वस्तुको अस्तित्व रहेको होइन, पश्चिममा पनि भुतेनी (medusa)हरूको अस्तित्व रहेको देखिन्छ ।[९] साथै महान् नाटककार शेक्सपियरका नाटकहरूमा पनि भूतप्रेतको अस्तित्वबारे उल्लेख भएको देखिन्छ । मानिस मरेपछि यमराजका दूतहरूले लैजाने र रौरव, कुम्भीपाक आदि जस्ता डरलाग्दा नरकहरूमा पर्ने जस्ता अति भयोत्पादक मिथकीय स्थान, वस्तु , पात्र र घटनाहरू पूर्वको पुराण साहित्यको मात्र कुरो नभई, पश्चिममा पनि चिमेरा र मेडुसा जस्ता भयंकर रूपआकारका भूतदेवताहरू छन् । चिमेराको मुख बोकाको छ, त्यसले आगो ओकल्छ, शरीर सिंहको छ, पुच्छर बटारिएको ड्रागन ( सर्प)को छ, नेपालका मन्दिरका टुँडालहरूमा पाइने सिंह-शार्दुलझैं तीनवटा पशुहरू मिलेर बनेको छ । यो आदिमानवले ज्वालामुखी विस्फोटलाई आफ्नो भाषामा उतार्ने क्रममा ग्रहण गरेको सोच हो । जस्तो ज्वालामुखीको मुखबाट आगोको लप्का बाहिर निस्कन्छ, धुँवा निस्कन्छ, ज्वालामुखी बोकोजस्तो उदण्ड हुन्छ । त्यो सिंहजस्तै बलिष्ठ हुन्छ र ड्रागनजस्तै डरलाग्दो बट्टारिएको हुन्छ भन्ने बुझाइको भाषा नै चिमेरा हो । किनकि यसको मुख बोकाको छ, त्यसको मुखबाट आगो निस्कन्छ, बोकाको जुरो छ ( धुँवा र बादल जनाउने) अनि ज्वालामुखी स्वयं बलशाली त छँदैछ, यो बोकाजस्तै उदण्ड भएर बट्टारिएर बाहिर निस्कन्छ । यही नै आदि मानवको बुझाइ हो । यसमा प्रतीक वा स्वैरकल्पना, सर्वात्मवाद, जादू र अनुष्ठानवाद सबै एकैठाउँ मिसिएको छ । यसमा प्रलयको भावना, पशुलाई आफ्नो उपास्य वस्तु बनाउने भावना, विधिनिषेधको भावना, भयपैदावर वा अप्राप्तवस्तुलाई ग्रहण वा वहिष्कार गर्ने[१०] भावना, स्वर्ग, नर्क, पितृलोकलाई मान्ने, जादू, टुनामुना

एवं बोक्सोरोका भावनाहरू एकैसाथ प्रस्तुत भएको हामी पाउँछौं । यी पुराकथा वा मिथकका विशेषताहरू अर्थात् टड्कारा प्रवृत्तिहरू हुन् ।

यसैगरी मिथकमा पशु प्राणीहरू -(गाई, गोरू, सिंह, माछा, सुंगुर, नाग, राँगो, कछुवा, बिच्छी आदि), अर्धमानव (नरसिंह, बराह, गणेश, हनुमान, हयग्रीव, वामन), बहुमुखी देवता (ब्रह्मा, विष्णु, शिव, कुमार, दत्तात्रय, दुर्गा), तिलस्मी दैत्यहरू (रावण, मय, कंश), पवित्र वनस्पतिहरू (तुलसी, पिपल, वेल, कुश, अमला), अशरीरी अस्थित्व (पितृ, देवता, भूतप्रेत), मानव अखटोपहार (मुण्डमाला, खप्पर) आदिको समावेश हुने गरेको पाइन्छ र मिथक विभिन्न प्रकारका देखिन्छन् सृष्टिसम्बन्धी, प्रलयसम्बन्धी, देवदेवीको पूजाआजा सम्बन्धी र प्रकृतिसम्बन्धी भन्ने उल्लेख भएको पाइन्छ ।[११]

वास्तवमा अद्‌भूत कल्पना गर्नु मानवको स्वभाविक प्रवृत्ति[१२] त हुँदै हो, त्यसमाथि जीवन र जगतका अनगिन्ती वस्तु र घटनाहरूलाई बुझ्ने क्रममा नै मिथकको जन्म भयो र यो साहित्यको गहनाको रूपमा आज पनि कुनै न कुनै रूपमा ग्रहण गरिएकै छ । तर मिथक जब धर्मको मेरूदण्ड बन्यो, यो जीवनदृष्टिको अङ्ग पनि बन्यो । यसले जीवनलाई रसमय र रोमान्चित त बनायो, तर धेरै गलत धारणाहरू पनि समेट्यो । त्यसो भएकाले मिथकले गम्भीर प्रकारका समस्याहरू पैदा गऱ्यो । यसले वैज्ञानिक दृष्टिकोणमा भयंकर ठूलो अवरोध पैदा गरेको छ । किनभने ईश्वर, स्वर्ग, नर्क, पुनर्जन्म, पूर्वजन्मका धारणाहरूलाई अकाट्य सत्यको रूपमा मिथकले स्थापित गरेको छ । यसले वस्तुवादी चिन्तनमा व्यवधान खडा गरेको छ तर मिथक हाम्रा पूर्वजहरूको आदिम चिन्तन भएकाले र यसमा लोकमानसका आधारभूत कुराहरू विद्यमान भएकाले यसको सोद्देश्य खोजी गरिनु जरूरी छ । मिथक के हो ? यो किन जन्म्यो र यसको आज के महत्व छ ? भनेर गम्भीर खोज गर्नु आज हाम्रो पुनीत कर्तव्य भएको छ । ❑

*सन्दर्भ सामग्री*


१) डा. हरिराज भट्टराई, नरसिंह अवतार एक समीक्षा, ताप्लेजुङ : असीम सौरभ, २०४५, पृ.-४
२) चूडामणि बन्धु, नेपाली लोक साहित्य, काठमाण्डौ : एकता बुक्स, २०५८, पृ.-४५
३) राजेन्द्र सुवेदी, नेपाली उपन्यास परम्परा र प्रवृत्ति, वाराणसी : भूमिका प्रकाशन, २०५३, पृ.-३७
४) डा. हरिराज भट्टराई, पूर्ववत् पृ.-४ ।
५) नवराज कट्टेल, "नरसिंह अवतार : द्वन्द्व र क्रान्ति चेत", गरिमा (अंक ५, वर्ष १२ २०५१) पृ-५३
६) जगदीश शमशेर नरसिंह अवतार, काठमाण्डौ : श्रीमती भुवन राणा, २०३७, पृ.-१
७) James Mitchel and Jess Tein (Edi.) Random House Encyclopedia, Newyork: Random House, 1997, Page 832.
८) तोयनाथ पन्त, पञ्चाङ्ग, काठमाण्डौ : चतुर्भुज पन्त, २०६०, पृ-३८
९) James Mitchel and Jesstein, - Abid, Page -833
१०) डा. स्वामी प्रपन्नाचार्य, वेदमा के छ ? , पाँचौ संस्करण, काठमाण्डौ : साझा प्रकाशन, २०५७ ।
११) शरदचन्द्र शर्मा भट्टराई, माध्यमिक नेपाली गध्याख्यान, काठमाण्डौ : नेपाल राकीय प्रज्ञा प्रतिष्ठान, २०५०, पृ.-२२
१२) म. इल्यिन र ए. सेगाल, मान्छेको पराक्रम, नेपाली संस्करण- अनु. कृष्णप्रकाश श्रेष्ठ, मास्को : रादुगा प्रकाशन, १९९० ।



"सामुदायिक वनबारे आफूले पनि बुझौं । साथीहरुलाई पनि बुझाऔं ।।"

करीव दुई दशकअघि शुरू भएको सामुदायिक वन कार्यक्रमबाट हालसम्म नेपाल अधिराज्यभर करीव तेह्र हजारभन्दा बढी सामुदायिक वन उपभोक्त समूहहरू गठन भई चौध लाख छब्बिस हजारभन्दा बढी घर परिवार यसका सदस्य भई लाभान्वित भएका छन् । यसरी करीव दश लाख दश हजार हेक्टर वन क्षेत्र सामुदायिक वनको रूपमा हस्तान्तरण भैसकेको छ । यो प्रक्रिया दिन प्रतिदिन बढ्दो छ । यस कार्यमा सबैको समान सहभागिता अपरिहार्य छ ।

**कतै तपाई त छुट्नु भएन ?**

आउनुस् आफ्नै गाउँघरमा रहेको जिल्ला वन कार्यालय, इलाका वन कार्यालय तथा रेन्जपोष्टबाट सामुदायिक वन तथा यसका गठन प्रक्रियाबारे सम्बन्धित वन प्राविधिकबाट जानकारी लिन ढिला नगरौं । यस प्राकृतिक सम्पदाको व्यवस्थापन गर्ने हामी सबैको दायित्व हो ।

वन विभाग

**सामुदायिक वन महाशाखा**

बबरमहल, काठमाण्डौ

टेलिफोन ०१-४२४७५९९, ४२२४९०३






**समयका छालहरू**
विधा : कविता संङ्ग्रह
लेखक : जगत प्रेक्षित
प्रकाशक : विवेक सिर्जनशील प्रकाशन प्रा.लि.
पृष्ठ : ६२
मूल्य : रु. ३०/-

**नदेखिएको आकाश**
विधा : कविता संङ्ग्रह
लेखक : पञ्च 'विमृत'
प्रकाशक : वाणी प्रकाशन, विराटनगर
पृष्ठ : ५४+१०
मूल्य : रु. ४५/-





**एउटा स्वर सवारीकोट- दाङ्को**
विधा : काव्य संङ्कलन
लेखक : नारायण प्र. शर्मा
प्रकाशक : लेखक स्वयं
पृष्ठ : ९५+१८
मूल्य : रु. ३०/-

**ती दश दिन जब दुनिया डगमगाए**
विधा : इतिहास
लेखक : जोन रिड
अनुवाद : प्रेमसागर पौडेल
प्रकाशक : सहस्राब्दी प्रकाशन प्रा.लि.
पृष्ठ : ३२६
मूल्य : रु. १७५/-






**युद्ध र शान्तिवार्ता**
लेखक : राजेन्द्र महर्जन
प्रकाशक : संवाद
पृष्ठ : १२०
मूल्य : रु. ६०/-

**अल्बर्ट आइन्स्टाइन महानतम वैज्ञानिक**
विधा : जीवनी
प्रकाशक : अन्तर्क्रिया प्रकाशन प्रा.लि.
पृष्ठ : ९५+१२
मूल्य : रु. ४०/-







गोविन्द वर्तमान

# यथार्थको काव्यिक प्रस्तुति

समकालीन कविता साहित्यका विविध बान्कीहरूका बीचमा विक्रम सुब्बाको उपस्थिति आफूलाई समर्थ स्रष्टा सावित गर्न पर्याप्त सफल देखिन्छ । *विक्रम सुब्बाका कविता र गीतहरू* शीर्षकको पुस्तक लिएर यस वर्ष उनले आफू साहित्यको भूमिबाट पलायन नगरेको तथ्यलाई उजागर गरिदिएका छन् । मूलतः कविता र केही गीतहरू समेटिएको उनको यस पुस्तकलाई यथार्थवादी विचारको काव्यिक प्रस्तुति भन्न सकिन्छ । आफ्ना कविताहरूमार्फत् विक्रमले समकालीन राजनीतिका प्रदूषणहरूमाथि समेत प्रहार गरेका छन् ।

उनी भन्छन् :

**सबै किसिमका नदीहरुमा**
**एकैचोटि आउने बाढी देशले पर्खिरहेछ**
**मसानघाट प्रजातन्त्रको लास पर्खिरहेछ**

*प्रेमपत्र/पृष्ठ २४*

उनी फेरि भन्छन् :

**यो देश बर्बाद हुन अब के नै बाँकी छ ?**
**र यो देशकै अर्थी बोकेर हिंड्न पर्‍यो भने**
**त्यो विजयको मलामी हो कि पराजयको जन्ती ?**

*प्रश्नहरु/पृष्ठ २७*

कविताका पंक्तिहरूमाफ विक्रमले आफ्ना विचारहरूलाई यसरी राखेका छन् । उनका यस्ता कविताहरूमा देशप्रति असीम अनुराग र त्यहाँको खस्किरहेको सामाजिक जमीनप्रति गहिरो चिन्ता उपस्थित छ ।

यस पुस्तकमा कविता, गीत र काव्यसहित ३८ वटा रचनाहरू संग्रहित छन् । ती सबै रचनाहरूमा कला र विचारको सन्तुलित समन्वय देखिन्छ । अति संक्षिप्त रूपमा पनि कविताले ठूलो ध्वनि उच्चारित गर्नसक्छ भन्ने कुरा विक्रमले छोटा कविताहरूमार्फत् प्रमाणित गरेका छन् । जस्तैः

**उहिले उहिले**
**यहाँ चोरहरु शासन गर्दैनथे !**

*(इतिहास/पृष्ठ १०)*

यो एउटा सिङ्गो कविता हो । जम्मा ६ शब्दको यस कविताले वर्तमान शासकहरूको सम्पूर्ण चरित्रहरूमाथि धावा बोल्न सकेको छ । त्यस्तै, *ढुङ्गा* शीर्षकको अर्को कवितामा उनले मानिसहरूको हिंस्रक प्रवृत्तिमाथि तीखो प्रहार गरेका छन् । हेरौं :

**उनीहरुले मेरो आङमा**
**आफ्ना हतियारहरु अर्जापे**
**हतियारहरु चम्किए**
**र मलाई**
**ढुङ्गै भएर बस्न मन लाग्यो ।**

*ढुङ्गा/पृष्ठ ८*

यीबाहेक *बन्दूक, नियति, पर्वत राजा, हैरानी, खतरनाक कुरा, परेवा र धारिला प्वाँखहरू* अन्य त्यस्ता छोटा कविताहरू हुन् जसमा कविले शान्ति, न्याय र संघर्षको पक्षमा आफ्नो मत दिएका छन् । ती कविताहरू पढिरहँदा विक्रमभित्रको कवि मूर्दाशान्तिको विरूद्ध सामाजिक न्यायसहितको शान्तिको पक्षमा बोलिरहेको आभास हुन्छ । *मेरो कथा, प्रेमपत्र, दाइजो कविता* शीर्षकका केही लामा कविताहरूमा कोमल भावनाहरूको वृत्तभित्र असल विचारहरूलाई व्यक्त गरिएको छ । ती कविताहरूमा विचारहरूलाई कविताको स्तरमा प्रस्तुत गर्न कविले सुन्दर उपमाहरूको राम्रो प्रयोग गरेका छन् । कवितामा प्रतीक र विम्बहरू पनि छन्, तर तिनले कवितालाई बोझिलो बनाएका छैनन् । सरल, सरस, सुस्पष्ट र तीखो अभिव्यक्ति विक्रम सुब्बाका सबैजसो कविताका विशिष्टताहरू हुन् ।

कविताका नाममा कविताको हुर्मत लिने असंख्य कविहरूको बीचमा विक्रम सुब्बा कविताको इज्जत गर्ने कविका रूपमा फेरि आएका छन् । हामी विक्रमको यस आगमनलाई हार्दिक स्वागत गर्छौं । राम्रा र गहकिला कविता लेख्ने समकालीन कविहरू विमल निभा, श्यामल, आहूती, राजकुमार के.सी.हरूको कित्तामा विक्रम सुब्बा टड्कारो देखिने अनुहार हो । विक्रमको यो अनुहार गोपालप्रसाद रिमालदेखि भूपी शेरचन हुँदै अगाडि बढेको स्वस्थ, सुन्दर र सार्थक कविताको संसारमा सधैं दर्शनीय रहोस् भनी शुभकामना गर्नु उपयुक्त हुनेछ । ❑

**कृति : विक्रम सुब्बाका कविता र गीतहरु**
**विधा : कविता/गीत**
**पृष्ठ संख्या : ६०+१६**
**मूल्य : रु. १००/- संस्थागत मूल्य रु. २००/-**
**संस्करण : पहिलो**
**प्रकाशक : लक्ष्मी सुन्दर निङलेखु**



# हेपाटाइटिस 'बी' रोगबाट कसरी बच्ने ?

डा. सन्तोषमान श्रेष्ठ

**❑ हेपाटाइटिस 'बी' कस्तो रोग हो ?**

-हेपाटाइटिस 'बी' भनेको भाइरसबाट हुने कलेजोको रोग हो । यो भाइरस यसको रोगी वा वाहकको कलेजोमा बढ्छ र रगतको माध्यमबाट सम्पूर्ण शरीरमा फैलिन्छ । यसले कलेजोको तीक्ष्ण सुजन (Acute Hepatites), दीर्घकालीन कलेजो रोग (Chronic Liver Disease) र कलेजोको क्यान्सरसमेत गर्नसक्छ । यो एउटा ज्यादै सरूवारोग पनि हो । तर यो सरेका व्यक्तिहरूमा यसले उमेरअनुसार प्रभाव पार्दछ । ठूला मान्छेहरूमा यो रोग सऱ्यो भने ९५ प्रतिशतलाई कुनै उपचारको आवश्यकता नै पर्दैन र त्यसै निको हुन्छ । नवजात शिशुमा सऱ्यो भने १० प्रतिशतलाई मात्र कुनै उपचारविना निको हुनसक्छ । ९० प्रतिशत बच्चाहरूलाई यो लामो समय रहन्छ र त्यसमध्ये केही व्यक्तिहरू पछि सिरोसिस र क्यान्सर भएर मर्न पनि सक्छन् ।

**❑ यो रोग कसरी सर्छ ?**

-यो रोगको भाइरस रगत र तरल पदार्थमा रहने भएकोले त्यसैबाट यो रोगको भाइरस अन्य व्यक्तिमा सर्छ । यो रोग लागेको व्यक्तिको रगत, वीर्य, स्त्रीको गुप्त अंगबाट निस्कने तरल पदार्थ, ऱ्यालबाट अन्य व्यक्तिमा यो रोग सर्छ ।

**❑ कस्ता व्यक्तिहरूलाई यो रोग बढी सर्न सक्छ ?**

-यो रोग खासगरी हेपाटाइटिस 'बी' भएका आमाबाट जन्मने बच्चा, औषधी दुर्व्यसनी, रगत संचारण गरेका विरामी, बारंबार दाँतको उपचार गराइरहने र अपरेशन गराइरहने विरामी, धेरै इन्जेक्शन लिइरहने व्यक्तिहरू, स्वास्थ्यकर्मीहरू, टाटु गर्ने, नाक, कान छेड्ने आदि व्यक्तिहरूलाई लाग्नसक्छ ।

**❑ नेपालमा यो रोगका रोगीहरू कति छन् ?**

-यो रोग बढीजसो भारत, पाकिस्तान, बंगलादेश, थाइलैण्ड आदि दक्षिण एशियाका देशहरूमा देखापरेको छ । तर नेपालमा भने ती देशहरूको तुलनामा एकदम कममात्र देखिएका छन् । लिभर फाउण्डेशन नेपालले गरेको सर्भेक्षणअनुसार नेपालमा यस्ता रोगीहरू एक प्रतिशतमात्र देखिएका छन् । कुनै कुनै जिल्लामा त एकजना पनि देखिएको छैन । रोगीहरूमध्ये पनि तिब्बती समुदायमा धेरै प्रतिशत देखिएको छ । त्यसपछि शेर्पा र मनाङ्का गुरूङ्हरूमा देखिएको छ । विशेष गरेर भारतबाट किड्नी फेरेर वा अप्रेशन गरेर आएका व्यक्तिहरूमा यो रोग देखिएको छ ।

**❑ यो रोग लागेको छ भन्ने कुरा कसरी थाहा हुन्छ ?**

-यो रोगको भाइरस शरीरमा प्रवेश गरेका सबै नै व्यक्तिहरूमा रोगको लक्षण देखा पर्दैन । ९५ प्रतिशत वयस्कहरूमा कुनै लक्षण नदेखाइकन नै रोग पूरा निको हुन्छ । ५ प्रतिशत वयस्कहरूमा मात्र यो भाइरस दीर्घकालसम्म रहन्छ । उनीहरूमध्ये कसैकसैलाई मात्र भाइरस प्रवेश गरेको ६ महिनापछि पहेंलो रोग लाग्छ । त्यस्ता विरामीहरूको पिसाव पहेंलो हुने, पेट दुख्ने, आँखा पहेंलो हुने, थकाइ लाग्ने, वान्ता हुने हुन्छ । धेरै व्यक्तिहरूमा भाइरस रहेतापनि जन्मभर कुनै लक्षण नै देखिंदैन । उनीहरूको रगत परीक्षण गरेपछि मात्र रोग पत्ता लाग्छ । तर त्यस्ता व्यक्तिहरूबाट भने अन्य व्यक्तिहरूमा रोग सर्न सक्छ ।

नवजात शिशुमा यो भाइरस सऱ्यो भने त्यसले कुनै लक्षण नै देखाउँदैन । यो भाइरस बच्चाहरूमा धेरै वर्षसम्म रहिरहनसक्छ । त्यसरी धेरै वर्षसम्म शरीरमा भाइरस रहिरह्यो भने त्यस्ता व्यक्तिहरूलाई क्रोनिक हेपाटाइटिस, सिरोसीस र लिभर क्यान्सर पनि हुनसक्छ । त्यसबाट नै मानिसहरूको मृत्यु हुन्छ ।

**❑ यो रोग लागेको व्यक्तिबाट परिवारमा कस्तो असर गर्छ ?**

-सबभन्दा बढी यो भाइरस सेक्सबाट सर्छ । त्यसपछि यो रोग भएको आमाबाट जन्मेको बच्चामा सर्छ । बच्चाहरूमा यो रोग छ भने उनीहरूले रिसाएर कोपर्दा पनि यो भाइरस सर्छ ।

**❑ यो रोग एड्सभन्दा पनि खतरनाक छ भनिन्छ नि ?**

-एड्स र यो दुबै भाइरसबाट नै हुने रोग हुन् । भाइरसकै हिसाबले मात्र हेर्ने हो भने यस रोगको भाइरस बढी सरूवा हुन्छ । तर यो भाइरस वाहकको रगतमा ALT र SGPT पोजेटिभ भइसकेपछि मात्र यो भाइरस बढी सरूवा हुन्छ ।

**❑ यो रोग लागेका व्यक्तिहरूलाई छुँदा पनि रोग सर्छ भनिन्छ नि ?**

-मेरो विचारमा यो गलत कुरा हो । धेरै कुरा नबुझेर पनि यस्तो भ्रम भएको हो । सँगै बस्दा, छुँदा, एउटै थालमा खाँदा यो रोग एकअर्कोमा सर्दैन । तर चुम्बन गर्दा, रगत लागेको तौलिया, तन्ना तथा दाँत माझ्ने ब्रुस, दाह्री काट्ने ब्लेड, छुरी आदि प्रयोग गरियो भने यो भाइरस एक अर्कोमा सर्न सक्छ ।

> **यो भाइरसले लिभरलाई बिगार गर्न थालेपछि मात्र लिनु आवश्यक हुन्छ । त्यसैले उपचार गर्नुभन्दा पहिला लिभर बिग्रिएको छ कि छैन थाहा पाउनु जरुरी छ**

**❑ यो रोगको उपचार संभव छ त ?**

-यो रोगको उपचार सम्भव छ । पहिले पहिले यसको उपचार इन्टरफेरन भन्ने इन्जेक्शनबाट गरिन्थ्यो । तर यो औषधि एशियामा प्रभावकारी भएन । अहिले यसको लागि लामियोभिडिन भन्ने औषधी दिने गरिएको छ । यो ट्याब्लेट दिनको एउटाका दरले ६ महिनासम्म खानुपर्छ । तर हेपाटाइटिस 'बी'को भाइरस देख्ने बित्तिकै औषधी खानु पर्दैन । यो भाइरसले लिभरलाई बिगार गर्न थालेपछि मात्र लिनु आवश्यक हुन्छ । त्यसैले उपचार गर्नुभन्दा पहिला लिभर बिग्रिएको छ कि छैन थाहा पाउनु जरूरी छ । त्यसको लागि विरामीले रगतको ALT र SGPT परीक्षण गराउनुपर्छ । यदि रगतमा ALT र SGPT पोजिटिभ देखियो भने मात्र उपचार गराउनु आवश्यक हुन्छ । अन्यथा औषधी प्रयोग गर्दा झन् खतरा हुन्छ ।

**❑ यो रोग लाग्नै नदिन के गर्नुपर्छ ?**

-अति आवश्यक नपरिकन इन्जेक्शन तथा रगत नलिने र अप्रेशन नगर्ने, टाटु नगर्ने । रगत लिनै परेमा हेपाटाइटिस 'बी'को भाइरस जाँचेरमात्र लिने गर्नुपर्छ । इन्जेक्शन, अपरेशन तथा एक्युपञ्चरका सामानहरू राम्रोसँग स्टेरिलाइज गर्नुपर्छ । नङ र दाह्री आफ्नै घरमा आफ्नै साधनले मात्रै काट्नुपर्छ । लागूऔषध लिनुहुँदैन । यी कुराहरू कडाइकासाथ पालना गर्न सकियो भने यो रोगबाट बच्न सकिन्छ ।

यसबाट बच्ने अर्को उपाय खोप पनि हो । यसको खोप धेरै नै प्रभावकारी हुन्छ । तर यो अति महंगो पनि छ । सबैले यो खोप लिन थाले भने स्वास्थ्यको सबै बजेटले पनि पुग्दैन । त्यसैले यो खोप कसले लिने भन्ने कुरा विचार गर्नुपर्छ । मेरो विचारमा यो खोप सबैले लिनु आवश्यक छैन । जनस्वास्थ्यको दृष्टिकोणले हेर्दा यो खोप एक वर्षमुनिका बच्चालाई मात्र दिनु राम्रो हुन्छ । त्यो पनि सबै समुदायमा दिनु आवश्यक छैन, जुन समुदायमा यो रोग बढी फैलिएको छ, त्यस समुदायबाट यसको शुरूवात गर्नुपर्छ ।

अर्को, हेपाटाइटिस भएकी महिला गर्भवती भइन् भने उनबाट जन्मने बच्चालाई जन्मेकै दिन यो खोप दिनु आवश्यक हुन्छ । जन्मेकै दिन यो खोप दिइयो भने बढी प्रभावकारी हुन्छ । पछि दिइयो भने अर्को औषधी पनि दिनुपर्ने हुन्छ, जुन औषधी ज्यादै महंगो छ ।

◆ *प्रस्तोता : मुक्ता श्रेष्ठ*



*नयाँ वर्षको उपलक्ष्यमा सजाइएको मन्दः (विशेष खालको मण्डप)*


# नेपाल सम्बत् अन्तर्राष्ट्रिय रूपमा चलेको सम्बत् पनि हो

❑ प्रा. माणिकलाल श्रेष्ठ

आजभन्दा ११२४ वर्ष पहिले नेपालमा लिच्छवी राजा राघवदेवको समयमा अथवा शक सं. ८०१, मानदेव सं. ३०३, विक्रम सं. ९२६ र इश्वी सं. ८७९ को अक्टोबरदेखि नेपाल सम्बत्को शुरूवात भएको थियो । त्यसैले कसैकसैले यो सम्बत् राघवदेवले नै चलाएका थिए पनि भनेका थिए । पछि मल्ल राजा जयस्थिति मल्लको सयममा लेखिएको नेपालको सबभन्दा पुरानो वंशावली गोपाल वंशावलीमा राघवदेवले गरेका कामहरूको बारेमा लेख्नुका साथै उनको समयमा नेपाल सम्बत् पनि चलेको थियो भन्ने कुरा उल्लेख गरिएको छ । यसबाट नेपाल सम्बत् उनले चलाएका थिएनन् भन्ने कुरा प्रष्ट देखियो । तर कसले चलाएका थिए भन्ने कुरामा चाहिँ कसैको नाम उल्लेख गरिएको छैन । सायद त्यतिबेलाको सामन्ती युगमा राजा र भारदारहरूको मात्र नाम उल्लेख गरिने भएकोले नेपाल सम्बत् चलाउने साधारण व्यक्तिको नाम उल्लेख नगरिएको हुनसक्छ । तर भक्तपुरका राजा भुपतिन्द्र मल्लको समयमा लेखिएको एउटा अभिलेखमा 'शंखधर साख्वाल कृत नेपाल सम्बत्' भनेर नेपाल सम्बत्को शुरूवात शंखधर साख्वाःले गरेका हुन् भन्ने कुरा स्पष्टसँग उल्लेख गरिएको छ । त्यसपछि सबैजसो वंशावलीमा यो सम्बत् चलाउने व्यक्ति शंखधर नै हुन् भन्ने कुरा उल्लेख हुनथालेको पाइन्छ ।

शंखधर साख्वाः एकजना साधारण फौबन्जार थिए । उनले आफूले कमाएको पैसाबाट नेपाल मण्डलका दासहरूको ऋण तिरेर उनीहरूलाई मुक्त गरेका थिए, जो आफूले लिएको ऋण तिर्न नसकेर दास भएका थिए । उनीहरू मुक्त भएको दिनमै शंखधरले 'नेपाल सम्बत्'को नाममा नयाँ सम्बत् चलाएका थिए । नेपाल मण्डलभित्र काठमाण्डौ उपत्यका र दोलखासहितका १२ वटा जिल्लाहरू पर्दथे ।

कुनै कुनै इतिहासकारले मान्छेहरू ऋणबाट मुक्त भएर नेपाल सम्बत् चलाइएकोले आफ्नो आत्मापूजा गरेको हो भनेर 'म्हपूजा'लाई नेपाल सम्बत्सँग जोडेका छन् । तर यो कुरा सत्य होइन । किनभने नेपाल सम्बत् शुरू भएको ११२४ वर्षमात्र भयो । तर आजभन्दा १५ सय वर्ष अगाडिदेखि म्हपूजाको चलन शुरू भएको कुरा इतिहासकार बाबुराम आचार्यले लेखेका थिए । यो सम्बत्भन्दा अगाडि चलेको सम्बत् पनि नेपालमा म्हपूजाको दिनमै चलाइएको थियो । जस्तो भारतका शक राजाहरूबाट शुरू भएको शक सम्बत् थियो; र नेपालकै लिच्छवी राजा मानदेव द्वितीयले चलाएको मानदेव सम्बत् पनि म्हपूजाकै दिनदेखि चलाइएको थियो । यही परम्पराअनुसार नेपाल सम्बत् पनि म्हपूजाकै दिन चलाइएको हुनसक्छ ।



*प्रा. माणिकलाल श्रेष्ठ*

**❑ के शंखधर साख्वाः ऐतिहासिक व्यक्ति हुन् त ? कसैकसैले उनलाई काल्पनिक व्यक्ति पनि भन्छन् नि ?**

-शंखधर वास्तविक मान्छे हुन् भन्ने कुराका दुईवटा प्रमाण भेटिएका छन् । एउटा, शंखधरले ऋणमोचन गर्दा एउटा ढुंगामा बसेर तमसुक च्यात्दै साहूहरूलाई पैसा दिँदै गरेका थिए रे । ऋण तिर्ने काम सकिएपछि त्यो ढुंगालाई एकदम पवित्र मानेर त्यहीँ ठड्याएर राखिएको थियो रे । त्यस ढुंगाको बारेमा राजा रणबहादुर शाहको पालामा लेखिएको वंशावलीमा यस्तो उल्लेख गरिएको छ- 'पशुपतिमा वागमती नाघेर गएपछि त्यसबाट उत्तरपूर्वतिर जाँदा एउटा हुलाकी पाटी भेटिन्छ । त्यसबाट यति कदम उत्तरतिर शंखधर साख्वाःले ऋणमुक्त गर्दा बसेको शिला अहिलेसम्म छ ।'

त्यसको बारेमा अहिले पनि त्यहाँका बुढाहरू भन्छन्- 'शिला राखिएको ठाउँ भएकोले त्यो ठाउँको नाम शिलामुगल भएको हो । नेवारीमा 'लँ'को उच्चारण 'न' हुने भएकोले 'शिलामुगल'बाट शिनामुगल भयो । पछि शिनामुगलबाट 'शिनामुंगल' भएर अहिले त्यो ठाउँलाई सिनामंगल भनिन्छ । त्यो ठाउँ पुरानो बानेश्वरबाट एयरपोर्ट जाने बाटोको रिङ्गरोडसँग जोडिएको छ ।

दोस्रो प्रमाण भनेको शंखधरले ऋणमोचन गरेर पशुपतिको पूजा गरी सिधै आफ्नो घर गएर घर नजिकै एउटा बौद्ध चैत्य बनाएका थिए रे । त्यो चैत्य अहिले पनि मरूटोलबाट रामघाट जाने बाटोमा छ । त्यसलाई त्यहाँका मानिसहरू शंखधर चैत्य भन्ने गर्छन् । यसरी यी दुईवटा प्रमाणबाट उनलाई ऐतिहासिक व्यक्ति हुन् भन्न सकिन्छ ।

**❑ नेपाल सम्बत्लाई राष्ट्रिय सम्बत्को रूपमा मान्यता दिनुपर्छ भन्ने माग उठिरहेको छ । यसलाई राष्ट्रिय मान्यता दिनका लागि यसको विशिष्टता र महत्व के छ ?**

-यसको महत्व केमा छ भने यो सम्बत् अन्य देशबाट आयात गरिएको होइन । यो आफ्नै देशमा स्थापित भएको सम्बत् हो । फेरि यो सम्बत् कुनै राज्य, धर्म र व्यक्तिको नामबाट स्थापित भएको पनि होइन । जस्तो, अरू सम्बत्हरू वि.सं. राजा विक्रमादित्यको नामबाट, शक संवत भारतको शक वंशबाट, इस्वी सम्बत् ईसा मसीहको नामबाट स्थापित भएका छन् । तर नेपाल सम्बत् शंखधर साख्वाःले आफ्नो नामबाट स्थापित नगरी देशको नामबाट स्थापित गरेका थिए ।

**❑ नेपाल सम्बत् कहिलेसम्म राष्ट्रिय सम्बत्को रूपमा रह्यो र कसरी यो सम्बत् फेरि राज्यबाट तिरस्कृत भयो ?**

-यो सम्बत् राष्ट्रिय सम्बत्को रूपमा ने.सं. १ देखि ८८८ सम्म रह्यो । अथवा राजा राघवदेवदेखि पूरै लिच्छवीकाल र मल्लकालमा यो सम्बत् राष्ट्रिय सम्बत्को रूपमा रह्यो । ८८८ भनेको पृथ्वीनारायण शाहले काठमाण्डौ उपत्यका जितेको समयसम्म हो । पृथ्वीनारायण शाहले उपत्यका जितेपछि आफ्नो राज्य गोर्खामा चलिरहेकै शक सम्बत् प्रचलनमा ल्याए । पृथ्वीनारायण शाहको मृत्युपछि उनका छोरा सिंहप्रताप शाहले फेरि नेपाल सम्बत् नै प्रचलनमा ल्याए । उनको मृत्युपछि फेरि सरकारी कागजातहरूमा शक सम्बत् चल्दै गयो अनि सांस्कृतिक र धार्मिक

रूपमा नेपाल सम्बत् प्रचलित रह्यो ।

राणा प्रधानमन्त्री चन्द्र शमशेरले आफूहरू भारतको राजस्थानबाट आएको भनेर देखाउन यी दुवै सम्बत्लाई हटाएर त्यहाँका राजा विक्रमादित्यको नामबाट चलेको विक्रम सम्बत् चलाउन थाले । उनले विक्रम सम्बत् चलाएतापनि त्यसको नाम नेपाल सम्बत् भनेर नै लेख्ने गरेका थिए । पछि जुद्ध शमशेरले यो नेपाल सम्बत् होइन, विक्रम सम्बत् हो भनेर विक्रम सम्बत् लेख्न थाले । यस किसिमले नेपालमा विक्रम सम्बत् शुरू भएको लगभग सय वर्षमात्र भएको छ । मानदेव सम्बत् पनि ३०३ वर्षमात्र चल्यो र शक सम्बत् ४९८ सम्ममात्र चल्यो । तर नेपाल सम्बत् १ देखि ८८८ सम्म चल्यो । यसरी नेपालमा सबभन्दा लामो समयसम्म राष्ट्रिय सम्बत्को रूपमा नेपाल सम्बत् चलेको थियो ।

**❑ यसले राष्ट्रिय मान्यता प्राप्त गऱ्यो भने ऐतिहासिक घटनाको गणना गर्न र व्यवहारमा प्रयोग गर्न समस्या पर्दैन ? यो त तिथिमा आधारित सम्बत् भएकोले कुनै दिन दुईवटा तिथि पर्छ, कुनै दिन तिथि नै लोप हुन्छ भने यसलाई कसरी व्यवहारिक रूपमा राष्ट्रिय मान्यता दिन सकिन्छ ?**

-नेपाल सम्बत् तिथिले चल्ने भएकोले यो अवैज्ञानिक छ भनेर पनि भन्ने गरिएको छ । तर यो नेपाल सम्बत् मात्रै तिथिले चलेको होइन । विक्रम सम्बत् पनि चन्द्र शमशेरले चलाउँदा १९०० सम्म त्यही तिथिले नै चलेको थियो । यसरी तिथिले चलाउँदा ४ वर्षको एकचोटि १३ महिना हुने भयो र कर्मचारीलाई तलब दिन अप्ठ्यारो पर्ने भयो । त्यसैले प्रधानमन्त्री भीम शमशेरले सौर्य क्यालेण्डर चलाउन थाले र गतेको प्रचलन ल्याए । अरू देशहरूले पनि दुईवटा सम्बत् चलाएका उदाहरणहरू छन् । चीनले अन्तर्राष्ट्रिय र प्रशासनिक रूपले इस्वी सम्बत् चलाएको छ भने सांस्कृतिक र राष्ट्रिय सम्बत्को रूपमा आफ्नै सम्बत् चलाएको छ । इ.सं.ले पनि महिना र तारिख ग्रेगरी पात्रोको लिएर सम्बत् मात्र आफ्नो चलाएको थियो । त्यस्तै



*नेपाल सम्बत्का संस्थापक शंखधर साख्वाः*

गरेर थाइल्याण्डले पनि महिना र तारिख अन्तर्राष्ट्रिय सम्बत्को लिएको छ र सम्बत् चाहिँ आफ्नै सम्बत् र बुद्ध सम्बत् पनि लेख्ने गरेको छ । नेपालले पनि नेपाल सम्बत् चलाएर तारिख चाहिँ वैज्ञानिक रूपले लिन सक्छ । अहिले तुरुन्तै यो सम्बत् प्रशासनिक रूपले चलाउन गाह्रो छ, यसमा शुद्धीकरण हुनुपर्छ । तर कमसेकम जबर्जस्ती लादिएको वि.सं.लाई हटाएर अन्तर्राष्ट्रिय रूपले चलेको इ.सं. २००३ चलाऔं र सँगसँगै नेपाल सम्बत् पनि चलाऔं । जस्तै, भर्खरैमात्र केही समयदेखि गोरखापत्रले नेपाल सम्बत् पनि लेख्नथालेको छ, जुन राम्रो काम हो । यसैगरी प्रशासनिक रूपले इस्वी सम्बत् चलाएर सांस्कृतिक र धार्मिक रूपले नेपाल सम्बत् चलाउन सकिन्छ । कर्मचारीलाई तलब दिने, बजेट निर्माण गर्नेजस्ता कामहरू इ.सं.बाट गर्ने र अहिले पनि तिथिबाटै चलिरहेका अरू पर्वहरूलाई तिथिबाटै चलाउने काम गर्नसकिन्छ । र, नयाँ वर्ष पनि वैशाख १ गतेको सट्टा म्हपूजाको दिन चलाउन शुरू गर्नसकिन्छ । त्यस्तै मिति लेख्दा पनि **३१ अक्टोबर, २००३, नेपाल सम्बत् ११२४ कछला** भनेर लेख्न सकिन्छ ।

**❑ यो सम्बत् नेवारहरूको मात्र सम्बत् हो र यो सम्बत्लाई राष्ट्रिय मान्यता दिनुपर्छ भन्ने माग खालि निश्चित समुदायको मात्र साम्प्रदायिक माग हो भनेर पनि भनिन्छ नि ?**

-यो सम्बत्लाई अरूले छाडे, नेवारहरूले मात्र माने, त्यो चाहिँ सत्य हो । तर यो सम्बत् शुरू भएको बेला नेपालमण्डलभरि नै चलेको थियो । नेपालमण्डलभन्दा बाहिर पनि यो सम्बत् चलेको थियो । जस्तो, अहिले बंगाल, विहार र उडिसाको सीमातिर पर्ने भारतको कुशविहारमा राज्यले सत्रौं शताब्दीमा असर्फी निकाल्दा त्यसमा नेपाल सम्बत् लेखिएको पाइएको छ । त्यस्तै तिब्बतका दलाई लामाले तिब्बतीले नै बनाएको पौभाः चित्र (तस्वीर) ब्रिटिश-भारत सरकारलाई उपहार दिएका थिए, त्यसमा पनि नेपाल सम्बत् लेखिएको थियो । यसबाट के बुझिन्छ भने नेपाल सम्बत् तिब्बत र भारतको बंगाल, विहार र उडिसासम्म पनि चलेको थियो । पछि सरकारले विक्रम सम्बत् लाद्दै जाँदा नेवारहरूमा मात्र नेपाल सम्बत् सीमित हुँदै गएको हो ।

फेरि, नेवार भन्ने एउटा छुट्टै जातमात्र होइन । बाहिरबाट आएका लिच्छवीहरूले नेपालका आदिवासी किरातहरूको भाषा बोल्न खोज्दा संस्कृत मिसिएर एउटा नयाँ भाषा बन्न गएको थियो । त्यही भाषालाई नेपाल भाषा भनियो र त्यो भाषा बोल्ने सबैलाई नेवार भनियो । त्यतिबेला यो भाषा बोल्नेहरूमा लिच्छवीहरू, मल्लहरू, खसहरू, ब्राम्हणहरू, मैथिलहरू, धोवीहरूआदि थिए । उनीहरू अहिले पनि काठमाण्डौ उपत्यकामा छन् । त्यसैले नेवार भनेको भाषिक समुदायमात्र हो । अझ यो भाषा नेपाल सम्बत् चलिसकेपछि मात्र विकसित भएको भाषा हो । नेवारहरू बन्नुभन्दा पहिला नै चलिसकेको सम्बत् हो यो । त्यसैले, नेवारहरू बन्नुभन्दा पहिला नै चलिसकेको नेपाल सम्बत्लाई कसरी नेवारको मात्र सम्बत् भन्ने ?

**- प्रस्तुति : मुक्ता श्रेष्ठ**


# शुभकामना

**विजया दशमी तथा शुभ दीपावली २०६० को उपलक्ष्यमा हाम्रा ग्राहकबृन्द एवं समस्त देशवासीहरुमा सुख, शान्ति, तथा सम्बृद्धिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।**

**डा. जनकलाल श्रेष्ठ**

कार्यकारी निर्देशक तथा

**नेपाल विद्युत प्राधिकरण**

परिवार

# कस्तो छ बेलायतको संवैधानिक राजसंस्था ?



❑ श्याम श्रेष्ठ

बेलायतको संवैधानिक राजसंस्था विश्वको एउटा नमूना संवैधानिक राजसंस्था मानिन्छ । तर तीतो यथार्थ के हो भने त्यहाँ अझै पनि राजसंस्थासित व्यापक रूपमा औपचारिक अधिकारहरू बाँकी छन् । जस्तो- सबै निजामती र जंगी अधिकृतहरूलाई नियुक्ति गर्नु र बर्खास्त गर्नु, सबै कानूनहरूविरूद्ध निरपेक्ष विशेषाधिकार प्रयोग गर्नु, विदेश र रक्षानीतिहरू तर्जुमा गर्नु र कूटनीतिक नियोग तथा सशस्त्र सेनामार्फत् तिनीहरूलाई कार्यान्वयनमा ल्याउनु ।[1] राजतन्त्रविरूद्ध कुलीनतन्त्र र संसदको लामो संघर्षको इतिहास, त्यसबाट पैदा भएको प्रभावकारी तथा बलवान लोकतान्त्रिक संस्थाहरू र परंपराहरू, अनि अत्यन्त शिक्षित र जागरूक जनमत नभएको कुनै पनि अविकसित मुलुकमा यदि वेलायतको जस्तो महत्वपूर्ण कार्यकारी अधिकारहरू राजसंस्थासित हुने हो भने त्यो राजसंस्था झण्डैझण्डै निरंकुश राजसंस्थामा बदलिनसक्छ र यसरी संवैधानिक राजसंस्थाको अभ्यास नै असफल हुनसक्छ । तर बेलायतमा राजासित कानूनतः यी औपचारिक अधिकारहरू भए पनि उसले सबैभन्दा असाधारण परिस्थितिमा बाहेक अरू बेला यी हकहरूको प्रयोग नै गर्न सक्दैन । राजसंस्थाविरूद्धको संसदको लामो ऐतिहासिक संघर्षबाट क्रमिक रूपमा बदलिने क्रममा बेलायतको राजसंस्था अन्ततः गैरराजनीतिक संस्थामा बदलिएको छ । अब त्यहाँ राजसंस्थाले कुनै महत्वपूर्ण निर्णायक राजनीतिक र कार्यकारी कार्य र निर्णय नै गर्दैन । राजा वा रानी बेलायतमा राष्ट्राध्यक्षका रूपमा सम्मानित हुन्छन्, उनी त्यहाँको थपनाको प्रमुख कार्यकारीमात्र हुन्छन्, संसदको बहुमतको समर्थन प्राप्त प्रधानमन्त्री नै बेलायतका सरकार प्रमुख र वास्तविक प्रमुख कार्यकारी हुन्छन् । मन्त्रिपरिषद् सामुहिक प्रमुख कार्यकारी हुन्छ ।[2] मन्त्रिपरिषद्ले नै समस्त प्रशासनको अगुवाई गर्छ । निजामती सेवाले नै प्रशासनिक स्टाफका रूपमा मन्त्रिपरिषद् र सरकारका सारा निर्णयहरूको कार्यान्वयन गर्छ, मन्त्रिपरिषद्को सल्लाह र सम्मतिबेगर राजसंस्थाले कुनै महत्वपूर्ण राजनीतिक र कार्यकारी निर्णय गर्न सक्दैन, यद्यपि राजसंस्थासित माथि उल्लिखित कतिपय महत्वपूर्ण औपचारिक कार्यकारी अधिकारहरू छन् ।

व्यवहारमा राजसंस्थाले सार्वजनिक रूपमा राज्य र राष्ट्रको एकताको प्रतीकको कार्य गर्छ । भित्री रूपमा यसले प्रधानमन्त्रीको विश्वसनीय सल्लाहकारको रूपमा कार्य गर्छ । राजसंस्थाले सबै महत्वपूर्ण राजनीतिक र सार्वजनिक नीति-निर्णयका बारेमा आधिकारिक लिखित सूचनाको निरन्तर प्रवाह नै प्राप्त गर्छ । राजसंस्थालाई त्यहाँ "संपर्क राखिनुपर्ने, प्रोत्साहित गर्ने र चेतावनी दिने हक" छ ।[3] बेलायतमा राजसंस्थाको अराजनीतिक भूमिकाको ठीक विपरीत, प्रधानमन्त्रीको चाहिं सबैभन्दा निर्णायक राजनीतिक भूमिका हुन्छ । यद्यपि प्रधानमन्त्रीलाई बेलायतमा 'बराबरहरूमध्ये पहिलो' भनिन्छ, तर उनका राजनीतिक र कार्यकारी

> बेलायतको संवैधानिक राजसंस्था विश्वको एउटा नमूना संवैधानिक राजसंस्था मानिन्छ। तर तीतो यथार्थ के हो भने त्यहाँ अझै पनि राजसंस्थासित व्यापक रुपमा औपचारिक अधिकारहरु बाँकी छन्

*ब्रिटेनकी महारानी एलिजाबेथ द्वितिया (माथि)*

अधिकारहरू कता हो कता ज्यादा छन् । औपचारिक रूपमा प्रधानमन्त्रीको नियुक्ति राजसंस्थाबाटै हुन्छ, तर यो उसको स्वविवेकीय अधिकार होइन । सामान्यतया बेलायतको निर्वाचित तल्लो सदन 'हाउस अफ कमन्स'मा एउटा पार्टीले सुस्पष्ट बहुमत हासिल गर्छ, र त्यही पार्टीले आफ्नो नेता चुन्छ, त्यही चुनिएको नेतालाई राजाले प्रधानमन्त्री नियुक्त गर्नुपर्छ । कथंकदाचित कुनै पार्टीले बहुमत प्राप्त गरेन भने र बहुमतप्राप्त पार्टीले आफ्नो नेता चुनेको छैन भने, राजसंस्थालाई थोरै स्वविवेकीय हक प्रयोग गर्ने ठाउँ रहन्छ । तर त्यो प्रयोग पनि यति होशियारीपूर्वक गरिनुपर्ने गरिएको छ कि त्यो सर्वस्वीकार्य होस् र त्यसमा राजाले राजनीतिक चालबाजी गरेको पटक्कै अनुभूति नहोस् । मन्त्रिपरिषदका अन्य सदस्यहरू नियुक्त गर्ने हक चाहिं प्रधानमन्त्रीको हो । त्यहाँको निर्वाचित तल्लो सदन- 'हाउस अफ कमन्स'को बहुमतको विश्वास प्रधानमन्त्रीलाई प्राप्त भएसम्म त्यहाँ कसैले पनि उनलाई पदमुक्त गर्न सक्दैन । केवल संसदको बहुमतले मात्र प्रधानमन्त्रीलाई पदबाट मुक्त गर्नसक्छ ।

बेलायतको संवैधानिक राजसंस्थाको महत्वपूर्ण विशेषता के हो भने त्यसले संसदको सर्वोच्चतालाई मूल सिद्धान्तको रूपमा अपनाएको छ । बेलायतमा सार्वभौमसत्ता संसदमा निहित छ । संसदलाई त्यहाँ स्वेच्छाले कुनै पनि कानून निर्माण गर्ने र खारेज गर्ने अधिकार छ ।[4] बेलायती संसदको निम्ति अपरिवर्तनीय भन्ने कुनै कुरा छैन । संसदले चाह्यो भने एउटा प्रस्ताव पारित गरेर जनमत संग्रहको आयोजनाद्वारा त्यहाँ राजसंस्थाकै उन्मूलनसमेत गर्नसक्छ । संसदले कुनै कानून बनाइसकेपछि अमेरिका र नेपालमा जस्तो बेलायतमा सर्वोच्च अदालतले त्यसको न्यायिक पुनरावलोकन गर्न सक्दैन, मूल कानूनसित बाझियो भन्ने आधारमा कुनै नयाँ ऐनलाई अवैध ठहऱ्याउन सक्दैन ।[5] संसदले पास गरेको हरेक कानून त्यहाँ संविधानसरह हुन्छ । अदालतको काम संसदले पास गरेको कानूनको ब्याख्यामात्र गर्ने हो ।[6] संसदले बनाएको कानून व्यवहारमा कार्यान्वयनमा आउन नेपालमा जस्तै बेलायतमा पनि राजाको औपचारिक स्वीकृति त चाहिन्छ, तर औपचारिक हक भए पनि संसदीय परंपरा यस्तो बसिसक्यो कि संसदले पास गरेको कुनै पनि ऐनलाई राजाले अस्वीकार गर्दैन र गर्न मिल्दैन, संसदले राजाको मृत्युदण्डकै प्रस्ताव पारित गरेर राजाको सही गराउन लगे पनि राजाले त्यसलाई सहर्ष स्वीकार्नु पर्ने संसदीय परम्परा त्यहाँ बसालिएको छ । बेलायतमा संसदले बनाएको कानूनअनुसार सबै सरकारहरूले चल्नुपर्छ । राजपरिवारका सदस्यहरूले नै कानून उल्लंघन गरे भने पनि उनीहरू त्यहाँ दण्डित हुनुपर्ने व्यवस्था छ । नेपालमा जस्तो राजपरिवारका सदस्यहरूलाई जुनसुकै नियम कानून उल्लंघन गरे पनि पंचखत माफी दिनुपर्ने परम्परा बेलायतमा देखिंदैन ।

संसदको स्वीकृति बेगर बेलायतमा सरकारले एक पैसा पनि नयाँ कर लाउन पाउँदैन, सरकारी ढुकुटीबाट बजेट विनियोजन गर्न पाउँदैन ।

नेपालमा संसदलाई राजगद्दी उत्तराधिकारी

ऐन बनाउने अख्तियारी छैन, त्यसलाई यहाँ राजाको स्वविवेकमा छोडिएको छ । तर बेलायतमा सन् १७०१ मा संसदले पारित गरेको Act of settlement अनुसार राजगद्दी उत्तराधिकारसम्बन्धी ऐन संसदले नै बनाउँछ । राजगद्दी उत्तराधिकारसम्बन्धी निर्णय पनि संसदले गर्न पाउँछ । यो त्यहाँ राजाको स्वविवेकको अधिकारका रूपमा छैन ।

औपचारिक रूपमा बेलायती सेनाको सर्वोच्च सेनापति राजा/रानी नै हुन्छन्, तर बेलायती सेनाको परिचालन व्यावहारिक रूपमा सिंहासनारूढ राजा/रानीबाट हुने गर्दैन । संसदको सहमतिमा यो त्यहाँको सरकारले परिचालित गर्छ । त्यहाँको सैनिक ऐन संसदले बनाउन र बदल्न पाउँछ । बीसौं शताब्दीको आधाआधीसम्म पनि सेनालाई संसदको मातहतमा र नियन्त्रणमा राख्न त्यहाँ हरेक वर्ष संसदले सैनिक ऐन र वायु सैनिक ऐन पारित गर्नुपर्ने, नत्र सेनाले बजेट र कुनै सप्लाइ नै नपाउने कठोर प्रणाली बसालिएको थियो, तर सन् १९५५ देखि त्यो प्रणाली सुधारिएका छ । तथापि अहिले पनि नेपालमा जस्तो बेलायतमा सैनिक ऐन बनाउन र बदल्न राजाको पूर्व स्वीकृति आवश्यक छैन । संसदले त्यो कुनै पनि बेला स्वेच्छाले बदल्न र बनाउन पाउँछ ।

यसरी बेलायतमा नितान्त भिन्नै प्रकारको संवैधानिक राजसंस्था छ । बेलायतको संवैधानिक राजसंस्था संसदकै एउटा अभिन्न अंगका रूपमा लिइने संसदमातहतको राजसंस्था हो । परन्तु अचम्मको कुरा के भने बेलायतमा लिखित संविधान छैन । त्यहाँको संवैधानिक राजसंस्थासम्बन्धी मुख्य प्रणालीहरू छुट्टाछुट्टै ऐन कानूनहरूमा र त्यस्ता खास खास अभ्यासहरूमा आधारित छन्, जुन त्यहाँका सरकारहरूले क्रमवद्ध रूपमा अपनाउँदै आएका छन् । त्यसलाई बेलायतमा 'सम्वैधानिक परम्परा' भन्ने गरिएको छ । त्यहाँको मन्त्रिपरिषद्

**औपचारिक रूपमा बेलायती सेनाको सर्वोच्च सेनापति राजा/रानी नै हुन्छन्, तर बेलायती सेनाको परिचालन व्यावहारिक रूपमा सिंहासनारूढ राजा/रानीबाट हुने गर्दैन**

प्रणाली, राजसंस्था र प्रधानमन्त्रीको बीचको सम्बन्ध यस्तै संवैधानिक परम्पराहरूमा आधारित छ ।[६] यो परम्परा बुझ्न त्यहाँको राजनीतिक संघर्षको पृष्ठभूमि बुझ्नुपर्ने हुन्छ जुन त्यहाँ कुलीन वर्ग र राजसंस्था तथा संसद र राजसंस्थाबीच सयौं वर्षसम्म चलेको थियो ।

## संघर्षको छोटो इतिहास

तर हामी यो छोटो लेखमा बेलायतमा संसद र राजाबीच, राजा र कुलीनतन्त्रबीच चलेको सैयौं वर्ष लामो संघर्षको विस्तृत पृष्ठभूमि दिन सक्दैनौं । ज्यादै संक्षिप्तमा हामी छोटो पृष्ठभूमिमात्र उल्लेख गर्न सक्छौं, ता कि बेलायतमा वर्तमानमा संवैधानिक राजसंस्था सम्बन्धमा जे छ, त्यो त्यस्तो किन र कसरी भयो, थोरै भए पनि थाहा पाउन सकौं ।

बेलायत दशौं शताब्दीदेखि राजतन्त्रात्मक मुलुक हो । बीचमा केवल ११-१२ वर्षको छोटो 'कमनवेल्थ' अवधि (सन् १६४९ देखि १६६० सम्मको अवधि)मा मात्र त्यहाँ राजतन्त्र थिएन, गणतन्त्र थियो । त्यसपछि त्यहाँ निरन्तर रूपमा राजतन्त्र विद्यमान छ, तर कुलीनतन्त्र र जनताका प्रतिनिधिसितको संघर्षको क्रममा क्रमिक रूपले बदलिँदै, रूपान्तरित हुँदै, जनतासित सम्झौता गर्दै । संघर्षको क्रममा जनतासित सम्झौता गर्न र आफूलाई बदलिँदो परिस्थितिअनुरूप जनताको मागअनुसार रूपान्तरित गर्न तैयार हुने त्यहाँको राजतन्त्रको यो चरित्रले गर्दा नै राजतन्त्र त्यहाँ अहिलेसम्म टिकेको हो ।

एघारौं शताब्दीसम्म आइपुग्दा बेलायतको राजतन्त्रले आफ्नो शासनलाई केन्द्रीकृत गरिसकेको थियो । बेलायतको राजा त्यतिञ्जेल एउटा त्यस्तो व्यापक सत्ताधिकारसहितको अंकुशरहित बलवान संस्था बनिसकेको थियो, जसको स्थानीय जग्गाधनीहरूसित प्रत्यक्ष सम्पर्क थियो र उनीहरूबीच शक्ति र निष्ठापूर्ण सम्बन्धको जालो थियो । राजाको यही केन्द्रिकृत र बलशाली सत्तासित त्यहाँको कुलीनतन्त्रले आफ्नो काम-कार्वाहीको स्वतन्त्रतालाई संरक्षण गर्न संघर्ष गरेको थियो । यही संघर्षको फलस्वरूप सन् १२१५ मा राजाले ऐतिहासिक म्याग्नाकार्टामा सहमति जनाउनु पऱ्यो, जसले बेलायतमा जनव्यापी लोकतन्त्रको त सृजना गरेन, तर कुलीनतन्त्रलाई राजाको शक्तिको विरूद्ध प्रतिरोध गर्ने अधिकार दियो । त्यसपछि पनि बलवान राजा र झगडालु कुलीनतन्त्रबीचको संघर्ष रोकिएन । पछिका शताब्दीहरूमा तिनीहरूबीच भएका संघर्षले बेलायतमा कानूनको शासन स्थापना गऱ्यो र परिणाममा दुवैको अधिकार सीमित पाऱ्यो ।[७]

पछिल्ला शताब्दीहरूमा राजा, कुलीनतन्त्र र पादरीहरूबीचको संघर्षको मुख्य थलो संसद र अदालत बन्यो । प्रारम्भिक समयमा बेलायतको संसद नाम मात्रको थियो, यो प्रतिनिधि नाइटस् (Knights), (जसलाई हामीकहाँ भारदार भन्न मिल्छ)हरूको अनौपचारिक जमघटभन्दा ज्यादा केही थिएन, जसको काम राजाले यसो गरिदिए वेस हुन्थ्यो भनेर विन्ती हाल्नुसम्ममात्र सीमित थियो । तर राजालाई ज्यादा राजश्व चाहिने, ज्यादा राजस्वको निम्ति संसदको सहमति चाहिने, यही आवश्यकताले नै पछिल्ला शताब्दीहरूमा संसदको महत्व र अधिकार दुबै बढाउँदै लग्यो । कर वा राजस्व किन उठाउने, कसरी उठाउने र कहाँ किन खर्च गर्ने ? संसदमा भएका यससम्बन्धी प्रश्न, तर्क र बहसहरूले नै संसदले राजामाथि नियन्त्रण र निगारानी बढाउँदै लैजाने परिस्थिति तैयार गरे ।

बेलायतमा संवैधानिक राजसंस्थाको विकासमा सत्रौं शताब्दीको विशेष राजनीतिक महत्व देखिन्छ । यो शताब्दीमा आफ्नो अधिकारप्रति सचेत बन्दै गएको बेलायतको संसदले क्रमवद्ध रूपमा ती राजाहरूसित घोर घमाशान संघर्ष गऱ्यो, जसले या त संसदसित सत्ता बाँडचुँड गर्न इन्कार गरे, या जसले आफ्नो गुमेको शाही विशेषाधिकार पुनः फिर्ता गर्न प्रयत्न गरे । अहिलेको नेपाल जस्तै थियो सत्रौं शताब्दीको बेलायत । रानी एलिजावेथ प्रथमको पालासम्म संसद र राजाको सम्बन्ध राम्रो थियो, तर उनका छोरा जेम्स प्रथमले असहिष्णु ढंगले संसदको उपेक्षा गर्न र जथाभावी ढंगले शासन गर्न थालेपछि संसदले राजासित चिढिन र संघर्ष गर्न शुरू गरेको थियो । उनका छोरा चार्ल्स प्रथमले संसदसितको सम्बन्ध अरू धेरै बिगारे । उनले एघार वर्ष संसदबिना नै शासन गरे, संसदको सहमतिबिना नै कर लगाए र अदालतमा मुद्दा नचलाइकन नै मानिसहरूलाई जेलमा थुन्न प्रारम्भ



*सन् १८३४ को ब्रिटिश संसद : हाउस अफ कमन्सको एक दृश्य*

गरे । यसको प्रतिक्रियामा १६४० को दशकमा बेलायतमा भीषण गृहयुद्ध चल्यो, सन् १६४९ मा राजा चार्ल्सको टाउको नै काटियो । जनताका छोराछोरीमध्येबाट ओलिभर क्रमवेल 'लर्ड प्रोटेक्टर'का रूपमा देशका नयाँ शासक भए । यो यही अवधि थियो बेलायतको इतिहासमा पहिलोपटक र अहिलेसम्मको इतिहासमा एकैपटक त्यहाँ गणतन्त्र कायम भयो र लिखित संविधानअन्तर्गत देश चल्यो ।[८]

तर क्रमबेलले ठीकसित, लोकप्रिय र चित्तबुझ्दो ढंगले शासन गरेनन् । फलस्वरूप, सन् १६५८ मा जब उनी मरे, बेलायतमा गणतन्त्रको र गणतन्त्रात्मक लिखित संविधानको लोकप्रियता कायम रहेन, फलस्वरूप १६६० मा राजतन्त्र पुनःस्थापना गर्दा जनताको त्यति ठूलो प्रतिरोध भएन । त्यसपछि चार्ल्स द्वितीय बेलायतका राजा बनाइए, तर पहिलेभन्दा निकै कम अधिकारका साथ । राजतन्त्रको निरंकुश प्रवृत्तिविरूद्ध संसदको संघर्ष त्यसपछि पनि कायम रह्यो । यो संघर्षको दौरानमा धेरैजसो राजाले नै पराजय भोल्नुपर्‍यो र हरेक पराजयपछि भएको नयाँ औपचारिक र अनौपचारिक टुंगो फछ्यौंट (settlement)ले राजाको अधिकार घटाउँदै लग्यो, संसदको अधिकार बढाउँदै लग्यो ।[९] यस क्रममा चार्ल्स द्वितीयका भाई जेम्स द्वितीयलाई रोमन क्याथोलिक धर्मको खुला समर्थन गरेबापत सन् १६८८ मा संसदले राजाबाटै पदच्यूत गरेपछि र उनकी छोरी मेरी र उनका श्रीमान विलीयमलाई उनीहरूले वहुचर्चित अधिकारसम्बन्धी विधेयक (Bill of Rights)लाई मान्न मञ्जुर गरेपछि सन् १६८८ मै सिंहासनमा राखेको घटना उल्लेखनीय छ । यही अधिकारसम्बन्धी विधेयक हो, जसले बेलायतको इतिहासमा पहिलोपटक संसदको नियमित अधिवेशन बस्ने र त्यसले राजस्वसम्बन्धी सबै विषयमा निर्णय गर्ने अधिकार स्थापना गर्‍यो । त्यसको १३ वर्षपछि सन् १७०१ मा अर्को एउटा महत्वपूर्ण ऐन संसदले पारित गर्‍यो, जसले बेलायतको राजगद्दी उत्तराधिकारी सम्बन्धमा पनि संसदले निर्णय गर्नसक्ने परम्परा बस्यो । त्यो ऐनअनुसार अब उप्रान्त कुनै पनि क्याथोलिक धर्मावलम्बी बेलायती राजगद्दीको उत्तराधिकारी हुनसक्ने भएन । त्यो प्रशिद्ध ऐन हो– टुंगो फछ्र्यौटसम्बन्धी ऐन (Act of settlement, 1701), जसले बेलायतलाई सधैंको निम्ति प्रोटेस्टेण्ट राजासहितको प्रोटेस्टेण्ट राज्य बनायो ।[१०]

यसदेखिबाहेक सत्रौं शताब्दीको राजाविरूद्धको महान संवैधानिक संघर्षबाट पैदाभएका अन्य ऐतिहासिक ऐन र संभौताहरू हुन् :

- अधिकारसम्बन्धी समावेदन (Petition of Right १६२८)
- बन्दी प्रत्यक्षीकरण ऐन (Habeas Corpus Act १६७९)

सत्रौं शताब्दीको उपलब्धीमाथि टेकेर यसपछाडि पनि संसदले जारी राखेको संघर्षले गर्दा अठारौं शताब्दीको अन्त्यसम्ममा पुग्दा बेलायती राजसंस्थामाथि संसदको, विशेषतः तल्लो सदन हाउस अफ कमन्सको प्रभुत्व स्थापित भइसकेको थियो । राजाले अब संसदको बहुमतको विश्वास प्राप्त प्रधानमन्त्री, मन्त्रिपरिषद् र मन्त्रीहरूको सल्लाह र सम्मतिमा मात्र काम गर्नुपर्ने पारिएको थियो । संसदले अब मन्त्रीहरूमाथि विश्वासको मत अथवा अविश्वासको मत पारित गर्न सक्ने बनाइएको थियो, जसको आधारमा उनीहरू सत्तामा रहने वा नरहने कुराको टुंगो लाग्थ्यो । साथै, संसदले अब आफूले निर्णय गरेअनुसार राजाले गरेनन् भने वर्षभरि सरकार चलाउन आवश्यक पर्ने पैसा नै रोक्का गर्न सक्ने अधिकारसमेत हासिल गरिसकेको थियो ।[११]

यस क्रममा अठारौं शताब्दीमा पारित महत्वपूर्ण ऐनहरू थिए -

- Act of settlement (1701)
- Act of union with Scotland (1707)
- Place Acts (1740s)

बेलायतमा लोकतान्त्रिक र जनप्रतिनिधित्वमूलक सरकारको सिद्धान्तलाई सन् १८३२ मा पारित भएको पहिलो सुधार ऐन-१८३२ ले स्थापित गर्न प्रारम्भ गरेको थियो । यो त्यही ऐन हो, जसले बेलायतका भण्डै पाँच लाखभन्दा ज्यादा पुरूषहरूलाई मतदान गर्ने अधिकार प्रदान गर्‍यो । यो बेलायतमा त्यतिबेला समाजको जगमा भइरहेको पूँजीवादीकरण र त्यसबाट पैदाभएको व्यापारिक र औद्योगिक पूँजीपति

> **बेलायतको राजसंस्थाले आफनो समग्र आम्दानीमा आयकर तिर्नुपर्ने गराइएको छ। राजदरवारको खर्चको समेत लेखा परीक्षण गर्नुपर्ने गरिएको छ।**

वर्गसित, विशेषतः मध्यम वर्गसित, कुलीन वर्गको सत्ता बाँडचुँडको प्रयत्न थियो । कुलीन वर्ग फ्रान्समा भर्खरै सम्पन्न पूँजीवादी क्रान्तिबाट भयभीत थियो र त्यस्तो रक्तपातपूर्ण क्रान्ति बेलायतमा नहोस् भनेर यो सुधार ऐन ल्याइएको थियो । नत्र यसअघिसम्म हाउस अफ कमन्समा बरो (borrough) अर्थात् शहरीक्षेत्र वा शहरका केही दर्जन मतदाताहरूले चुनावी जिल्लाहरूमा आधारित भएर चुनेका थोरै प्रभावशाली मान्छेहरू मात्रै पुग्थे । हाउस अफ कमन्स यथार्थमा व्यापक जनप्रतिनिधिमूलक संस्था भइसकेको थिएन । यो पहिलो सुधार ऐन तथा उन्नाइसौं शताब्दीकै पछिल्लो समयमा भएका अरू दुइटा मतदान अधिकारसम्बन्धी निर्णयहरूले बेलायतभरिका भण्डै सबै बालिग पुरूष मतदाताहरूले अब संसदका लागि आफ्नो प्रतिनिधि चुन्न पाउने भए । अब बल्ल राजनीतिक पार्टीहरूले निकै ठूलो जनसमुदायलाई त्यस् समयका मुख्य मुद्दाहरूमा बहस छलफल चलाएर आफ्ना उन्नत नीति र कार्यक्रमहरूका आधारमा उनीहरूलाई आकर्षित गरेर आफ्ना प्रतिनिधि बढीभन्दा बढी संसदमा निर्वाचित गराउने प्रणाली प्रारम्भ भयो ।

अभ्र भन् सन् १९२८ मा महिलाहरूले समेत मतदान गर्ने र उम्मेदवार हुने हक प्राप्त गरेपछि बेलायतको संसद साँच्चै नै जनव्यापी भयो ।

यसमाथि थप, बीसौं शताब्दीका यी ऐनहरूले बेलायतको सवैधानिक राजसंस्थालाई र लोकतन्त्रलाई अरू ज्यादा परिष्कृत पारेर आजको विन्दुमा ल्याएका छन् ।

- संसद ऐन (Parliament Acts, 1911 / 1949)
- वेस्टमिनिस्टरको कानून (The statute of west minister 1931)
- राजाका मन्त्रीहरूसम्बन्धी ऐन -The ministers of the crown Act (1937)

तर बेलायतको संवैधानिक राजसंस्था केवल यिनै ऐनहरूको कारणले मात्र आजको स्थितिमा आइपुगेको छ भन्नु ठूलो गल्ती हुनेछ । त्यहाँ ऐनभन्दा ज्यादा परम्पराहरूले राजसंस्थालाई सीमित र संवैधानिक बनाएका छन् । अगष्त ३१, १९९७ मा पेरिसमा भएको कार दुर्घटनामा राजकुमारी डायनाको मृत्युपछि उठेको व्यापक जनआवाजलाई ध्यानमा राखेर बेलायतको राजसंस्थाले पनि अब उप्रान्त आफ्नो समग्र आम्दानीमा आयकर तिर्नुपर्ने गराइएको छ । जनताको कर राजदरवारमा कहाँ कसरी खर्च भइरहेको छ भन्ने कुरा पारदर्शी होस् भन्ने जनताको आवाजको प्रत्यूत्तरमा राजदरवारको खर्चको समेत लेखा परीक्षण गर्नुपर्ने गरिएको छ । अहिले बेलायतमा राजसंस्था नै चाहिन्छ कि चाहिन्न भन्ने बारेमा पुनर्विचार गर्न संसदले आयोगसमेत गठन गरेको बुझिएको छ ।

यसप्रकार, लोकमत र संसदको आवाजसामु निरन्तर सम्झौता र क्रमिक सुधार नै बेलायतको राजसंस्था टिक्नुको मुख्य आधार हो । टिक्ने नै हो भने नेपालको राजसंस्थाले पनि बेलायतको राजसंस्थाबाट धेरै सिक्नु आवश्यक छ ।

*सन्दर्भ स्रोतहरु:*


(१) World Encyclopedia of Political Systems and Parties, Vol 3, IIIrd edition, Facts on File Inc, USA, 1999, पृष्ठ ११५४

(२) उही, पृष्ठ ११५४

(३) उही, पृष्ठ ११५५

(४) Encyclopedia of World Political Systems Vol 2, Sharpe Reference, Italy, 2000, पृष्ठ ७१३

(५) वरिष्ठ अधिवक्ता श्री दमननाथ ढुंगानासित कार्तिक २, २०६० मा भएको कुराकानीमा आधारित ।

(६) उही, Encyclopedia of World Political Systems, Vol 2 , पृष्ठ ७१२

(७) The Encyclopedia of Democracy, Vol IV, congressional Quarterly Inc, Washington DC, 1995, पृष्ठ १३०४ ।

(८) उही, पृष्ठ १३०४

(९) उही, पृष्ठ १३०४

(१०) उही, पृष्ठ १३०४

(११) उही Encyclopedia of Democracy, Vol III, पृष्ठ ८४४ ।



# माओवादी द्वन्द्व समाधान : विगतका कमजोरी र भविष्यको बाटो

**माओवादी गणतन्त्रको अडानबाट संविधान सभामा ओर्लिई शान्तिवार्तामा आएको अवस्थालाई राज्यले पूर्ण तयारीका साथ शान्ति स्थापना गर्ने अवसरको रुपमा प्रयोग गर्न सकेन**

- डा. विष्णुराज उप्रेती

**आठ** वर्षअगाडि सामान्य रूपमा शुरू भएको माओवादी विद्रोहले आज संसारकै ध्यान तानेको मात्र नभई राज्यसामु ठूला चुनौतिहरू खडा गरेको छ । देशै भोलि कस्तो अवस्थामा पुग्ने हो भन्ने चिन्ता बढाएको छ । तर माओवादीले, सरकारले र राजनैतिक पार्टीहरूले राष्ट्रिय हित र जनताको शान्तिप्रतिको चाहनाको कदर गरी सहमतिमा आउने हो भने यो विद्रोह राज्य संरचनामा वाञ्छित सुधार गर्ने राम्रो अवसर पनि हो ।

## हालसम्म देखिएको प्रुमख त्रुटि

विगतमा राज्य र विद्रोही पक्षले दुई पटकसम्म वार्ताको माध्यमबाट शान्ति स्थापना गर्ने अवसर गुमाए । विगतका वार्ताहरू असफल हुनुमा प्रक्रियागत कमजोरी र विषयगत भिन्नता प्रमुख कारण रहेका छन् ।

प्रक्रियाको कुरा गर्दा विगतको नेपालको वार्तामा संसारको द्वन्द्व-व्यवस्थापनको अनुभवबाट स्थापित आधारभूत मान्यताहरूलाई अंगिकार नै गरिएन । वार्ताको निम्ति दुवैतिर पर्याप्त गृहकार्य, आचारसंहिताको अक्षरशः पालना, लचकता, सहमति भएका बुँदाको इमान्दारितापूर्वक कार्यान्वियन, आपसमा अविश्वासको वातावरण हटाउने कार्य, वार्तालाई राज्यको प्रथम प्राथमिकताको रूपमा स्वीकार्नेजस्ता प्रक्रियागत सवालमा दुवै पक्ष सम्वेदनशील, इमान्दार र जिम्मेवार देखिएनन् ।

विषयगत रूपमा वार्ता असफल हुनुको प्रमुख कारण संविधान सभाको प्रश्न बन्न पुग्यो । माओवादी गणतन्त्रको अडानबाट संविधान सभामा ओर्लिई शान्तिवार्तामा आएको अवस्थालाई राज्यले पूर्ण तयारीका साथ शान्ति स्थापना गर्ने अवसरको रूपमा प्रयोग गर्न सकेन । माओवादीले दरवारलाई प्रमुख तीन शक्तिमध्येको एक स्वीकारिसकेपछि उनीहरूले 'परिमार्जित' सम्वैधानिक राजतन्त्र स्वीकार्ने संकेत देखाएर पनि वार्ताको टेबुलमा निःशर्त संविधानसभाको अडान राखी राजतन्त्र पक्षधरहरूलाई सशंकित बनाए । उता, यस पटकको वार्तामा सरकारको प्रस्ताव माओवादीको सरोकारलाई सम्बोधन गर्ने त थिएन नै, पहिलो वार्तामा देउवा सरकारले संविधान सभाको नामै सुन्न चाहेन भने थापा सरकारले संविधान सभाको माग माओवादीको सत्ता कब्जा गर्ने रणनीति हो भन्ने निचोडमा पुगी वार्तामा चाहिने जति पनि लचकता देखाएन । वार्ता चलिरहेकै बेला दोरम्बामा भएको घटनाले माओवादीले सुरक्षाको अनुभूति नगरेको यथार्थ प्रचण्डको वक्तव्यमै आयो । संविधानसभाको सवालमा दुई पक्षबीच देखिएको आधारभूत भिन्नता तथा आपसमा गहन शंका र डर वार्ता असफल हुनुको प्रमुख कारण बने ।

## माओवादी द्वन्द्वको चरित्र

नेपालमा सयौं वर्षदेखि कायम रहेको सामन्ती प्रवृत्तिले सिर्जना गरेको गरीबी, असमानता, अन्याय, अत्याचार, छुवाछुत, नैराश्यता, भ्रष्टाचार र कुशासनको पृष्ठभूमि र ०४७ पछि प्रजातन्त्रले दिएको स्वतन्त्रताको उपयोग गर्दै शुरू र विस्तार भएको सशस्त्र हिंसात्मक विद्रोह हो- माओवादी द्वन्द्व । यो निश्चित राजनैतिक उद्देश्य, संगठन र वैचारिक आधारमा विकास भएको द्वन्द्व भएकोले यसको आधारभूत चरित्र राजनैतिक हो र यो द्वन्द्वले नेपाली समाजको यथार्थलाई छर्लङ्ग्याएको छ । तर यसले लिएको बाटो भने पूर्णतः हिंसात्मक छ । साथै, आधारभूत सिद्धान्त र विद्रोहको प्रक्रिया उस्तै उस्तै भए पनि विश्वका अरू माओवादी विद्रोहको तुलनामा यो विद्रोह अत्यन्त द्रूत गतिमा विकास र विस्तार भएको देखिन्छ । आधारभूत रूपमा यो आतंकवादी द्वन्द्व नभएपनि यसले अंगालेको प्रक्रियाले

● द्वन्द्व व्यवस्थापनका महत्वपूर्ण विदेशी अनुभवहरू ●



*शान्ति प्रक्रियामा ग्वाटेमाला सिटीमा नागरिक समाजको अयोजनामा भएको एक प्रदर्शनी*

समाजमा ठूलो आतंक फैलाएको छ । माओवादी द्वन्द्वको चरित्र राजनैतिक भएकाले यसको समाधान पनि राजनैतिक नै हुनुपर्दछ । माओवादीहरूले यो बुझ्नुपर्दछ कि- हिंसा र हत्याले उनीहरूको राजनैतिक लक्ष्य पूरा हुनसक्दैन । यदि माओवादी र राज्यले देशमा विद्यमान समस्याहरूको समाधान चाहेको हो भने बन्दूक र आतंक हैन, वार्ता र शान्तिबाट मात्र यसको प्राप्ति सम्भव छ । दुवै पक्षले जतिसुकै सैन्य विस्तार गरे पनि यो खाले द्वन्द्वको समाधान सैनिक विस्तारबाट हुन सक्दैन ।

## अन्यत्रको द्वन्द्वको अनुभव

अहिलेसम्म हामीले विदेशी द्वन्द्व व्यवस्थापनको अनुभवबाट सिक्न सकेनौं । दक्षिण अफ्रिकामा राज्यका तर्फबाट एफ.डब्ल्यू. डि. क्लार्क र विद्रोही नेता नेल्सन मण्डेलाको जस्तो लचकता, शान्तिप्रतिको प्रतिवद्धता र जनताको भावनाको कदर हाम्रो देशका दुवै पक्षले देखाउन सकेनन्, सिकेनन् । द. अफ्रिकामा विभिन्न राजनैतिक पार्टीहरूले द्वन्द्व समाधानको लागि आपसमा असाधारण एकता देखाएका थिए । हरेक राजनैतिक पार्टीहरूले र सरकारले ३-३ जना प्रतिनिधि पठाए । त्यो समितिबाट विभिन्न उपसमितिहरू गठन गरी मुख्य मुख्य विषयमा सर्वसम्मत प्रस्ताव तयार गरी त्यसलाई राष्ट्रिय शान्ति सम्मेलन (नेसनल पिस कन्भेन्सन्)बाट स्वीकृत गराए, जुन त्यहाँको द्वन्द्व समाधानको आधार बन्यो । तर विडम्बना, नेपालमा राजनैतिक पार्टीहरू, 'वार्ता त विद्रोही र सरकारबीच पो हुन्छ, हामी गएर के गर्ने, हाम्रो शुभकामना छ' भनेर पन्छिए । यसो भन्नुको सट्टा नेपालका राजनैतिक पार्टीहरू, माओवादी र सरकारले द. अफ्रिकाबाट सिक्नु पर्थ्यो । दक्षिण अफ्रिकाको द्वन्द्व समाधानको प्रक्रियामा गाउँ-गाउँमा १५,००० जना शान्ति स्वयं-सेवक परिचालित थिए, ११ वटा क्षेत्रीय र २६० वटा स्थानीय शान्ति समिति, चर्च परिषद्, व्यापारी र समाजका अगुवाहरू शान्तिका लागि सक्रिय थिए । हाम्रोमा त्यस्तो हुन सकिरहेको छैन ।

ग्वाटेमालामा १,५०,००० भन्दा बढीको ज्यान लिएको र दश लाखभन्दा बढी मानिसलाई विस्थापित गरेको ३६ वर्ष लामो द्वन्द्व समाधानमा त्यस देशका राजनीतिज्ञहरू र नागरिक समाजको भूमिका महत्वपूर्ण रह्यो । राजनैतिक शक्तिहरू र नागरिक समाजले वृहत् राष्ट्रिय वार्ता (ग्राण्ड नेसनल डाइलग), राष्ट्रिय सहमति मंच (नेसनल कन्सेन्स फोरम) र नागरिक समाज सभा (सिभिल सोसाइटी एसेम्बली)को गठन गरी प्रमुख मुद्दाहरूको टुङ्गो लगाइएको थियो । राष्ट्रिय मेलमिलाप आयोग (नेशनल रिकन्सीलियसन आयोग) गठन गरी सक्रिय गराइएको थियो । यस्ता सफल उदाहरणहरूबाट नेपालले किन सिक्न सक्दैन ? ग्वाटेमालामा जून १९९० देखि मार्च १९९६ सम्म भएको द्वन्द्व समाधानको लागि भएको प्रयत्नमा नागरिक समाज र राजनीतिज्ञहरूले आपसी सहकार्यमा थुप्रै अन्तर-समुदाय बैठकहरू गरी सहमतिका साझा विन्दु पहिल्याई वार्ता सफल गर्न ठूलो मद्दत गरेका थिए । रेडबार्नाजस्ता अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र संयुक्त राष्ट्र विकास कार्यक्रमले पनि त्यस प्रक्रियामा सहयोग गरेका थिए । जनताकै दबाव र सक्रियतामा सफल भएको ग्वाटेमालाको वार्तापछि २७ मार्च १९९७ मा 'शान्तिको ज्वाला' भन्ने कार्यक्रम आयोजना गरी द्वन्द्वमा प्रयोग भएका सारा हात-हतियार डढाएका थिए- जनताले ।

आयरलैण्ड सन् १९२१ मा स्वतन्त्र हुँदा ६ वटा प्रान्त बेलायतसँगै रहने निर्णय भएपछि शुरू भएको द्वन्द्व सन् १९६० मा आइपुग्दा हिंसात्मक भइसकेको थियो र यो द्वन्द्वलाई सन् १९९९ मा बेलफास्ट सम्झौता (वा गुड फ्राइडे सम्झौता)सम्म ल्याई पुऱ्याउन नागरिक समाज र महिलाहरूले अति महत्वपूर्ण भूमिका खेलेका थिए । 'उत्तरी आयरलैण्ड महिला कोलिशन, नागरिक मंच (सिभिक फोरम)जस्ता समूहहरूले शान्तिको लागि दबावमात्र सृजना गरेनन्, उनीहरूले आफ्नोतर्फबाट वार्ताको प्रस्ताव र सम्झौताका लागि बुँदागत दस्तावेज नै प्रस्तुत गरेका थिए । नेपालमा किन यस्तो कामको लागि साझा सहमति नजुट्ने ?

सन् १९७४ मा पोर्चुगलको उपनिवेशबाट मुक्त भएपछि मोजाम्बिकमा शुरू भएको द्वन्द्व राजनैतिक शक्तिहरूको सुझबुझ र नागरिक समाजको सक्रियतामा ४ अक्टोबर १९९२ मा सम्झौताद्वारा समाधान गराउन नैरोवी, लुसाका र रोममा विभिन्न समयमा वार्ता गराउन पर्याप्त दबाव सृजना गरिएको थियो ।

फिलिपिन्सको मिण्डानाव क्षेत्रमा अमेरिकी साम्राज्यले विजारोपण गरेको द्वन्द्व समाधानको प्रयासमा नागरिकहरूले 'शान्तिक्षेत्र' घोषणामात्र गरेनन्, 'शान्तिका लागि ६ वटा बाटाहरू' भन्ने कार्यक्रम नै अगाडि ल्याए । राष्ट्रिय यूनिफिकेशन कमिशन सल्लाहकार समिति, मोरो नागरिक समाज, शान्ति अभियान समूह, शान्ति जन-वकालत समूहहरू खडा गरी वार्ताको लागि ठूलो जनदबाव सृजना गरेका थिए । यसैगरी लाइवेरियामा सन् १९८९ देखि शुरू भएको द्वन्द्व समाधानको लागि पनि 'लाइबेरियन इन्टरफेथ मेडियसन समिति,' 'युद्धविराम अनुगमन समिति', 'लाइबेरियाको साथी'जस्ता समूहहरू गठन भई शान्तिको लागि पहल गरिरहेका छन् । तर नेपालमा चाहिँ किन राजनैतिक पार्टीहरू धार्मिक, शैक्षिक, मानवअधिकारवादी संघ-संस्थाहरू एकजुट भई साझा प्रस्ताव र विकल्प नखोज्ने ?

## अब के गर्नुपर्दछ ?

राज्य-प्रणालीमा आमूल परिवर्तन नगरी माओवादी विद्रोहको सही व्यवस्थापन नहुने यथार्थ नागरिक समाज, राजनैतिक पार्टीहरू र हाल आएर सरकारले समेत स्वीकारी सकेको छ । यदि सबै इमान्दार भएर राज्य प्रणालीको पुनर्स्थापनामा लाग्ने हो भने प्रजातान्त्रिक शान्तिलाई नै अहिले सबैको साझा उद्देश्य बनाई काम गर्ने हो भने, यो देशको द्वन्द्व समाधन गर्न कुनै ठूलो कठिनाइ छैन । कठिनाइ त यहाँ देशप्रतिको इमान्दारितामा, शान्तिपूर्ण समाधानप्रतिको प्रतिबद्धतामा र सहमति कार्यान्वयनप्रतिको विश्वसनीयतामा छ । सामाजिक, धार्मिक, आर्थिक, सांस्कृतिक र राजनैतिक विसंगतिबाट उब्जिएको द्वन्द्वको समाधान सैनिक उपायद्वारा हुनसक्दैन । यदि द्वन्द्वको दिगो र प्रजातान्त्रिक समाधान खोज्ने हो भने तपसिलका समूहहरूले निम्न कामहरू गर्नुपर्दछ :

**१)** युद्धरत दुवै पक्षले जेनेभा महासन्धिको अक्षरशः पालना गर्ने, हिंसा-हत्या रोक्ने ।

**२)** यो सरकारले 'शान्ति स्थापना गर्ने' जिम्मेवारी पूरा गर्न र राष्ट्रिय सहमति जुटाउन असमर्थता जनाई राजीनामा दिएर निकासको लागि बाटो खोलिदिने ।

**३)** वर्तमान कठिनाइ फुकाउन जनता, राजनैतिक पार्टीहरू सबैले राजाबाट पहल हुनुपर्ने अपेक्षा राखेको सन्दर्भमा र सरकारसमेत मनोनीत रहेको अवस्थामा राजाले वर्तमान सरकार विघटन गरी आफ्नो अग्रसरता र सबै राजनैतिक पार्टीहरूको सहमति र समन्वयमा नयाँ सरकारको गठन गर्नुपर्दछ । दरवार र संसदीय पार्टीहरूको मतभिन्नताको कारण संसदीय पार्टीहरूको नेतृत्वमा सरकार बन्न नसक्ने हो भने पनि निकासको लागि सर्वोच्च अदालतका वरिष्ठ न्यायाधीशहरूबाट वा अन्य कुनै तटस्थ व्यक्तिको नेतृत्वमा राजनैतिक पार्टीले छनौट गरेका शान्तिप्रति प्रतिबद्ध व्यक्तिहरूसहितको अधिकारसम्पन्न सानो सरकार गठन गरी त्यो सरकारले वार्ताको वातावरण बनाएर, गोलमेच सम्मेलन गराई अर्को बन्ने अन्तरिम सरकारको कार्यक्षेत्र, जिम्मेवारी, समयावधि, कार्यविधि निर्धारण गरेर माओवादीसहितको सर्वाधिकार सम्पन्न सर्वदलीय अन्तरिम सरकारलाई सत्ता हस्तान्तरण गरिनुपर्दछ । त्यो सर्वदलीय सरकारले संविधान सभाको निर्वाचन वा अन्य कुनै



*ग्वाटेमालामा छापामारहरुसँग शान्ति संझौतापछि सन् १९९६ मा शान्तिको ज्योति बाल्दै राष्ट्रपति अल्भारो आर्जु*




*सन् १९९३ मा फिलिपिन्समा नेशनल यूनिफिकेशन कमिशनको नागरिक सुनुवाइ कार्यक्रम*

सर्वमान्य विधिबाट राज्य संरचनाको आमूल सुधार थाल्नुपर्दछ ।

**४)** देशमा दिगो शान्ति कायम गर्न माओवादी पनि गम्भीर देखिएन । आफैंले जनतासामु गरेको शान्तिप्रतिको प्रतिवद्धता गतः भदौमा पुनः उनीहरूले अनायाश तोडे । देशमा संविधानसभाको बारेमा र पक्षमा सार्थक र व्यापक बहस हुन लागेको समयमा सैनिकीय लाभ-हानिको आधारमा मात्र युद्धविराम भंग गरिएको छ । त्यसपछि उनीहरूले जसरी वीभत्स व्यक्तिहत्या र विकास निर्माणका पूर्वाधारहरू भत्काउन शुरू गरे, त्यसबाट माओवादीहरूले कार्तिक ३ गते सार्वजनिक गरेको पोलिट्ब्यूरोका निर्णयहरू कार्यान्वयनमा आउँछन् कि आउँदैनन् भन्ने शंका जनसमुदायमा पैदा भएको छ । यदि अब पनि यी निर्णयहरू कार्यान्वयन भएनन् भने त्यसबाट तीनवटा अर्थ लाग्न सक्ने छ : पहिलो, माओवादीहरू रणनीतिक रूपमै बारम्बार जनतालाई भुक्याउँछन् । दोस्रो, उनीहरूका तल्लो निकायका कार्यकर्ताहरू नेतृत्वको नियन्त्रणमा छैनन्- अराजकता बढेको छ, माओवादी भित्र । र, तेस्रो, माओवादीको नाममा अर्को ठूलो अराजक गिरोह पनि सक्रिय छ ।

माओवादीले युद्धविराम भंग गरेकोले राजनैतिक वातावरण बनाउन पनि पुनः युद्धविरामको घोषणा माओवादीले नै गर्नुपर्दछ ।

**५)** बहुदलीय प्रणालीमा राजनैतिक पार्टीहरूको भूमिका अत्यन्त महत्वपूर्ण भएकोले उनीहरूले देशमा दिगो र प्रजातान्त्रिक शान्ति स्थापनालाई नै प्रमुख उद्देश्य बनाई कार्य थाल्नुपर्दछ । संसदीय पार्टीहरूको १८ बुँदे कार्यक्रम, एमालेको ३५ बुँदे कार्यक्रम, संयुक्त वाममोर्चाको कार्यक्रम, ने.कां.को कार्यक्रम र माओवादी मागहरू, ७५ बुँदे कार्यक्रम र सरकारका प्रस्तावहरूलाई विश्लेषण गरी त्यसबाट परिमार्जन गरी आमूल सुधारको राष्ट्रिय एजेण्डा बनाई त्यसलाई सहमतिको आधार बनाइनुपर्दछ । र, यो कामको नेतृत्व संसदीय पार्टीहरूले लिनुपर्दछ । दक्षिण अफ्रिकामा यसैगरी सहमति खोजिएको थियो ।

**६)** विदेशी मित्रहरूले हाल नेपालमा खेलेको भूमिका द्वन्द्व समाधानको दृष्टिले उपयुक्त छैन । अमेरिकी राजदूतले पोखरा र इटहरी सैनिक प्रीतना मुख्यालयको हालै गरेको भ्रमणले कूटनैतिक मर्यादामाथि प्रश्नचिन्हमात्र खडा गरेको छैन, त्यसले नेपालको आन्तरिक सुरक्षा मामलामा अमेरिकाको ठाडो हस्तक्षेपको संकेतसमेत गरेको छ ।

**७)** पत्रकार र संचार जगतले द्वन्द्व बढाउन सहयोग पुऱ्याउने खालका सन्सनीपूर्ण खबरमा केन्द्रित हुनुभन्दा शान्ति स्थापनालाई सहयोग पुग्ने समाचार प्रवाह गर्नु अति आवश्यक छ ।

**८)** नागरिक समाजले पक्ष-विपक्षको वकालत गर्नुभन्दा सहमतिका विन्दुहरू पहिल्याउने र द्वन्द्वका सरोकारवाला सबैमाथि सकारात्मक दबाव सृजना गर्ने काम स्थानीयदेखि केन्द्रसम्म संचालन गर्नुपर्दछ ।

**९)** सबै शक्तिहरूले देशमा प्रजातान्त्रिक शान्ति चाहेको हो भने लचकता र इमान्दारिता देखाई, विगतका गल्ती कमजोरीबाट सिक्दै आरोप-प्रत्यारोपमा नअल्झिई राष्ट्रिय सहमति कायम गर्न सक्रिय रहनुपर्दछ । यदि जनताको सार्वभौमिकतालाई वास्तवमै स्वीकार्ने हो भने द्वन्द्व समाधानको उपायको रूपमा संविधान सभामा जानुपर्दछ । बरू सम्वैधानिक राजतन्त्रको सवालमा माओवादी र पुनर्परिभाषायुक्त आन्दोलनरत ५ राजनैतिक दललाई स्वीकार्य बाटो खोजिनुपर्दछ । यथार्थमा बहुदलीय प्रणालीको दिगो र व्यावहारिक विकल्प हालसम्म देखिएको छैन ।

संविधानसभामा जाँदा माओवादीले हतियार नबिसाउने, डर-त्रासबाट परिणाम आफ्नो पक्षमा पार्ने वा प्रतिकूल परिणाम आएमा नमान्ने शंकाहरू उठिरहेका छन् । यी शंकाहरूको सही सम्बोधन हुनुपर्दछ । यसको लागि संयुक्त राष्ट्र संघको संलग्नता नै उचित विकल्प हो । सं.रा.सं.को संलग्नता र अनुगमनमा निर्वाचन गर्ने चुनाव अवधिमा हतियारहरू उसको मातहतमा राख्ने र निष्पक्ष निर्वाचनको परिणाम नस्वीकारे हतियार फिर्ता नगर्ने सहमति गर्न सकिन्छ । यस्तोखाले समस्याको समाधान कम्बोडिया र नामिबियालगायत अन्य देशमा पनि भएको छ । त्यसैले, राष्ट्रिय सहमति कायम गरी सं.रा.सं.लाई आमन्त्रण गरिनुपर्दछ ।

अझै पनि हत्या-हिंसा, आरोप-प्रत्यारोप, आक्रमण-प्रत्याक्रमण कायमै राख्ने हो भने, सैनिकको यूनिफाइड कमाण्डले नै यो देशको द्वन्द्व समाधान गर्छ भन्ने भ्रममा रहिरहने हो भने, विगतका गल्ती-कमजोरी र अन्तर्राष्ट्रिय अनुभवबाट नसिकी दुवै पक्ष मुठभेडमा मात्र उत्रिरहने हो भने, द्वन्द्व समाधानका सबै संभाव्य उपायहरूलाई एकीकृत रूपमा उपयोग नगर्ने हो भने, आ-आफ्नै स्वार्थमा र हिनतावोधबाट ग्रसितमात्र भैरहने, राष्ट्रिय सहमति कायम गरी द्वन्द्वको प्रजातान्त्रिक समाधान नखोल्ने हो भने भोलि नेपाल विदेशीको नांगो खेल-मैदान बन्नेछ । त्यतिबेला यो देशका कुनै पनि शक्ति अहिले जसरी स्वतन्त्र रहने छैनन् ।

अहिले नेपाल संकटको गम्भीर विन्दुमा पुगेको छ । अहिले सबैले गम्भीर भएर यो समस्याको समाधान नगर्ने हो भने भोलि पछुताउनु सिवाय अन्य कुनै विकल्प बाँकी रहने छैनन् । ❑

(लेखक नेदरलैण्डबाट द्वन्द्व व्यवस्थापनमा विद्यावारिधि गरी जीविकोपार्जन, असुरक्षा, वातावरणीय असुरक्षा र हिंसात्मक द्वन्द्वको अन्तर्सम्बन्ध र तिनीहरुको व्यवस्थानसम्बन्धी दक्षिण एशियाली अनुसन्धानमा संलग्न छन् ।)

*फोटो स्रोत : Accord, 2002*

विजयादशमी तथा शुभ-दीपावली २०६० को उपलक्ष्यमा हाम्रा सम्पूर्ण ग्राहक वर्ग तथा देशवासीमा हार्दिक मंगलमय शुभकामना !

नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड
परिवार



# माओवादीको निर्णयले देखाएका संकेतहरू

कार्तिकको पहिलो हप्तामा प्रकाशित नेकपा माओवादीको पोलिट्ब्यूरोका निर्णयहरूसम्बन्धी अध्यक्ष प्रचण्डको वक्तव्यले गतिरोधग्रस्त नेपाली राजनीतिको पोखरीमा नयाँ तरंग सिर्जना गरेको छ । त्यो वक्तव्यले कबोल गरेको छ कि माओवादीद्वारा अबदेखि ग्रामीण क्षेत्रमा विभिन्न राजनीतिक दलका नेता र कार्यकर्तामाथि कुनै पनि किसिमको कार्यवाही गरिने छैन । सुराकीको काम गर्नेलाई समेत वैधानिक जनवादी तरीकाअनुसार मात्र कार्यवाही गरिनेछ तथा सम्बन्धित व्यक्ति र राजनीतिक दललाई त्यसनिम्ति सफाइको मौका दिइने छ । त्यो वक्तव्यले के पनि प्रतिज्ञा गरेको छ भने अबदेखि सिंगो ग्रामीण क्षेत्रमा दूरसंचारका टावरलगायतका विकास-निर्माणका भौतिक संरचनाहरू, खाली भएका ब्यारेक र प्रहरी चौकीहरू, गाविस भवनहरू र प्राकृतिक संपदाहरूमाथि सेबोटेज अर्थात् ध्वंशात्मक कार्यवाही गरिने छैन । बरू तिनीहरूको संरक्षण र सम्बर्द्धन गरिने छ अनि जनताको हितमा प्रयोग गरिनेछ । अबदेखि चन्दा संकलन जनसमुदायको हकमा स्वेच्छिक हुने छ । ठूला व्यापारी, उद्योगपति, यातायात व्यवसायीलगायतका व्यक्ति र संघ-संस्थाहरूका निम्ति निश्चित कर प्रणाली लागू गरिने छ । सेना र प्रहरीका निम्न तहका जवानहरूलाई घर बिदामा आएको बेला कुनै पनि किसिमको भौतिक कार्यवाही गरिने छैन, बरू जागीर छाड्न सम्झाइबुझाइ गरिने छ । अमेरिकी साम्राज्यवादबाट प्रत्यक्ष रूपमा संचालितबाहेक अरू एन.जि.ओ. र आइ.एन.जि.ओ.माथि कुनै पनि किसिमको आक्रमण गरिने छैन, बरू तिनीहरूसँग आवश्यक तालमेल र समझदारी मिलाइने छ ।

लागू गर्नसके यी कबोलहरू निकै राम्रा छन् । वास्तविक व्यवहारमा यी कबोलहरू साँच्चि नै कार्यान्वियन हुनसकेमा देशमा अनावश्यक हिंसा, वैमनश्य र ध्वंशको श्रृंखला एक हदसम्म रोकिन संभव छ । प्रतिगमनविरोधी अग्रगामी राजनीतिक शक्तिमा अहिले भइरहेको विभाजन अन्त्य हुने दिशातिर जान संभव छ । माओवादीकै सकारात्मक पहलका कारणले यी सब हुन संभव भएको स्थितिमा ऊ यो देशको सबैभन्दा लोकप्रिय राजनीतिक शक्ति हुन बेर छैन । अहिले केही समययताका अत्यन्त क्रूर, अमानवीय र विवेकहीन व्यवहारका कारणले एवं मित्रशक्ति र परिवर्तनकामी आम जनसमुदायलाई समेत बल प्रयोग र जोरजवर्जस्ती गरेर आतंकित पार्न खोज्ने काम-कार्यवाहीका कारणले माओवादीको छवि जनसमुदायमा जुन तीव्रताका साथ बिग्रँदैछ, त्यसलाई यसले धेरै हदसम्म सुधार्ने संभावना पनि राख्छ । तर अहिले धेरैलाई शंका छ र धेरैका मनमा प्रश्न छ- कुरा त ठीकै छ, तर के साँच्चि नै माओवादीले यी बाचा-कबोलहरूलाई व्यवहारमा अनुवाद गर्ने योग्यता र क्षमता पनि राख्छ ? के उसका भुइँतहका कार्यकर्ताहरू र संगठनहरू पूर्णतया उसको नियन्त्रणमा छन् ?

यी शंका र प्रश्नहरू के कारण उठ्दैछन् भने यस्ता केही बाचाहरू विगतमा पनि भएका थिए, तर ती राम्ररी कार्यान्वियन भएनन् । अनि अहिले पनि कबोल सार्वजनिक भएको हप्तादिन बितिसक्दा पनि घोषणा विपरीतका काम कार्यवाहीहरू यत्रतत्र भइरहेछन् ।

माओवादी नेतृत्वले जनसमुदायका यी जायज शंका र प्रश्नहरूलाई कुनै पनि तरहले निवारण र सम्बोधन गर्न सक्नुपर्दछ । यी कबोलहरूप्रति सकारात्मक हुँदै हामी आशा राखौं : यिनीहरूको पालना अवश्य हुनेछ । अन्यथा, यसको स्वाभाविक तात्पर्य हुनेछ- उसको नियन्त्रणमा उसका भुइँतहका कार्यकर्ता र संगठनहरू नै छैनन्, उसको बचनबद्धताको र ऊसित सहमतिको कुनै अर्थ छैन र केवल कार्यनीतिक चालबाजीका लागि मात्र यी कबोलहरू भएका हुन् भन्ने प्रतिगामी सरकारी प्रचारमा केही दम छ । परिणामतः यसले माओवादी नेतृत्वको नेतृत्व क्षमता, विश्वसनीयता र मोलतोल क्षमतामा ठूलो क्षय ल्याउन संभव छ ।

> संगठन र जुझारू युद्ध-संयन्त्र विस्तारका नाममा माओवादीहरूले यसबीच थुप्रै कुडा-करकटहरू मिहीन छानविन र परिष्कारविना आफूभित्र हुलेका छन् । यसरी हुलिनेहरूमा कतिपय तत्वहरू त सुस्पष्ट रूपमा गलत र चरम अवसरवादी तत्वहरूसमेत देखिन्छन् ।

## कार्यान्वयनको संभावना

माओवादीको वर्तमान संगठनात्मक संरचना र यसको विस्तारको प्रकृति नियाल्दा मोटामोटी रूपमा के अनुमान लगाउन सकिन्छ भने छिटो वा ढिलो उनीहरू ज्यादाजसो यो घोषणाको कार्यान्वियनमा आउनेछन्, किनकि यसको कार्यान्वियनसित उनीहरूको नेतृत्वको स्वामित्व, अस्तित्व र मोलतोल क्षमता गाँसिएको छ । तर सबै क्षेत्रमा यो घोषणाको पूर्णतः र अक्षरशः कार्यान्वियन भने संभव देखिँदैन । यो यस कारणले कि संगठन र जुझारू युद्ध-संयन्त्र विस्तारका नाममा माओवादीहरूले यसबीच थुप्रै कुडा-करकटहरू मिहीन छानविन र परिष्कारविना आफूभित्र हुलेका छन् । यसरी हुलिनेहरूमा कतिपय तत्वहरू त सुस्पष्ट रूपमा गलत र चरम अवसरवादी तत्वहरूसमेत देखिन्छन् । तिनीहरूको हातमा बन्दूक त थमाइएको छ, तर तिनीहरूको वैचारिक-सांस्कृतिक रूपान्तरणको सघन प्रक्रिया संगठनमा पर्याप्त मात्रामा देखिँदैन । माओवादीको वैचारिक-सांस्कृतिक प्रशिक्षण र परीक्षण संयन्त्रभन्दा युद्ध-संयन्त्रमा नयाँ मान्छेको भर्ती प्रक्रिया धान्न सक्नेभन्दा ज्यादा तीव्र र व्यापक देखिन्छ । यसको नतिजा के भएको छ भने स्थानीय रूपमा केन्द्रका नियन्त्रणबाहिरका थुप्रै स्वतन्त्र युद्ध-सरदारहरू पैदा भएका छन्, जोसित भिड्ने र ध्वंश गर्ने अपार क्षमता छ, तर राजनीतिक सुझबुझ ठ्याप्पै छैन । जोसित देश-विदेशको समग्र परिस्थिति र जनमतलाई मिहीन तरिकाले नियालेर, अन्तरविरोधको मूर्त स्थितिलाई सूक्ष्म तवरले विश्लेषण गरेर विरोधीको घेरो ज्यादै सानो पार्दै छनौटपूर्ण ढंगले सशस्त्र

आक्रामक कार्यवाही चलाउने राजनीतिक सामान्यज्ञान नै छैन, यस्ता नासमझ स्थानीय युद्ध-सरदारहरूले निश्चितै रूपमा माओवादी नेतृत्वको यो बाचा-कबोलको ठीकसँग कार्यान्वयन गर्ने कुनै संभावना देखिँदैन । अहिले जथाभावी ढंगले र केन्द्रको नीति विपरीत आक्रमण, अपहरण र ध्वंश, मित्रशक्तिका नेता-कार्यकर्ताको नृशंस हत्या तिनै तत्वहरूबाट भएको हो । ती तत्वहरूले माओवादी नेतृत्वको वर्तमान घोषणालाई पनि अवश्य लत्याउनेछन् ।

क्षेत्रगत रूपमा हेर्दा सुदूर र मध्यपश्चिम नेपालमा माओवादी नेतृत्वको यो घोषणाको कार्यान्वयन ज्यादा हुनसक्ने सम्भावना छ, किनकि त्यहाँ तुलनात्मक रूपमा उनीहरूको संगठन ज्यादा चुस्त र अनुशासित देखिन्छ, अनि जुझारू संयन्त्रको वैचारिक-सांस्कृतिक प्रशिक्षण पनि अन्तभन्दा ज्यादा घनीभूत देखिन्छ । यो घोषणाको ज्यादाजसो उल्लंघन मध्य र पूर्वी नेपालमा हुनसक्ने सम्भावना छ । किनकि त्यहाँ संगठन विस्तारका नाममा अन्तभन्दा ज्यादै होचपोचमा जथाभावी ढंगले काँचा मान्छेहरू संगठन र सेनामा हुल्ने काम भएका छन् । कतिपय ठाउँमा समाजका आपराधिक र प्रतिक्रियावादी तत्वहरूसमेत संगठन र सेनामा हुल्ने काम भएको छ । कसैसित व्यक्तिगत रिसइवी साध्नका लागि र माओवादी आक्रमणबाट बच्नका लागि माओवादी युद्ध-संयन्त्रभित्र पस्नेहरूसमेत देखिएका छन् ।

माओवादी अगुवाहरूले यस्ता गलत तत्वहरूलाई सख्ततापूर्वक दण्डित गर्नसक्नुपर्छ र संगठनबाट अलग्याउन सक्नुपर्छ । शुद्धीकरण अभियानले नै माओवादीका सही बाचाहरूको कार्यान्वयन सुनिश्चित गर्नेछ र संगठनप्रति जनताको विश्वास र भरोसा बढाउने छ । नत्र भने माओवादीलाई जनताबाट अलग्याउने र जनसमुदायमा बदनाम गर्ने काम तिनै गलत तत्वहरूले नियतपूर्वक गर्ने प्रबल संभावना छ ।

माओवादी नेतृत्वमा विगतमा भएका कतिपय हिंसात्मक आक्रमण र सफायाहरूमा आफ्ना कार्यकर्ताहरूबाट गल्ती भएको बोध हुन थालेको पाइन्छ । हालैको पोलिटब्यूरो बैठकमा अध्यक्ष प्रचण्डले प्रस्तुत गरेको 'वर्तमान परिस्थिति र हाम्रो ऐतिहासिक कार्यभार' शीर्षकको लिखित प्रस्तावमा यस्तो महत्वपूर्ण स्वीकारोक्ति भेटिएको छ : 'गत कालमा भएका कतिपय सफायाहरू, जस्तै भनेजति चन्दा नदिएकै कारण, बस्न र खान नदिएकै कारण, हाम्रो आन्दोलनको राजनीतिक विरोध गरेकै कारण, सुराकीको शंका लागेकै कारण अथवा स्थानीय टीमका सदस्यको रीसइवीका कारण सजिलै भएका छन् भन्ने आरोप हामीमाथि दुश्मन र अवसरवादीहरूले लगाएको फत्तुर भनेरमात्र बस्न सकिने स्थिति छैन ।' माओवादी अगुवाको यो स्वीकारोक्तिले माओवादी लडाकूहरूको न्यून वैचारिक-सांस्कृतिक स्तर र न्यून राजनीतिक चेतना स्तरलाई स्पष्टतः झल्काउँछ र यही न्यून स्तरका तिनीहरूबाट भएका हिंसाजन्य ज्यादतीहरूलाई यसले सकारेको पनि छ । यो सकारात्मक लक्षण हो र यसले माओवादीहरूले विगतमा गरेका गल्तीहरूलाई सच्याउलान् कि भन्ने आशा पैदा गरेको छ ।

त्यही प्रस्तावको अर्को ठाउँमा माओवादीका सर्वोच्च नेताले आफ्नो फौजी कार्यवाहीको आत्मसमीक्षा गर्दै यो पनि स्वीकारेको भेटिएको छ : 'स्वाभाविक रूपले आमजनताको अपेक्षा हामीबाट अझ बढी गम्भीरता र जिम्मेवारीबोधको प्रदर्शन होओस् भन्ने रहेको छ । तर, आज कतिपय सन्दर्भमा हाम्रा फौजी कार्यवाहीका कतिपय रूपहरूको प्रयोग भने आन्दोलनको विकासको स्तर, जिम्मेवारी र जनताको अपेक्षासँग मेल नखाने हुनपुगेका छन् । यदि समय छँदै फौजी कार्यवाहीका रूपहरूको प्रयोगमा परिमार्जन गर्न सकिएन भने अन्ततः त्यसले नकारात्मक परिणामहरूलाई जन्म दिन सक्नेछ ।' यो स्वीकारोक्तिले दिने संकेत के हो भने माओवादी अगुवाहरूलाई आफ्ना कतिपय फौजी कार्यवाहीहरू बेठीक भएका छन् र तिनले जनतामा नकारात्मक असर पैदा गरेका छन् भन्ने महसूस भएको छ । यो अनुभूतिका आधारमा भन्न सकिन्छ- पोलिटब्यूरोका हालैका बाचा कबोलहरू पूरा गर्न कमसेकम नेतृत्व तहबाट प्रयत्न हुने तर

अबको माओवादीको नयाँ रणनीति के हुने देखिन्छ भने उनीहरु आफ्नो प्रभावका सबै क्षेत्रमा जिम्मेवार नयाँ शासकको रुपमा व्यवहार गर्न खोज्नेछन्

तलका भुँइतहका अराजक र बेठीक तत्वहरूका व्यवहारसित त्यो प्रयत्नको आम्नेसाम्ने अन्तरविरोध र भिडन्त हुनेछ ।

## कबोलहरूको उत्पत्ति स्रोत

हालैको पोलिटब्यूरो बैठकले जुन नयाँ नीतिको घोषणा गरेको छ, त्यसका कारण र सन्दर्भ के हो भन्ने सम्बन्धमा माओवादी नेतृत्वले दुईवटा कारक पक्षको उल्लेख गरेको छ : एउटा, गत भाद्रको दोस्रो सातामा युद्धविराम भंगयता उनीहरूले देशव्यापी गरेका विकेन्द्रित फौजी कार्यवाहीहरूले 'पहाडमा मात्र होइन, मधेशको समतल इलाकासमेत... देशको सम्पूर्ण ग्रामीण क्षेत्रमा पुरानो सत्ता मूलतः ध्वंश' हुनु तथा 'त्यस प्रकारका सबै क्षेत्र पार्टीको नेतृत्व र प्रभावमा' आउनु । अर्को, हालै माओवादीबाट भइरहेका कतिपय फौजी कार्यवाहीहरू 'आन्दोलनको विकासको स्तर, जिम्मेवारी र जनताको अपेक्षासँग मेल नखाने' हुनपुग्नु र 'समय छँदै फौजी कार्यवाहीका रूपहरूको प्रयोगमा परिमार्जन गर्न सकिएन भने अन्ततः त्यसले नकारात्मक परिणामहरूलाई जन्म दिनसक्ने' सम्भावना पैदा हुनु । यिनै दुई मुख्य कारणहरू र सन्दर्भले गर्दा यी नयाँ नीतिहरू घोषणा गर्नुपरेको भन्ने माओवादी नेतृत्वको भनाइ छ । यथार्थमा अघिल्लोभन्दा पछिल्लो कारणले यी नयाँ नीतिहरूको घोषणा गर्नुपरेको हुनसक्छ ।

युद्धविराम भंग भएयताका माओवादीका व्यक्तिहत्याजन्य फौजी कार्यवाहीहरू ज्यादै वीभत्स र अमानवीय रहिआएका थिए । यतिबेला जुन शक्तिहरूसित मिलेर जानुपर्ने हो, तिनैका नेता-कार्यकर्ताको हत्या, शारीरिक आक्रमण र अपहरण गरिनुले यस्तो सन्देश दिइरहेको थियो : या त माओवादीलाई नेपाली लोकतन्त्रको हालको मुख्य दुश्मनलाई एक्ल्याउने र परास्त गर्ने कुरामा कुनै चाख छैन, या उसका कार्यकर्ताहरूमा अलिकता पनि राजनीतिक समझदारी र सामान्यज्ञान छैन वा तिनीहरू केन्द्रको नियन्त्रणमा छैनन् । बिजुली, टेलिफोन, स्वास्थ्य चौकी, हुलाकजस्ता ग्रामीण क्षेत्रका विकास-निर्माणका पूर्वाधारहरूलाई भटाभट् विनासोचविचार ध्वंश गर्नुबाट उत्तिकै पछौटे ग्रामीण क्षेत्रका जनतामा तिनीहरूप्रति आक्रोश र चिढ्चिडाहट पैदा भइरहेको स्थिति थियो । अनि सर्वसाधारण जनताको पंक्तिमा समेत जबर्जस्ती चलाइएको चन्दा-आतंकले मानिसहरूलाई आफ्नो कार्यक्षेत्र वा इलाकामा बस्नु न भाग्नुको स्थिति सिर्जना गरिरहेको थियो । यी सबै काम कार्यवाहीहरूले माओवादीप्रतिको जनसमर्थन र जनसहानुभूति यति चर्को गतिमा समाप्त पार्दै लगिरहेका थियो, जति विगत ७ वर्षमा थिएन । वास्तवमा देश-विदेशका प्रतिक्रियावादी शासक वर्गले माओवादीमाथि निर्णायक दमनको निम्ति चाहेको राजनीतिक एक्लोपनको परिस्थिति माओवादीका आफ्नै गतिविधिले सिर्जना गरिरहेका थिए । जनतामा माओवादीको फासीवादी छवि सिर्जना भइरहेको थियो ।

अहिले माओवादी नेतृत्वबाट जुन नयाँ नीतिको घोषणा भएको छ, त्यो वास्तवमा ती मूलतः गत दुई महिनामा भएका अतिशय ज्यादतीहरूबाट पैदा भएका व्यापक जनअसन्तोष र जनआक्रोशलाई तथा परिणामतः राजनीतिक एक्लोपनलाई सम्बोधन गर्ने प्रयत्न हुन् ।

यसले के संकेत गरेको छ भने माओवादी नेतृत्वमा अरू सबै राजनीतिक शक्तिमा झैं जनदवाबको असर उल्लेख्य मात्रामा पर्ने गर्दछ । नागरिक समाजको आवाज माओवादीले सुन्ने गर्छ भन्ने कुराको यो दरिलो प्रमाण हो । यो जगजाहेर छ, कुनै पनि आतंकवादी समूहमा जनदवाब र नागरिक समाजको आवाजप्रति यस्तो सम्वेदनशीलता हुने गर्दैन ।

## अबको रणनीति र गन्तव्य

अहिलेको नीतिगत परिवर्तनले माओवादीले लिन खोजेको नयाँ रणनीति र गन्तव्यतर्फ संकेत गरेको छ । अबको माओवादीको नयाँ रणनीति के हुने देखिन्छ भने उनीहरू आफ्नो प्रभावका सबै क्षेत्रमा जिम्मेवार नयाँ शासकको रूपमा व्यवहार गर्न खोज्नेछन् । उनीहरू अब स्कूल, अस्पताल, हुलाक, गाविस भवन, बिजुली, टेलिफोन र अन्य आर्थिक प्रतिष्ठानको ध्वंश होइन, संरक्षण र सम्बर्द्धन गर्ने भूमिकामा हुनेछन् । "विकास निर्माणका कामलाई नयाँ ढंगले अगाडि बढाउन" खोज्ने भूमिकामा हुनेछन् भन्नुको तात्पर्य यही हो ।



**माओवादीले अब वार्ता राज्यसित होइन, आन्दोलनरत राजनीतिक दलहरुसित गर्नु जरुरी भएको छ**

यो बिल्कुलै नौलो कुरा हो, अहिलेको माओवादीको पार्टी र युद्ध-संयन्त्रबाट यस्तो गर्न धेरै गाह्रो छ । तथापि, यो स्वागतयोग्य कुरा भने अवश्य हो । यो घुमाउरो रूपमा आफ्ना गैर-अनुशासित, अराजक र हतियारको घमण्डले फुलेका अटेरी कार्यकर्ताहरूलाई नयाँ शासकको गौरव अनुभूति गराउँदै आफूले खोजेको दिशामा रूपान्तरित गर्न खोज्ने प्रयत्न पनि हो ।

यही परिप्रेक्ष्यमा माओवादीले अब आफ्नो प्रभाव र प्रभुत्वको क्षेत्रमा अन्य राजनीतिक दलहरूप्रतिको आफ्नो व्यवहारमा पनि परिवर्तन गर्न खोजेको आभास पाइन्छ । "विभिन्न राजनीतिक दलका नेता एवं कार्यकर्तामाथि राजनीतिक आस्थाकै कारण कुनै पनि किसिमको कार्यवाही नगर्ने" बचनबद्धता साँच्चै नै व्यवहारमा पालना भयो भने यसले माओवादी र अन्य आन्दोलनरत राजनीतिक दलहरूबीचको हालको विश्वासको चरम संकट समाधान गर्न र सहकार्यको निम्ति परिस्थिति तयार गर्न निर्णायक भूमिका खेल्नसक्छ । यस्तो प्रतीत हुन्छ- माओवादी नेतृत्वले प्रस्तुत गरेको नयाँ नीति पार्टीहरूसित बिग्रेको सम्बन्ध सुधार्नेतर्फ लक्षित छ ।

तर त्यसका निम्ति माओवादीको यति नै नीति मात्र पर्याप्त देखिन्न । माओवादीले आफ्नो प्रभुत्वको वा प्रभावका सबै क्षेत्रमा प्रतिगमनविरोधी सबै राजनीतिक दलहरूलाई राजनीतिक चलखेल र गतिविधि गर्न दिनु पनि उत्तिकै आवश्यक छ । माओवादीले अब वार्ता, युद्धविराम र आचारसंहिता दमनरत राज्यसित होइन, सर्वप्रथम आन्दोलनरत राजनीतिक दलहरूसित गर्नु जरूरी भएको छ । माओवादीले केन्द्रीय समितिबाट पारित आफ्नो पछिल्लो राजनीतिक दस्तावेजमा अब आफ्नो सत्ता स्थापित भएमा उसले २१ औं शताब्दीको जनवाद अभ्यास गर्ने कुरा गरेको छ, जहाँ अन्य राजनीतिक दलहरूलाई चीनमा झैं केवल कृपा गर्ने होइन, प्रतिस्पर्धा नै गर्ने स्वतन्त्रतासमेत हुनेछ : त्यहाँ आमजनतालाई सत्तारूढ राजनीतिक दलमाथि निगरानी र नियन्त्रण गर्ने स्वतन्त्रतासमेत हुनेछ । जनताको प्रभुसत्ता र जनवादसम्बन्धी माओवादीको यो नयाँ अवधारणा ज्यादै राम्रो कुरा हो । तर खोइ त माओवादी स्वयंले आफ्नो सत्ता कायम भएको क्षेत्रमा वा प्रभुत्वको क्षेत्रमा यो सुन्दर अवधारणालाई व्यवहारमा लागू गरेको ? सिद्धान्त एउटा, व्यवहारमा अर्को, यो त अन्तरविरोधी कुरा भयो । यस्तो भान हुन्छ- माओवादीलाई अहिले पनि अन्य राजनीतिक दलहरूलाई आफ्नो प्रभुत्वको क्षेत्रमा चलखेल गर्न दिइएमा आफ्नो राजनीति, विचार, चरित्रको उच्चताद्वारा जित्न सक्छु भन्ने आत्मविश्वास अझै पनि पैदा भएको छैन ।

माओवादीको हालैको पोलिट्ब्यूरो बैठकले ग्रामीण क्षेत्रमा अब 'जातीय र क्षेत्रीय स्वायत्त जनसरकार घोषणा गर्ने' र 'जनससत्तालाई औपचारिक र वैधानिक रूपले अगाडि बढाउने' नीति अघि सारेको छ । तर यो सरकारको स्वरूप र विशेषता पहिलेको घोषित जनसरकारभन्दा के कति कुरामा भिन्न हुनेछ, केही स्पष्ट पारिएको छैन । उसले अब संयुक्त राष्ट्र संघलगायत विश्वका सबै देशहरूसँग 'पुरानो सामन्ती सत्तालाई होइन', माओवादीको 'नयाँ जनसत्ता'लाई मान्यता दिन अपील गर्ने र त्यसका निम्ति औपचारिक पत्र लेखेर पहल गर्नेसमेत जनाएको छ । यो नीति-निर्णय समयभन्दा पहिलेको अपरिपक्व निर्णय भयो कि भन्ने लाग्दछ । माओवादी पोलिट्ब्यूरो बैठकले आफ्नो अहिलेसम्मको फौजी कार्यवाहीको समीक्षा गर्दै नयाँ फौजी योजना पनि अघि सारेको छ । बैठकको भनाइ छ- 'रणनीतिक प्रत्याक्रमण तथा आमविद्रोहको तयारीअन्तर्गत' नै अहिले फौजी रणनीतिक योजना कार्यान्वियनको प्रक्रियामा छ, त्यस योजनाअन्तर्गत हालै 'नयाँ पहलको प्रारम्भिक चरण' पूरा भएको छ । यो चरणअन्तर्गत देशव्यापी रूपमा 'विकेन्द्रित कार्यवाही' गर्ने ग्रामीण इलाकामा साना-ठूला 'एम्बुस' तथा शहरी तथा मधेश क्षेत्रमा साना-ठूला 'रेड र कमाण्डो आक्रमण' गर्ने, 'साना ठूला सेबोटेज'द्वारा 'दुश्मन'लाई क्षति पुऱ्याउने र उसको गति अवरूद्ध गर्ने कुरामा जोड थियो । माओवादी नेतृत्वको दावी छ- 'यो योजनाको यो भाग पूर्ण रूपमा सफल भएको छ ।' खालि कुसुममा मात्र उसले क्षति बेहोर्नु परेको स्वीकारोक्ति छ । उता रोल्पाको हाण्डिङ्ग र कोर्चाबाङ्गमा भने उल्लेख्य मोर्चाबद्ध मुठभेड भएको उसको दावी छ ।

अबको नयाँ चरणअन्तर्गत नयाँ स्थितिमा पहिलो चरणका विकेन्द्रित कार्यवाहीहरूलाई निरन्तरता दिँदै अब 'केन्द्रित ठूला कार्यवाहीहरू संगठित गर्ने' माओवादीको फौजी योजना रहेको छ, 'जसले रणनीतिक प्रत्याक्रमण र विद्रोहको तयारीमा गुणात्मक भूमिका खेल्न सकोस् ।'

आम जनताको पुनः शान्तिवार्ता होस् भन्ने चाहना छ, तर माओवादीको पोलिट्ब्यूरोको हालैको बैठकले देखाएको छ- तुरुन्तै यही सरकारसित वार्ता हुने कुनै सम्भावना छैन ।

❑ श्याम श्रेष्ठ

## ■ पाठकको कुरो

### सर्प, बिच्छी र भ्यागुताको चाल

'जुनसुकै पक्षबाट भएको किन नहोस्, व्यक्तिहत्याको बाटो अत्यन्त गलत बाटो हो । त्यो बाटोले प्रतिशोधात्मक हत्या-हिंसाको अन्तहीन सिलसिलामात्र सिर्जना गर्छ, यसले जनसंघर्षको विकास गर्दैन र संकटको राजनीतिक निकास पनि निकाल्दैन ।' 'मूल्यांकन' १११ मा उल्लिखित 'हाम्रो मूल्यांकन'भित्रका यस्ता सार्वकालिक र सार्वजनिक सरोकारसँग सम्बन्धित अमर विचारहरू निक्कै मननीय छन् । अझ हाम्रो देशको भयावह वर्तमान अवस्थाको सन्दर्भमा त सरकार एवं विद्रोही पक्ष दुवैका लागि यस्ता भनाइहरू महामन्त्र नै ठहरिन्छन् । तर 'विनाशकाले विपरीत बुद्धि' भनेझैं सबैको मतिभ्रष्ट भएको देख्दाचाहिँ अचम्मै लागेर आउँछ ।

आवरण कथाअन्तर्गत सरकार-माओवादी वार्ताको सन्दर्भलाई लिएर गरिएको चिरफारले सबै पक्षलाई नंग्याएको छ । वास्तवमा डा. देवेन्द्रराज पाण्डेले भनेझैं लोकसम्मतिको आधारमा राज्य गर्छु भन्नेले लोकसम्मति बुझ्न किन डराउनु ? समय नै सबभन्दा शक्तिशाली हुने हुँदा योभन्दा अगाडि त कोही पनि बढ्न सक्तैन, न त कसैले यसको मागलाई नै बेवास्ता गर्नसक्छ । त्यसैले 'नेपाली समाजमा अहिले जे-जति समस्या उत्पन्न भएका छन्, ती राजसंस्थाकै कारणले भएका छन् ।' भन्ने कृष्णबहादुर महराको कथन पनि उतिविघ्न उत्ताउलो लाग्दैन । अन्तर्वार्तामा माओवादी अध्यक्ष प्रचण्डको उत्तर पनि चित्तबुझ्दो नै देखिन्छ । सरकारी मान्छेको हैसियतले डा. लोहनीका भनाइहरू पनि स्वाभाविकै हुन् ।

यसरी विचार गर्दा राजा, संसद्वादी दल र माओवादीको स्थिति अहिले सर्प देखेर भ्यागुता, भ्यागुता देखेर बिच्छी र बिच्छी देखेर सर्प डराएझैं भइरहेको छ । यी तीनवटै पक्षको परस्पर शक्ति प्रदर्शन, हठ र अविश्वासकै कारण देश र जनताको यो दुर्गति भइरहेछ । यहाँनेर दृष्टिकोण स्तम्भमा अमर गिरीद्वारा प्रस्तुत विचार पनि स्मरणीय छ । हेर्दै जाऔं, कसको बुद्धि कहिले पलाउने हो !

– इन्द्रकुमार श्रेष्ठ
*कमलाकुञ्ज, ओखलढुंगा ।*

### स्वीडेन र जापानको राजसंस्था

गतांकमा स्वीडेन र जापानको राजतन्त्रबारे जान्न पाइयो । ती देशका सुधारप्रेमी र प्रजातन्त्रवादी राजतन्त्रबाट हाम्रो देशले सिक्नैपर्छ । यस्तो राजतन्त्र बनाउने गरी संविधानसभामा जानु नै आजको सही विकल्प हो ।


दशैंको लागि माओवादीले युद्धविराम गर्दा त्यसलाई सरकार र पार्टीहरूले राम्रो स्वागत गर्नुपर्थ्यो । यसले उनीहरूको 'शान्तिप्रेम'बारे प्रश्नचिन्ह पैदाभएको छ ।

-विष्णुबहादुर श्रेष्ठ, *नयाँबजार, कीर्तिपुर ।*

### काइदाका कविता र कथा

दशैं अंकमा 'मूल्यांकन'ले प्रस्तुत गरेका रमेश विकल र गोठालेका कथाहरू र भूपी शेरचन अनि मोहन कोइरालाका कविताहरू साँच्चै राम्रा लागे । छनौटकर्ताहरूलाई पनि धन्यवाद ! यस्ता अमूल्य साहित्य-रचनाहरू बेला बेलामा पस्कने गर्नु हुन अनुरोध गर्छौं ।

**– सुरज विष्ट र भानु ज्ञवाली**
*गीतानगर, चितवन ।*


FEEL THE RHYTHM
Wherever you are
TUBORG
BEER
AANL/GBPL-2001

MULYANKAN
A magazine for Thought-Interaction
ल प जि प्र का द नं ९९/०४९/५८ म क्षे.हु द न १२ ०५० ५१

